# सबैला नगरपालिका
# दश बर्से नगर शिक्षा योजना
# (२०८२- २०९२)

**सबैला नगरपालिका**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**सबैला, धनुषा**

**मधेस प्रदेश**

**नेपाल**

प्रकाशकः सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

©सर्वाधिकारः प्रकाशकमा निहित

प्रथम संस्करणः २०८२

सम्पर्कका लागिः सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेस प्रदेश, नेपाल

प्राविधिक सल्लाहकारः समर्थ परियोजना

ई-मेलःsabailamun@gmail.com

website: www.sabailamun.gov.np

सबैला नगरपालिकाको लिखित स्वीकृतिविना यसको पुरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन, सो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारबाही गरिनेछ।

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३
☎ ०४१-४०१०८१
Email : sabailamun@gmail.com

## शुभकामना

नेपालको संविधानअनुसार सङ्घीय लोकतान्त्रिक शासन प्रणाली कार्यान्वयनमा आएसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू सञ्चालनमा आएका छन् । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रसमेतमा महत्वपूर्ण अधिकार प्रदान गरेको छ। सोही संवैधानिक अधिकारको अभ्यास गर्दै सबैला  नगरपालिकाले शिक्षा क्षेत्रमा विभिन्न नीतिगत सुधार, योजना तथा कार्यान्वयन प्रक्रियाहरू अघि बढाउँदै आएको छ।

संविधानले सुनिश्चित गरेका शिक्षासम्बन्धी हक तथा अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि सबैला नगरपालिकाले समयानुकूल नीतिगत सुधारहरू आत्मसात गर्दै शिक्षा क्षेत्रको समग्र विकासमा क्रियाशील भूमिका निर्वाह गरिरहेको छ। यसै सन्दर्भमा, आगामी दश वर्षभित्र नगरपालिकाको शिक्षा क्षेत्रलाई थप समृद्ध, समावेशी र गुणस्तरीय बनाउने उद्देश्यका साथ सबैला  नगरपालिकाले **सबैला नगरपालिका शिक्षा योजना (२०८२ – २०९२)**' तयार पारेको छ ।

नगरपालिका यस **नगरपालिका शिक्षा योजना (२०८२ – २०९२)** लाई प्रभावकारी, पारदर्शी तथा दिगो रूपमा कार्यान्वयन गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको छ । यस योजनामा समेटिएका नीति, कार्यक्रम तथा रणनीतिहरूलाई नगरपालिकाको वार्षिक योजना तथा बजेटसँग एकीकृत गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

यस योजनाको कार्यान्वयनका लागि दीर्घकालीन लगानी सुनिश्चित गर्दै आवश्यक वित्तीय स्रोतको परिचालन, स्थानीय स्रोतसाधनको अधिकतम उपयोग तथा वैकल्पिक स्रोतको खोजीमार्फत योजनाका लक्ष्यहरू हासिल गर्न दृढ प्रतिबद्ध रहेको छ । यस शिक्षा योजनाको सफल कार्यान्वयनबाट नगरपालिकाभित्र गुणस्तरीय, समावेशी तथा समानतामूलक शिक्षा प्रणाली विकास हुने विश्वास लिइएको छ ।

यस योजना निर्माण प्रक्रियामा अमूल्य सुझाव, सल्लाह तथा प्रेरणा प्रदान गर्नुहुने सबैला  नगरपालिकाका नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा शाखा प्रमुखज्यू तथा नगरपालिका शिक्षा योजना निर्माण तथा लेखन समितिका सम्पूर्ण पदाधिकारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं । साथै, योजना लेखन कार्यको प्रारम्भदेखि अन्तिम रूपसम्म निरन्तर सक्रिय भूमिका निर्वाह गर्नुहुने समर्थ परियोजना र परियोजनाका वरिष्ट प्राविधिक अधिकृत भोजसिंह खड्का लगायत सरोकारवाला निकायहरू तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण व्यक्तित्वहरूप्रति गहिरो आभार प्रकट गर्दछौं ।

कारीराम यादव
नगरप्रमुख

काशीराम यादव
नगर प्रमुख

# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं. : २०८२/०८३
च.नं. :

सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

E-mail: sabailamun@gmail.com


## कृतज्ञता

धनुषा जिल्लाको पूर्व उत्तरमा अवस्थित सबैला नगरपालिका विभिन्न जातजाति, धर्म, वर्ग, समुदाय र पेसागत समूहहरुको विविधता विद्यमान रहेको नगरपालिका हो । यहाँको शैक्षिक क्षेत्रमा पनि सोही अनुरुप बहुआयामिक अवस्था विद्यमान छ । यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय शिक्षा क्षेत्र कार्यक्रम तथा प्रचलित ऐन कानुनको कार्यान्वयन गर्दै स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणबद्ध छलफल र परामर्शका आधारमा सबैला नगरपालिकाको दश बर्से नगर शिक्षा योजना २०८२-२०९२ तयार गरिएको हो । यो योजना नगरपालिकाको समग्र शैक्षिक विकासका लागि एक महत्त्वपूर्ण कोशेढुङ्गाका रूपमा स्थापित हुने विश्वास लिएको छु। यस महत्त्वपूर्ण दस्तावेजको प्रकाशनको अवसरमा सम्पूर्णमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

नगरपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्ग र समुदायको समान पहुँच सुनिश्चित गर्दै दक्ष, सृजनशील र सकारात्मक सोच भएका जनशक्ति उत्पादन गर्ने उद्देश्यले यो योजना निर्माण गरिएको हो । नगरपालिकाको बहुपहिचानलाई आत्मसात गर्दै वर्तमान शैक्षिक अवस्थाको गहिरो विश्लेषणसहित तयार गरिएको यस योजनाको निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू, दश बर्से शिक्षा योजना निर्माण तथा अद्यावधिकमा सहयोग पुऱ्याउनुहुने सहयोगी संस्थाहरु, शिक्षा, युवा तथा खेलकुद शाखा, योजना निर्माणका क्रममा अमुल्य सुझाव दिनुहुने स्थानीय शिक्षाविद् तथा विज्ञ टोली साथै अनुसन्धान, लेखन तथा परिमार्जन कार्यमा संलग्न विज्ञ संस्था, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सम्पूर्ण सरोकारवाला महानुभावहरुप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, यस योजनाले सबैला नगरपालिकाको समग्र शैक्षिक विकासमा दीर्घकालीन र सकारात्मक प्रभाव पार्नेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दै यसको प्रभावकारी, पारदर्शी र दिगो कार्यान्वयनका लागि प्रतिबद्धता र शुभकामना व्यक्त गर्दछु ।

८२/०३/०४

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल
☎ ०४१-४०१०८१
Email : sabailamun@gmail.com

## हाम्रो भनाइ

सबैला नगरपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक तथा जातीय विविधतायुक्त पहिचान र सम्भावनाले भरिपूर्ण क्षेत्र हो। नगरपालिकाको भूगोल, हावापानी, प्राकृतिक स्रोत–साधन, सामाजिक, सांस्कृतिक, आर्थिक तथा ऐतिहासिक सम्पदाको पहिचान, संरक्षण, संवर्द्धन र पूर्ण उपयोग गर्ने नीति नगरपालिकाले अवलम्बन गरेको छ। शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई आर्थिक समृद्धिसँग जोड्दै सुन्दर, सभ्य र समृद्ध सबैला निर्माणमा योगदान पुऱ्याउने उद्देश्यका साथ यो दश वर्षे नगर शिक्षा योजना तयार गरिएको हो।

राष्ट्रिय स्तरमा निर्माण भएका योजनाले सबै स्थानीय आवश्यकता, चासो, सरोकार तथा भौगोलिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक विशिष्टतालाई पूर्ण रूपमा समेट्न नसक्ने यथार्थलाई आत्मसात गर्दै, स्थानीय ज्ञान, सिप, पेशा, व्यवसाय र प्रविधिको संरक्षण तथा संवर्द्धन, स्थानीय स्रोत–साधनको अधिकतम परिचालन, वातावरण तथा जैविक विविधताप्रति जागरूकता र स्थानीय संस्कृति तथा कलाकौशलप्रति सम्मान अभिवृद्धि गर्ने लक्ष्यसहित यो योजना कार्यान्वयनमा ल्याइएको छ। यस योजनामार्फत सिकाइअनुकूल वातावरण निर्माण गर्दै विद्यार्थीहरूलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउने ध्येय लिइएको छ।

योजनाको प्रभावकारी कार्यान्वयनबाट मात्र निर्धारित उद्देश्य र अपेक्षित परिणाम हासिल गर्न सकिने हुँदा शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, जनप्रतिनिधि तथा अन्य सरोकारवाला पक्षको सक्रिय सहभागिता अपरिहार्य छ। शिक्षकहरूले शिक्षण–सिकाइ प्रक्रियामा नवीन विधि र शैली अपनाई विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्नेछ। बालमैत्री सिकाइ वातावरण, विपद्–उत्थानशील भौतिक संरचना, पर्याप्त वित्तीय व्यवस्थापन तथा मानव पूँजी विकासमा यो योजना उपयोगी हुने विश्वास सबैला नगरपालिका व्यक्त गर्दछ।

यो दश वर्षे नगर शिक्षा योजना योजना निर्माण समिति तथा उपसमिति गठन, विज्ञहरूसँग परामर्श, स्थानीय सरोकारवालाबाट सुझाव सङ्कलन, तथा प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ–संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया गरी निर्धारित चरणहरू पूरा गर्दै तयार गरिएको हो। यस प्रक्रियामा सक्रिय योगदान पुऱ्याउनु हुने सबै जनप्रतिनिधि, समिति सदस्य, शिक्षाप्रेमी, समाजसेवी तथा प्रबुद्ध व्यक्तित्वहरूप्रति सबैला नगरपालिका हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ।

अन्त्यमा, यस नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा निरन्तर सुधारका लागि शिक्षक समुदायसहित सम्पूर्ण सरोकारवाला पक्षबाट रचनात्मक सुझाव, सल्लाह र सहयोगको अपेक्षा गरिएको छ।

युवराज काफ्ले
शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख तथा मस्यौदा लेखन उप समिति संयोजक

युवराज काफ्ले
शिक्षा अधिकृत

# विषयसूची


१. विषय प्रवेश तथा योजना निर्माणका आधारहरू ........ १

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ २

परिच्छेद एकः परिचय ........ ३

१.१ पृष्ठभूमि ........ ३
१.२ नगरपालिकाको परिचय ........ ३
१. ३ नगरपालिकाको सामाजिक, साँस्कृतिक, आर्थिक तथा जनसाङ्ख्यिक अवस्था ........ ४
१.४ नगरपालिकाको साक्षरता तथा शैक्षिक अवस्था ........ ५
१.५ नगरपालिकाको शैक्षिक सूचकगत अवस्था तथा तुलनात्मक विश्लेषण ........ ६
१.६ नगरपालिकाको शैक्षिक मुद्दा, समस्या, चुनौती र अवसरहरू ........ १०
१.६.१ मुद्दाहरू ........ १०
१.६.२ समस्याहरू ........ १०
१.६.३ चुनौतीहरू ........ ११
१.६.४ अवसरहरू ........ ११

परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ १३

२.१ दूरदृष्टि ........ १३
२.२ ध्येय ........ १३
२.३ लक्ष्य ........ १३
२.४ उद्देश्यहरू र रणनीतिहरू ........ १३
२.५ अपेक्षित उपलब्धि ........ १५
२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ १६

परिच्छेद तीन : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू ........ १९

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ १९
३.१.१ परिचय ........ १९
३.१.२ वर्तमान अवस्था ........ १९
३.१.३ प्रमुख समस्याहरू ........ १९
३.१.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ १९
३.१.५ उपलब्धि र नतिजा ........ २०
३.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ २१
३.१.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ २२

३.२ आधारभूत शिक्षा ........ २३
३.२.१ परिचय ........ २३
३.२.२ वर्तमान अवस्था ........ २३
३.२.३ प्रमुख समस्याहरू ........ २३
३.१.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ २४
३.२.५ उपलब्धि र नतिजा ........ २७

३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ २८
३.२.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ३०
३.३ माध्यमिक शिक्षा ........ ३१
३.३.१ परिचय ........ ३१
३.३.२ वर्तमान अवस्था ........ ३२
३.३.३ प्रमुख समस्याहरू ........ ३२
३.३.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ३२
३.३.५ उपलब्धि र नतिजा ........ ३३
३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ३४
३.३.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ३५
३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ ३६
३.४.१ परिचय ........ ३६
३.४.२ वर्तमान अवस्था ........ ३६
३.४.३ प्रमुख समस्याहरू ........ ३७
३.४.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ३७
३.४.५ उपलब्धि तथा नतिजा ........ ३८
३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ३८
३.४.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ३९
परिच्छेद चार: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ४१
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ४१
४.१.१ परिचय ........ ४१
४.१.२ वर्तमान अवस्था ........ ४१
४.१.३ प्रमुख समस्याहरू ........ ४१
४.१.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ४२
४.१.५ उपलब्धि र नतिजा ........ ४२
४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ४३
४.१.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ४३
४.२ शिक्षक व्यवस्थापन तथा विकास ........ ४४
४.२.१ परिचय ........ ४४
४.२.२ वर्तमान अवस्था ........ ४४
४.२.३ प्रमुख समस्याहरू ........ ४४
४.२.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ४५
४.२.५ उपलब्धि र नतिजा ........ ४५

४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ४६

४.२.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ४७

४.३ शैक्षिक समता र समावेशीकरण ........ ४७

४.३.१ परिचय ........ ४७

४.३.२ वर्तमान अवस्था ........ ४८

४.३.३ प्रमुख समस्याहरू ........ ४८

४.३.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ४८

४.३.५ उपलब्धि र नतिजा ........ ४९

४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५०

४.३.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ५०

४.४ विद्यालय दिवाखाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम ........ ५१

४.४.१ परिचय ........ ५१

४.४.२ वर्तमान अवस्था ........ ५१

४.४.३ प्रमुख समस्याहरू ........ ५२

४.४.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ५२

४.४.५ उपलब्धि र नतिजा ........ ५३

४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५३

४.४.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ५४

४.५ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ........ ५५

४.५.१ परिचय ........ ५५

४.५.२ वर्तमान अवस्था ........ ५५

४.५.३ प्रमुख समस्याहरू ........ ५५

४.५.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ५५

४.५.५ उपलब्धि र नतिजा ........ ५६

४.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५६

४.५.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ५७

परिच्छेद पाँचःसुशासन तथा व्यवस्थापन ........ ५९

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ५९

५.१.१ परिचयः ........ ५९

५.१.२ वर्तमान अवस्था ........ ५९

५.१.३ प्रमुख समस्याहरू ........ ५९

५.१.४ उद्देश्य, रणनीति र कार्यनीति ........ ५९

५.१.५ उपलब्धि र नतिजा ........ ६०

५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६०

५.१.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ६१

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ६१

५.२.१ परिचय ........ ६१

५.२.२ वर्तमान अवस्था ........ ६२

५.२.३ प्रमुख समस्याहरू ........ ६२

५.२.४ उद्देश्य, रणनीति र कार्यनीति ........ ६२

५.२.५ उपलब्धि र नतिजा ........ ६३

५.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६३

५.२.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ६४

५.३ अनुगमन तथा मूल्याङ्कन ........ ६४

५.३.१ परिचय ........ ६४

५.३.२ वर्तमान अवस्था ........ ६४

५.३.३ प्रमुख समस्याहरू ........ ६५

५.३.४ उद्देश्य, रणनीति र कार्यनीति ........ ६५

५.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ६५

५.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६६

५.३.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट ........ ६६

५.४ समन्वय र सहजीकरण ........ ६७

परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन ........ ६८

६.१ परिचय ........ ६८

६.२ वर्तमान अवस्था ........ ६८

६.३ प्रमुख समस्याहरू ........ ६८

६.४ उद्देश्य, रणनीति तथा कार्यनीति ........ ६८

६.५ प्रमुख उपलब्धिहरू तथा नतिजा ........ ६९

६.६ योजना कार्यान्वयनका लागि लागत तथा स्रोत अनुमान र स्रोत अन्तरको बिश्लेषण ........ ६९

सन्दर्भ सूची ........ ७१

अनुसूची -१ दश बर्से नगर शिक्षा योजना निर्माण समिति र उप समितिहरू ........ ७२

अनुसूची -२ दश बर्से नगर शिक्षा योजना मस्यौदा लेखन उप समितिका निर्णयहरू ........ ७३

अनुसूची-३ दश बर्से नगर शिक्षा योजना क्रममा सुझाव संकलन कार्यशालाका सहभागीहरू ........ ७६

अनुसूची -४ दश बर्से नगर शिक्षा योजना स्वीकृति सम्बन्धमा भएको कार्यपालिका बैठक निर्णय ........ 81

## १. विषय प्रवेश तथा योजना निर्माणका आधारहरू

नेपालको संविधानको धारा ३१ ले शिक्षासम्बन्धी मौलिक हकको सुनिश्चितता गरेको छ । यस धाराअनुसार प्रत्येक नागरिकलाई शिक्षामा पहुँचको हक प्रदान गरिएको छ । राज्यले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै, अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नै मातृभाषामा शिक्षा पाउने हक तथा विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने अधिकार संविधानले प्रत्याभूत गरेको छ ।

दिगो विकास लक्ष्य (२०३०) को लक्ष्य नं. ४ ले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै आजीवन सिकाइको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था गरिएको छ । यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार प्रदान गरिएको छ ।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्न ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका नीति तथा योजनालाई आधार मानी आफ्ना स्थानीय आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यही सन्दर्भमा सबैला नगरपालिकाले शैक्षिक सेवा प्रभावकारी रूपमा प्रवाह गरी अपेक्षित नतिजा हासिल गर्न तथा शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्न योजनाबद्ध रूपमा कार्य गर्न शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका हुने ठहर गर्दै दश वर्षीय शिक्षा योजना कार्यान्वयनमा ल्याएको हो ।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा शिक्षासम्बन्धी विविध व्यवस्था गरिएको छ । सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ जारी गरेको छ भने विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सम्पूर्ण नीति, योजना, कानुनी व्यवस्था तथा घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सुव्यवस्थित, गुणस्तरीय, समावेशी तथा समतामूलक बनाउँदै सबै नागरिकलाई शिक्षा सेवा प्रदान गरी "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य साकार पार्न सबैला नगरपालिकाले शिक्षा योजना, २०८२ तयार गरेको हो ।

यसका साथै, नगरपालिकाअन्तर्गतका शिक्षासम्बन्धी समस्याहरूको पहिचान गर्दै विभिन्न चरणमा कार्यशाला सञ्चालन गरी शिक्षासम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवाला र निजी क्षेत्रको समेत प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा समेटिएका कार्यक्रम तथा गतिविधिहरू कार्यान्वयन गर्न शिक्षासम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्त्वपूर्ण भूमिका रहनेछ । योजनामा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रबाट कार्यान्वयन गर्नु सबै नागरिकको साझा दायित्व हुनेछ । गुणस्तरीय शिक्षाको विकासमार्फत सिपयुक्त नागरिक तयार गरी नगरपालिकालाई समृद्ध बनाउने दिशामा यस शैक्षिक योजनाले उल्लेखनीय योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन–कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम र लक्ष्यहरूलाई सङ्घीय संरचनाअनुसार प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा विद्यालय शिक्षा क्षेत्रको विकासलाई स्पष्ट दिशानिर्देश प्रदान गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजना निर्माण गर्न आवश्यक देखिएको छ।

विज्ञान तथा प्रविधिमा भइरहेको तीव्र विकास र परिवर्तनलाई आत्मसात गर्दै सृजनशील, सक्रिय तथा नेपालको आर्थिक र सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउन सक्ने नागरिक उत्पादन गर्न शिक्षा क्षेत्रलाई समयसापेक्ष बनाउनुपर्ने आवश्यकता छ। यसका लागि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नु अपरिहार्य देखिन्छ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख गरिएको छ। त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय तहलाई तोकेको छ। साथै, ऐनको दफा २४ (१) ले स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ। यी संवैधानिक तथा कानुनी प्रावधानहरू कार्यान्वयन गर्न स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु अनिवार्य रहेको छ।

विद्यालय शिक्षामा विद्यमान आर्थिक, सामाजिक तथा अन्य विविध कारणले पछाडि परेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न, साथै प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउँदै विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा योजना निर्माण र कार्यान्वयन अपरिहार्य रहेको ठहर गर्दै दश वर्षीय स्थानीय शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने स्पष्ट आवश्यकता र औचित्य देखिएको छ।

## परिच्छेद एकः परिचय

### १.१ पृष्ठभूमि

योजनाले विगतको अवस्था, वर्तमानको यथार्थ र भविष्यको लक्ष्यलाई एकीकृत रूपमा बोध गराउँदै विगतका अनुभव, ज्ञान र सिपलाई आत्मसात गरी वर्तमानमा भविष्यका लागि मार्गनिर्देशन प्रदान गर्छ । केन्द्रस्तरबाट तयार गरिएका शिक्षा योजनाले मात्र स्थानीय तहको शैक्षिक रूपान्तरणका सबै पक्ष समेट्न नसक्ने यथार्थलाई स्वीकार गर्दै स्थानीय तहमा आधारित शिक्षा योजनाको अवधारणा विकास भएको हो । भौगोलिक, सामाजिक, जातीय, भाषिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्ने, परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण तथा प्रवर्द्धन गर्ने, साथै स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताको पहिचान, संरक्षण र विकास गर्ने स्थानीय तहकै अग्रसरता आवश्यक हुन्छ ।

यसै सन्दर्भमा, सबैला नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दश वर्षभित्र नगरपालिकालाई कस्तो शैक्षिक अवस्थामा पुऱ्याउने भन्ने स्पष्ट दृष्टिकोणसहित रैथाने ज्ञान, सिप, पेसा, व्यवसाय, संस्कृति र कला–कौशलको मौलिकता संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक देखिएको छ । मौलिक जीवनशैली, संस्कार र स्वास्थ्य व्यवहारप्रति जनचेतना अभिवृद्धि गर्दै नगरपालिकालाई सुन्दर, सभ्य र समृद्ध बनाउने उद्देश्यले सबैला नगरपालिकामा स्थानीय शिक्षा योजनाको आवश्यकता महसुस गरिएको हो ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । यी संवैधानिक अधिकार तथा प्राथमिकताहरू कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५), १५ बर्से दिगो विकास लक्ष्य, शिक्षाको सोचपत्र, २०७९ तथा विद्यालय शिक्षा क्षेत्र योजना (२०७८–२०८८) लगायतका नीतिगत तथा कानुनी प्रबन्धहरू कार्यान्वयनमा ल्याइएका छन् । साथै, बालबालिकासम्बन्धी ऐन, २०७५ ले शिक्षासहित बालबालिकाका हक र अधिकारलाई थप सुनिश्चित गरेको छ । सङ्घीय शासन प्रणालीमा राज्यका लक्ष्य तथा उद्देश्य हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहयोग र सहकार्य अपरिहार्य हुन्छ । शिक्षामार्फत दक्ष, प्रतिस्पर्धी र स्वावलम्बी मानव संसाधन विकास गरी उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित उपयोग गर्न सकिने भएकाले नेपाल सरकारले अघि सारेको २५ बर्से दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" साकार पार्न शिक्षाको भूमिका निर्णायक रहने देखिन्छ ।

यही बृहत्तर उद्देश्यलाई आत्मसात गर्दै नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० बर्से विद्यालय शिक्षा क्षेत्र योजना (२०७८–२०८८) कार्यान्वयनमा ल्याएको छ । सङ्घ तथा प्रदेश सरकारद्वारा जारी राष्ट्रिय तथा प्रादेशिक नीति, योजना, कार्यक्रम, अन्तर्राष्ट्रिय प्रतिबद्धता, आवधिक योजना र दीर्घकालीन सोचको परिधिभित्र रही सबैला नगरपालिकाले नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकास सुनिश्चित गर्न दश वर्षीय स्थानीय शिक्षा योजना निर्माण गरेको हो ।

### १.२ नगरपालिकाको परिचय

समथर तथा उर्वर खेतीयोग्य भू–बनोट, कृषि, उद्योग, व्यापार तथा स्थानीय पर्यटन विकासको प्रशस्त सम्भावना बोकेको सबैला नगरपालिका मधेश प्रदेशअन्तर्गत धनुषा जिल्लाको पूर्वी भागमा अवस्थित छ । कृषि उत्पादनमा आधारित स्थानीय अर्थतन्त्र, बढ्दो बजार पहुँच र सडक सञ्जालको विस्तारले यस नगरपालिकालाई आर्थिक तथा सामाजिक विकासका दृष्टिले महत्त्वपूर्ण बनाएको छ । नेपाल सरकारले वि.सं. २०७३ फागुन २७ गतेदेखि स्थानीय तह कार्यान्वयनमा

ल्याउने निर्णय गरेअनुसार साविक मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत जनकपुर अञ्चलको दक्षिणी भागमा अवस्थित धनुषा जिल्लाका साविक ९ वटा गाउँ विकास समितिहरू पटेर्वा, सबैला, मखनाहा, ठिल्ला यदुकुवा, सतोषर, खरिहानी, कजरा रमौल तथा रघुनाथपुरलाई समायोजन गरी सबैला नगरपालिका गठन गरेको हो । नगरपालिका धनुषा जिल्लाको पूर्वउत्तर भागमा २६.७९°–२६.८०° उत्तरी अक्षांश र ८६.०९°–८६.१०° पूर्वी देशान्तरको बीचमा अवस्थित छ । यस नगरपालिकाको कार्यालय जिल्ला सदरमुकाम जनकपुरबाट करिब १७.८ किलोमिटरको दुरीमा रहेको छ । प्रशासनिक रूपमा सबैला नगरपालिका १३ वटा वडामा विभाजित छ । समुद्र सतहदेखि करिब ८५ देखि ११२ मिटर उचाइसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल ६४.४७ वर्ग किलोमिटर रहेको छ । भौगोलिक सीमाङ्कन अनुसार यस नगरपालिकाको पश्चिममा धनुषाधाम नगरपालिका, उत्तरमा गणेशमान चारनाथ नगरपालिका, पूर्वमा कमला नदी तथा दक्षिणमा शहीदनगर नगरपालिका रहेका छन् ।

### १.३ नगरपालिकाको सामाजिक, साँस्कृतिक, आर्थिक तथा जनसाङ्ख्यिक अवस्था

सबैला नगरपालिकामा बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा, परम्परागत भेषभूषा र सांस्कृतिक पहिचान रहेको पाइन्छ । यहाँका मानिसहरूले दसैं, तिहार, इद, बकर इद, छठ, माघी जुडशीतल, बडका आइतवार तथा अन्य चाडपर्वहरू मनाउने गर्छन् । धार्मिक विविधता भए तापनि समुदायका सदस्यहरू आपसमा घुलमिल भएर शान्तिपूर्ण सहअस्तित्वमा बस्ने गरेका छन् । गैरकृषि पेशामा संलग्न बासिन्दाको संख्या तुलनात्मक रूपमा न्यून छ । बहुसंख्यक बासिन्दा कृषि पेशामा संलग्न छन् । कृषिजन्य गतिविधिमा मुख्य रूपमा अन्नबाली, तरकारी खेती, नगदेबाली र पशुपालन पर्दछन् । यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, गहुँ, तरकारी र केरा खेती उल्लेखनीय छन् । सबैला नगरपालिकाका बासिन्दाको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी रहेको छ, वैदेशिक रोजगारी दोस्रो र सरकारी नोकरी वा पेन्सन तेस्रो स्थानमा छ ।

जनगणना २०७८ का अनुसार पालिकामा मुख्यतः यादव र सीमान्तकृत जातजातिहरूको बसोबास छ, सीमान्तकृत / वञ्चित समुदायको जनसङ्ख्या ७७.८ प्रतिशत रहेको छ जस्मा मुसलमान १९.५ प्रतिशत, केवट १२ प्रतिशत, तेली १०.४ प्रतिशत, आमत ८.३ प्रतिशत, सुन्दी ७.३ प्रतिशत, मुसहर ५.६ प्रतिशत, चमार/हरिजन/राम ५.२ प्रतिशत, दनुवार ५ प्रतिशत तथा बिन ४.५ प्रतिशत रहेका छन । धार्मिक रूपमा हिन्दु ८४.३९ प्रतिशत, इस्लाम १५.४८ प्रतिशत, बौद्ध ०.०६ प्रतिशत तथा इसाई ०.००६ प्रतिशत रहेका छन । पालिकामा मैथिली ७९.७ प्रतिशत, मगही ११.३ प्रतिशत, उर्दू ७.५ प्रतिशत र नेपाली ०.५ प्रतिशत भाषाभाषी छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सबैला नगरपालिकामा कुल १२,४३० घरधुरी रहेका छन् भने जम्मा जनसङ्ख्या ६२,२८२ रहेको छ । यसमध्ये पुरुषको सङ्ख्या ३०,०८२ र महिलाको सङ्ख्या ३२,२०० रहेको छ । वडागत जनसाङ्ख्यिक विवरण निम्नानुसार रहेको छ ।

वडागत जनसाङ्ख्यिक विवरण र आर्थिकस्तर

| वडा नं. | २०६८ अनुसार | २०७८ को जनगणना अनुसार | | | | लैङ्गिक अनुपात | अपाङ्गता भएका व्यक्तिको संख्या | आर्थिकस्तर अत्यन्त विपन्न प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल | पुरुष | महिला | जनघनत्व | | | |
| १ | २४६९ | २७९९ | १३३० | १४६९ | १५२४ | ९०.५ | ३६ | ८.९७ |
| २ | ३३३७ | ४४३६ | २२२६ | २२१० | ५७८४ | १००.७ | ५६ | १६.५५ |
| ३ | २७४२ | ३११२ | १५५५ | १५५७ | ३९२६ | ९९.९ | ३७ | ५.३ |
| ४ | ४९४१ | ५७७२ | २७४३ | ३०२९ | ५९६ | ९०.६ | ५७ | ३१.३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | २५९४ | २५४७ | १२७५ | १२७२ | ११८४ | १००.२ | ३९ | १९.७५ |
| ६ | १८७९ | २०७४ | १०३४ | १०४० | ५६०६ | ९९.४ | १९ | ३.२३ |
| ७ | २६१३ | २७६१ | १३७५ | १३८६ | ४२९ | ९९.२ | ३० | २८.९४ |
| ८ | ३५१७ | ४३४५ | २०२७ | २३१८ | १४२६ | ८७.४ | ७४ | ११.८१ |
| ९ | ५७४५ | ७८२८ | ३७९४ | ४०३४ | १४०२ | ९४.१ | ८७ | ११.७५ |
| १० | ८८४३ | १०४७९ | ५००८ | ५४७१ | १३३६ | ९१.५ | १३३ | १७.६ |
| ११ | २३३३ | २७७३ | १३८३ | १३९० | ७२५.१ | ९९.५ | २२ | १५.३३ |
| १२ | ४९१५ | ५८३८ | २७५९ | ३०७९ | ८७०.६ | ८९.६ | ५१ | ३१.५५ |
| १३ | ६४६१ | ७५१८ | ३५८५ | ३९३३ | ४८७.१ | ९१.२ | ९९ | ३१.५६ |
| **कुल** | **५२३८९** | **६२२८२** | **३००९४** | **३२१८८** | **९६६.१** | **९३.४९** | **७४०** | **१९.६६** |

## १.४ नगरपालिकाको साक्षरता तथा शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको समग्र साक्षरता दर ५९.३४ प्रतिशत रहेको छ, जसमा लैङ्गिक असमानता देखिन्छ—पुरुष साक्षरता दर ६९.२६ प्रतिशत र महिला साक्षरता दर ५०.४९ प्रतिशत रहेको छ। पालिकामा ७२ ओटा विद्यालय सञ्चालनमा रहेका छन् , जसमध्ये २५ सामुदायिक विद्यालय ,२६ संस्थागत विद्यालय र २१ ओटा मदरसा रहेका छन्। विद्यालयमा आधारित २५ बालविकास केन्द्र सञ्चालनमा छन्। उच्च शिक्षा अन्तर्गत एउटा पनि क्याम्पस सञ्चालन हुन सकेको छैन। अनौपचारिक तथा निरन्तर शिक्षातर्फ ३ ओटा  सामुदायिक सिकाइ केन्द्र रहेका छन्। राष्ट्रिय जनगणना २०७८ र ईमिस २०८२ अनुसार वडागत सारक्षता र विद्यालय विवरण निम्नानुसार छः

वडागत शैक्षिक संस्थाको विवरण र साक्षरता दर

| वडा नं. | बाल विकास केन्द्र | आधारभूत तह सामुदायिक | आधारभूत तह संस्थागत | आधारभूत तह १-५ धार्मिक | माध्यमिक तह संस्थागत | माध्यमिक तह | माध्यमिक तह १-१२ | प्राविधिक विद्यालय | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | १ | २ | | | | | ६२.५७ |
| २ | १ | ० | २ | १ | | १ | | | ७२.१२ |
| ३ | १ | १ | ३ | | १ | | | | ७१.५१ |
| ४ | २ | २ | २ | ३ | | | | | ५३.१९ |
| ५ | १ | १ | १ | १ | | | | | ६०.२४ |
| ६ | १ | १ | | | | | | | ६६.८७ |
| ७ | २ | २ | २ | | | | | | ५७.२१ |
| ८ | २ | २ | | ४ | | | १ | | ६६.०६ |
| ९ | ३ | २ | ४ | १ | | | १ | | ६०.८८ |
| १० | ४ | ३ | ५ | ३ | | | १ | | ५७.४७ |
| ११ | १ | १ | ० | २ | | | | | ५१.३१ |
| १२ | ३ | २ | ५ | १ | | | १ | | ५०.८२ |
| १३ | ३ | ३ | ० | ३ | | | | | ५५.१३ |
| **कूल** | **२५** | **२१** | **२५** | **२१** | **१** | **१** | **४** | **०** | **५९.३४** |

तहगत वर्गीकृत विद्यार्थी विवरण

| क्र स | विद्यालय तह विवरण | बालिका | बालक | जम्मा | दलित | जनजाति | अपाङ्गता |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र -सामुदायिक | ५७४ | ५८३ | ११५७ | २९५ | ५४ | २ |
| २ | बाल विकास केन्द्र- संस्थागत | ९१० | १३७६ | २२८६ | २२७ | ८३ | १ |
| ३ | बाल विकास केन्द्र- धार्मिक | १६७ | १५८ | ३२५ | ० | ० | ० |
| **जम्मा** | | **१६५१** | **२११७** | **३७६८** | **५२२** | **१३७** | **३** |
| ४ | आधारभूत तह १-५ सामुदायिक | २८३९ | २७७६ | ५६१५ | १५०१ | ३२४ | २० |
| ५ | आधारभूत तह १-५ संस्थागत | १५७३ | २३६८ | ३९४१ | २८८ | १०४ | १७ |
| ६ | आधारभूत तह १-५ धार्मिक | ७२९ | ६१८ | १३४७ | ५ | ० | १ |
| **जम्मा** | | **५१४१** | **५७६२** | **१०९०३** | **१७९४** | **४२८** | **३८** |
| ७ | आधारभूत तह ६-८ सामुदायिक | १५७१ | १४१६ | २९८७ | ६२६ | १५० | १७ |
| ८ | आधारभूत तह ६-८ संस्थागत | १५७ | २४७ | ४०४ | २१ | ५ | ० |
| **जम्मा** | | **१७२८** | **१६६३** | **३३९१** | **६४७** | **१५५** | **१७** |
| १० | माध्यमिक तह ९-१० सामुदायिक | ८२२ | ७२५ | १५४७ | १८२ | ४९ | २ |
| ११ | माध्यमिक तह ९-१० संस्थागत | ० | १० | १० | १ | ० | ० |
| **जम्मा** | | **८२२** | **७३५** | **१५५७** | **१८३** | **४९** | **२** |
| १२ | माध्यमिक तह ११-१२ सामुदायिक | ४५३ | ५०० | ९५३ | १०१ | ५६ | १ |
| **कुल जम्मा** | | **९७९५** | **१०७७७** | **२०५७२** | **३२४७** | **८२५** | **६१** |

शैक्षिक जनशक्ति विवरण

| क्र स | विभाग/तह | स्वीकृत पद संख्या | कार्यरत पद संख्या | रिक्त पद संख्या | पदपूर्ति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | स्थानीय शिक्षा एकाइ (LEU) | ३ | १ | २ | ३३.३३% |
| २ | शिक्षक (कक्षा १–५, सबै प्रकारका) | १०६ | १०२ | ४ | ९६.२३% |
| ३ | शिक्षक (कक्षा ६–१०) | ४२ | ४० | २ | ९५.२४% |
| ४ | शिक्षक (कक्षा ११–१२) | ५ | ४ | १ | ८०.००% |
| ५ | प्रारम्भिक बाल विकास सहजकर्ता | ४२ | ४२ | ० | १००.००% |
| ६ | विद्यालय लेखापाल | ५ | ४ | १ | ८०.००% |
| ७ | विद्यालय नर्स | १ | १ | ० | १००.००% |

## १.५ नगरपालिकाको शैक्षिक सूचकगत अवस्था तथा तुलनात्मक विश्लेषण

सबैला नगरपालिकाको शैक्षिक सूचकहरू २०८२ मा निम्मानुसार रहेका छन्ः

| क्र.सं. | सूचकहरू | आधार बर्ष २०८२ |
|---|---|---|
| **१. प्रारम्भिक वालविकास तथा शिक्षा** | | |
| १.१ | बालविकासको कुल भर्ना दर | १०१.३ |

| | | |
|---|---|---|
| १.२ | बालविकासको खुद भर्ना दर | ५६.९ |
| १.३ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ७४.९ |
| **२. आधारभूत तह** | | |
| २.१ | कक्षा १ को नयाँ भर्ना दर | १.३ |
| २.२ | कक्षा १ को कुल भर्ना दर (GIR) | १३०.३ |
| २.३ | कक्षा १ को कक्षा दोहोऱ्याउने दर | ११.८ |
| २.४ | कक्षा १ को कक्षा छाड्ने दर | ९.० |
| २.५ | कक्षा १ को खुद भर्ना दर (NIR) | ९३.८ |
| २.६ | कक्षा १–५ मा खुद भर्ना दर | ९२.९ |
| २.७ | कक्षा १–५ मा कुल भर्ना दर | १२२.१ |
| २.८ | कक्षा १–५ को कक्षा दोहोऱ्याउने दर | १०.३ |
| २.९ | कक्षा १–५ को कक्षा छाड्ने दर | ११.६ |
| २.१० | कक्षा १–५ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९४ |
| २.११ | कक्षा ६–८ मा खुद भर्ना दर | ९४.९ |
| २.१२ | कक्षा ६–८ मा कुल भर्ना दर | १०६.७ |
| २.१३ | कक्षा ६–८ को कक्षा दोहोऱ्याउने दर | ३.५ |
| २.१४ | कक्षा ६–८ को कक्षा छाड्ने दर | १३.५ |
| २.१५ | कक्षा ६–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | १.०५ |
| २.१६ | कक्षा १–८ मा खुद भर्ना दर | ९३.४ |
| २.१७ | कक्षा १–८ मा कुल भर्ना दर | ११७.७ |
| २.१८ | कक्षा ८ सम्मको टिकाउ दर (Survival Rate) | ८७.४ |
| २.२० | कक्षा १–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९७ |
| २.२१ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत ( १–५) | २८.८३ |
| **३. माध्यमिक तह** | | |
| ३.१ | कक्षा ९–१० मा कुल भर्ना दर | ९०.० |
| ३.२ | कक्षा ९–१० मा खुद भर्ना दर | ८८.६ |
| ३.३ | कक्षा ९–१० को कक्षा छाड्ने दर | ५.५ |
| ३.४ | कक्षा ९–१० को कक्षा दोहोऱ्याउने दर | १.४ |
| ३.५ | कक्षा १० सम्मको टिकाउ दर (Survival Rate) | ६६.९ |
| ३.६ | कक्षा ९–१० मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९६ |
| ३.७ | कक्षा ११–१२ मा कुल भर्ना दर | ५८.६ |
| ३.८ | कक्षा ११–१२ मा खुद भर्ना दर | २३.५ |
| ३.९ | कक्षा ११–१२ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९३ |

| | | |
|---|---|---|
| ३.१० | कक्षा ९–१२ मा कुल भर्ना दर | ७६.२ |
| ३.११ | कक्षा ९–१२ मा खुद भर्ना दर | ५९.९ |
| ३.१२ | कक्षा ९–१० मा कार्यरत महिला शिक्षकको प्रतिशत | ०.० |
| **४. प्राविधिक शिक्षा** | | |
| ४.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | - |
| **५. अनुपात** | | |
| ५.१ | कक्षा १–५ मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ५३.८४ |
| ५.२ | कक्षा ६–८ मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ११७.२९ |
| ५.३ | कक्षा ९–१० मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ६९.२ |
| ५.४ | कक्षा ९–१२ मा विद्यार्थी–शिक्षक अनुपात | १३०.८ |
| **६. शिक्षामा लगानी** | | |
| ६.१ | कुल बजेटमध्ये शिक्षाका लागि विनियोजित बजेटको प्रतिशत | २१.३ |
| ६.२ | कुल शिक्षा बजेटमा संघीय तहबाट विनियोजित बजेट | ८९.३ |
| ६.३ | प्रदेश तहबाट विनियोजित बजेट | - |
| ६.४ | स्थानीय तहबाट विनियोजित बजेट | ७.७ |

शैक्षिक सूचकहरूको तुलनात्मक विश्लेषण निम्नानुसार रहेको छः

| क्र.सं. | सूचकहरू - आधार बर्ष २०८२ | राष्ट्रिय | मधेस प्रदेश | धनुषा जिल्ला | सबैला न पा |
|---|---|---|---|---|---|
| **१. प्रारम्भिक वालविकास तथा शिक्षा** | | | | | |
| १.१ | बालविकासको कुल भर्ना दर | १०१. | ८२.५ | ८८.३ | १०१.३ |
| १.२ | बालविकासको खुद भर्ना दर | ७०.२ | ५८.१ | ५७. | ५६.९ |
| १.३ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ७६.३ | ७४.९ | ७४.२ | ७४.९ |
| **२. आधारभूत तह** | | | | | |
| २.१ | कक्षा १ को कुल भर्ना दर (GIR) | १४१.१ | १३२.५ | १३६.३ | १३०.३ |
| २.२ | कक्षा १ को कक्षा दोहोऱ्याउने दर | १३. | १२.४ | ११.८ | ११.८ |
| २.३ | कक्षा १ को कक्षा छाड्ने दर | ९.१ | ८.५ | ७.० | ९.० |
| २.४ | कक्षा १ को खुद भर्ना दर (NIR) | ९३.७ | ९३.५ | ९३.४ | ९३.८ |
| २.५ | कक्षा १–५ मा खुद भर्ना दर | ९४.४ | ९४.१ | ९३.५ | ९२.९ |
| २.६ | कक्षा १–५ मा कुल भर्ना दर | १३०.५ | १२८.५ | १३१.४ | १२२.१ |
| २.७ | कक्षा १–५ को कक्षा दोहोऱ्याउने दर | ८.७ | १०. | ८.९ | १०.३ |
| २.८ | कक्षा १–५ को कक्षा छाड्ने दर | ८.२ | ९.३ | ८.१ | ११.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.९ | कक्षा १–५ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९ | ०.९ | ०.८ | ०.९४ |
| २.१० | कक्षा ६–८ मा खुद भर्ना दर | ९३.६ | ९३.७ | ९४.१ | ९४.९ |
| २.११ | कक्षा ६–८ मा कुल भर्ना दर | ११५. | ११२.३ | ११६.७ | १०६.७ |
| २.१२ | कक्षा ६–८ को कक्षा दोहोऱ्याउने दर | ७.२ | ६.५ | ५.५ | ३.५ |
| २.१३ | कक्षा ६–८ को कक्षा छाड्ने दर | ५.४ | ७. | ४.९ | १३.५ |
| २.१४ | कक्षा ६–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९४ | ०.९७ | ०.९ | १.०५ |
| २.१५ | कक्षा १–८ मा खुद भर्ना दर | ९४.१ | ९४. | ९३.७ | ९३.४ |
| २.१६ | कक्षा १–८ मा कुल भर्ना दर | १२४.८ | १२३.१ | १२६.५ | ११७.७ |
| २.१७ | कक्षा ८ सम्मको टिकाउ दर (Survival Rate) | ८६.५ | ८६.४ | ८५. | ८७.४ |
| २.१८ | कक्षा १–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९३ | ०.८५ | ०.९७ |
| २.१९ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत ( १–५) | ४७.५१ | ३५.९९ | ३६.९७ | २८.८३ |
| **३. माध्यमिक तह** | | | | | |
| ३.१ | कक्षा ९–१० मा कुल भर्ना दर | ९९.१ | ९७.७ | १००.२ | ९०.० |
| ३.२ | कक्षा ९–१० मा खुद भर्ना दर | ७५.८ | ८२.४ | ८५.२ | ८८.६ |
| ३.३ | कक्षा ९–१० को कक्षा छाड्ने दर | ४.७ | ५.१ | ३.५ | ५.५ |
| ३.४ | कक्षा ९–१० को कक्षा दोहोऱ्याउने दर | ३.२ | २.६ | १.४ | १.४ |
| ३.५ | कक्षा १० सम्मको टिकाउ दर (Survival Rate) | ६६.९ | ६६.१ | ६५.४ | ६६.९ |
| ३.६ | कक्षा ९–१० मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | १.० | ०.९ | ०.९ | ०.९६ |
| ३.७ | कक्षा ११–१२ मा कुल भर्ना दर | ६३.३ | ४६.६ | ५२.९ | ५८.६ |
| ३.८ | कक्षा ११–१२ मा खुद भर्ना दर | ३७.१ | २६.४ | २५.३ | २३.५ |
| ३.९ | कक्षा ११–१२ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | १.० | ०.९ | ०.९ | ०.९३ |
| ३.१० | कक्षा ९–१२ मा कुल भर्ना दर | ८०.६ | ७२.० | ७९.६ | ७६.२ |
| ३.११ | कक्षा ९–१२ मा खुद भर्ना दर | ५५.८ | ५४.३ | ५९.१ | ५९.९ |
| ३.१२ | कक्षा ९–१० मा कार्यरत महिला शिक्षकको प्रतिशत | १७.४ | ९.० | ६.२ | ०.० |
| **४. अनुपात** | | | | | |
| ४.१ | कक्षा १–५ मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १८.२ | ४९.५६ | ४९.४५ | ५३.८४ |
| ४.२ | कक्षा ६–८ मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | २९.१३ | ८५.९६ | ९२.९५ | ११७.२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.३ | कक्षा ९–१० मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | २७.२९ | ५९.९९ | ५५.७६ | ६९.२ |
| ४.४ | कक्षा ११–१२ मा विद्यार्थी–शिक्षक अनुपात | ४०.०१ | ७२.३३ | ९९.३२ | १३०.८ |

## १.६ नगरपालिकाको शैक्षिक मुद्दा, समस्या, चुनौती र अवसरहरू

### १.६.१ मुद्दाहरू

१. मातृभाषा शिक्षणको माध्यम कि राष्ट्र भाषा
२. अभिभावकको सक्रियता तथा शिक्षकहरूको लगनशीलता
३. समावेशी शिक्षाका लागि आवासीय विद्यालय सञ्चालन
४. विद्यालय समायोजन
५. एकलपथीय वा बहुलपथीय पाठ्यक्रम भाषा
६. विद्यालयबाहिर रहेका बालबालिकाका लागि साक्षरता शिक्षा कि जीवन उपयोगी शिक्षा

### १.६.२ समस्याहरू

१. विद्यार्थीको सिकाइ उपलब्धि न्यून रहनु ।
२. विद्यार्थीको विद्यालय अनुपस्थित दर उल्लेखनीय हुनु ।
३. अति सीमान्तकृत/सीमान्तकृत समुदायका तथा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच न्यून र पहुँच भएकाहरूको पनि सिकाइ उपलब्धि कमजोर हुनु ।
४. शिक्षक सहयोग प्रणालीको विकास र कार्यान्वयन नहुनु ।
५. प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण निर्माणमा कमी हुनु ।
६. शिक्षक दरबन्दी मिलान हुन नसक्नु र बिषयगत शिक्षकको अभाव
७. अपेक्षित शैक्षिक गुणस्तर सुधार हुन नसक्नु ।
८. शिक्षकको पेसागत क्षमताविकासका अवसर सीमित हुनु ।
९. शिक्षाप्रति सरोकारवालाको चासो र सहभागिता न्यून रहनु ।
१०. विद्यार्थीको सिकाइप्रति अभिभावक तथा विद्यालय दुवै पर्याप्त सचेत नहुनु ।
११. शैक्षिक संस्थाको नक्साङ्कन हुन नसक्नु ।
१२. शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको अभाव हुनु ।
१३. बालमैत्री तथा अपाङ्गतामैत्री सिकाइ वातावरणको कमी हुनु ।
१४. आवश्यक जनशक्तिको प्रभावकारी व्यवस्थापन हुन नसक्नु ।
१५. विद्यार्थीका लागि स्वास्थ्य, पोषण तथा दिवाखाजाको व्यवस्था अपर्याप्त हुनु ।
१६. विपद सहनशील भवनहरूको अभाव ।
१७. शिक्षामा राजनीतिकरण कायमै रहनु ।
१८. कक्षा दोहोर्‍याउने तथा कक्षा छाड्ने प्रवृत्ति कायमै रहनु ।
१९. शैक्षिक सुशासन पद्धति कमजोर हुनु ।
२०. विद्यालय व्यबस्थापन समिति लगायत विद्यालयका सुशासनका संरचना क्रियाशील बनाउनु ।

### १.६.३ चुनौतीहरू

१. सबै सिकाइ आवश्यकता भएका बालवालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने।
२. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन।
३. विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न।
४. विद्यालयको भौतिक पूर्वाधार विकास गर्न।
५. रोजगारीका लागि मौसमी बसाइँसराइ व्यवस्थापन गरी बालबालिकाहरूको सिकाइ निरन्तरता दिन।
६. कमजोर आर्थिक अवस्थाका अभिभावकका वालवालिकाहरूको सिकाइ निरन्तरता दिन।
७. चाडपर्वको समयमा घट्दो विद्यार्थी उपस्थिति प्रवृत्ति नियन्त्रण गर्न।
८. बहु सिकाइ तह भएका विद्यार्थीको सिकाइ सुनिश्चित गर्ने गरी शिक्षण–सिकाइ गतिविधि सञ्चालन गर्न।
९. बाह्य बसाइँसराइको प्रभाव न्यून पार्न।
१०. शैक्षिक योजना कार्यान्वयनका लागि आर्थिक स्रोत सुनिश्चित गर्न।
११. शिक्षणसिकाइ पद्धति व्यावहारिक, बालमैत्री तथा प्रविधिमा आधारित बनाउन।
१२. सार्वजनिक शिक्षामा सबै नागरिकमा विश्वास जगाउने वातावरण सिर्जना गर्न।
१३. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क र गुणस्तरीय रहेको सुनिश्चित गर्न।
१४. प्रकोप, सङ्कट तथा महामारीप्रतिको उत्तरदायी विद्यालय पूर्वाधार विकास र शिक्षा क्षेत्रमा आबद्ध मानव संसाधनको क्षमता विकास गर्न।
१५. गरिब तथा सुविधाविहीन बालबालिकालाई छात्रवृत्ति लगायत अन्य सहयोगसहित सिकाइमा सहभागी बनाउन।
१६. विद्यालयका समग्र प्रणालीमा समतामूलक र समावेशी वातावरण निर्माण गर्न तथा शिक्षा अवसरबाट वञ्चित वर्गलाई अनौपचारिक, आजीवन र वैकल्पिक सिकाइका अवसरहरू विस्तार गर्न।
१७. पालिकास्तरवाट विद्यालय सुपरिवेक्षण र अनुगमन गरी समयमा नै सहयोग गर्ने प्राविधिक जनशक्ति पालिकामा व्यबस्थापन गर्न।
१८. शिक्षक -विद्यार्थी अनुपातमा आधारित शिक्षक व्यवस्थापन गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न।

### १.६.४ अवसरहरू

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधानहरू र संरचनागत व्यवस्था।
२. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र सरोकारवालाको चासो बढ्दै जानु।
३. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरू र निजीक्षेत्रको संलग्नता र क्रियाशीलता कायमै रहनु।
४. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भए तापनि प्रादेशिक र संघीय सरकारबाट समेत शिक्षामा लगानी अभिवृद्धि हुनु।
५. शैक्षिक व्यवस्थापन योजना निर्माण, कार्यान्वयन, अनुगमन र व्यवस्थापनजस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था।
६. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन।
७. शैक्षिक सुधारका लागि आवश्यकतानुसार नीति, योजना र निर्देशिकाको निर्माण र कार्यान्वयन।

## परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

मानव संसाधनको विकासमार्फत समाजको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न शिक्षा क्षेत्रको समग्र विकास आवश्यक छ। शिक्षा क्षेत्रलाई दीर्घकालीन पूर्वाधारसमेत मानिन्छ भन्ने दृष्टिकोणबाट यस पालिकाले आगामी दश वर्षको अवधिका लागि स्थानीय शिक्षा योजना तयार पारेको छ। यस योजनाले दश वर्षमा हासिल गर्नुपर्ने दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्यहरू स्पष्ट रूपमा निम्नानुसार निर्धारण गरेको छ।

### २.१ दूरदृष्टि

सबैलाबासीको सदिच्छाः श्रम, सिप र प्रविधियुक्त गुणस्तरीय शिक्षा।

### २.२ ध्येय

विद्यालय शिक्षालाई प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता सम्बोधन गर्ने तथा अन्तर्राष्ट्रिय रूपमा प्रतिष्पर्धा गर्न सक्ने सिपयुक्त र नैतिकवान् मानव संशाधन विकास गर्ने।

### २.३ लक्ष्य

गुणस्तरयुक्त समावेसी शिक्षामा हरेक बालबालिकाको समतामूलक र सहज पहुँच सुनिश्चत गर्ने

### २.४ उद्देश्यहरू र रणनीतिहरू

| उद्देश्यहरू | रणनीतिहरू तथा कार्यनीतिहरू |
|---|---|
| १. विद्यालय शिक्षामा निःशुल्क र समन्यायिक पहुँच विस्तार गर्नु। | १. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागू गरी त्यसलाई निरन्तरता दिइने छ।<br>२. आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ।<br>३. पहुँचको सुनिश्चितताको लागि “एउटा बच्चाको भर्नाः मेरो सामाजिक दायित्व” कार्यक्रम लागू गरिनेछ।<br>४. सीमान्तकृत वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ।<br>५. घरधुरी सर्वेक्षणमार्फत विद्यालय जाने उमेरका बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी विद्यालयबाहिर रहेका तथा बीचमै छाडेका बालबालिकाको पहिचान र मूलप्रवाहीकरण गरिने।<br>६. गरिब, जेहेन्दार, दलित, अपाङ्गता भएका र अतिसीमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति प्रदान गरिने<br>७. निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराउने व्यवस्था गरिने |
| २. विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु। | १. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइने छ।<br>२. प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणासहित क्रमिक सिकाइ सहजीकरण रणनीतिलाई निरन्तरता दिंदै लगिने छ। |

| | |
|---|---|
| | ३. सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षणसिकाइ क्रियाकलाप क्रमश लागू गरिनेछ।<br>४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवालाबीच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागू गरिनेछ।<br>५. गुणस्तरीय सिकाइका लागि अभिभावकहरू, सरोकारवालाहरूको संलग्नता बढाइदै लगिने छ।<br>६. कमजोर सिकाइ भएका बालबालिकाका लागि उपचारात्मक शिक्षण कार्यान्वयन गरिनेछ। |
| ३. सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरण निर्माण गर्नु। | १. विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागू गरिनेछ।<br>२. सबैला नगर क्षेत्रका सबै विद्यालयको कक्षाकोठा, न्युनतम् शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शौचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नरलाई सुनिश्चित गरिनेछ।<br>३. आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसार प्र.अ. व्यवस्थापन गरी प्र.अ.लाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रूपमा विकास गर्दै लगिनेछ।<br>४. शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा स्वयमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।<br>५. प्र.अ.लाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रूपमा तोकी कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको व्यवस्था गरिनेछ।<br>६. बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार विकास, कक्षाकोठा, शिक्षक दरबन्दी, बुक कर्नर, पानी र शौचालयको सुनिश्चिता गरिनेछ। |
| ४. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु। | १. वि व्य स, शि अ स लगायतका विद्यालयस्तरीय संरचनाहरू क्रियाशील गर्ने र विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयनमा जोड दिइने छ।<br>३. कार्यसम्पादन करार सम्भौता गरी पुरस्कार र दण्डको व्यवस्था मिलाइनेछ।<br>४. शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्याङ्कन गर्ने संयन्त्र तयार गरिनेछ।<br>५. सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने रणनीति अवलम्बन गरिनेछ।<br>६. सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने कुरालाई अभियानको रूपमा नै सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | ७. विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधिमार्फत लिने प्रबन्ध मिलाइनेछ। |
| ५. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु। | १. निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ तथा जीवनोपयोगी सिपका कार्यक्रम सञ्चालनको पूर्ण जिम्मेवारी प्रदान गर्दै लगिनेछ।<br>२. माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।<br>३. एक वडा एक सिकाइ केन्द्रलाई विस्तार गदै निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रमलाई लागू गरिनेछ।<br>४. अनौपचारिक शिक्षा तथा जीवन उपयोगी सिप सिकाइका लागि निजी तथा गैर सरकारी निकायहरूसँग सहकार्य गरिनेछ। |
| ६. आपत्कालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चित गर्नु। | १. संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा कार्यविधि तयार गरी विद्यालय विपद् सहायता कोष सञ्चालनमा ल्याइने छ।<br>२. विपद् मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको वैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।<br>३. क्रमिकरूपमा विद्यालय संरचनालाई विपद सहनशील बनाउदै लगिनेछ , र शिक्षकहरूलाई प्रविधि कुशल बनाइँदै लगिनेछ। |
| ७. अपाङ्गता भएका बालबालिकाहरू, पछाडि परेका तथा पछाडि पारिएका बालबालिकाहरूलाई सामाजिक न्याय एवम् समावेशी सिद्धान्तको जगमा शैक्षिक अवसर सुनिश्चित गर्नु। | १. छात्राहरू तथा अपाङ्गता भएका बालबालिकाहरूलाई सहज शिक्षण सिकाइका लागि विद्यालयहरूलाई समावेशी र पहुँचयुक्त बनाउदै, प्रविधि तथा सिकाइको विश्वब्यापी ढाँचालाई लागू गरिनेछ।<br>२. समावेशी सिकाइका सिद्धान्त तथा समावेशी शिक्षाको कार्यान्वयनका लागि समावेशी शिक्षक बैङ्कको स्थापना तथा कार्यान्वयन गरिनेछ।<br>३. सिकाइ आवश्यकताको आधारमा शिक्षण सिकाइका लागि प्राविधिक तथा आर्थिक सहयोगका लागि निजी तथा गैरै सरकारी निकायहरूसँग सहकार्य गरिनेछ।<br>४. सीमान्तकृत, छात्रा, र गरिब जेहेन्दार विद्यार्थीलाई उच्च तथा प्राविधिक शिक्षाका लागि नगरपालिका छात्रवृत्ति स्थापना र कार्यान्वयन गरिनेछ। |

## २.५ अपेक्षित उपलब्धि

१. विद्यालय शिक्षा निःशुल्क र सबैका लागि समन्यायिक पहुँच स्थापित भएको हुनेछ।

२. ४ वर्ष उमेरका बालबालिकामध्ये प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना हुने दर ९० प्रतिशत पुगेको हुनेछ।

३. प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने विद्यार्थीको दर ९५ प्रतिशत पुगेको हुनेछ।

४. आधारभूततह का बालबालिकाहरूको खुद भर्ना दर ९७ प्रतिशत पुगेको हुनेछ ।
५. माध्यमिक तह का बालबालिकाहरूको खुद भर्ना दर ९६ प्रतिशत पुगेको हुनेछ ।
६. शिक्षामा विशेष गरी बालिका, अतिसीमान्तकृत, दलित तथा विपन्न समुदायका विद्यार्थीहरूको पहुँच उल्लेख्य रूपमा विस्तार भएको हुनेछ ।
७. शिक्षाका सबै तहका लागि गुणस्तर मापदण्डहरू निर्माण भई कार्यान्वयनमा आएको हुनेछ ।
८. शिक्षाका सबै तहमा न्यूनतम मापदण्डसहितको बालमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण भएको हुनेछ ।
९. विद्यालय शिक्षासँग सम्बन्धित सिकाइ सुधार, तथा सुशासनसँग सम्बन्धित सबै संरचनाको गठन तथा सक्रिय क्रियाशीलता हुनेछ ।
१०. शिक्षाका हरेक तहमा विद्यार्थीहरूले तोकिएको न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।
११. शिक्षाको अवसरबाट वञ्चित रहेका बालबालिकाहरूका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरू विस्तार भएको हुनेछ ।
१२. राष्ट्रिय योग्यता प्रारूपअनुसार औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षाबीच समकक्षता कायम गर्न आवश्यक नीति, ऐन, नियमावली, निर्देशिका तथा मापदण्डहरू विकास भई कार्यान्वयन भएको हुनेछ ।
१३. स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्रीहरूको समयसापेक्ष पुनरावलोकन र परिमार्जन सम्पन्न भएको हुनेछ ।
१४. विद्यालयहरूमा विपद्–उत्थानशील भौतिक संरचनाको विकास भई सुरक्षित तथा लचिलो शैक्षिक पूर्वाधार निर्माण भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस दश बर्से योजनाका मुख्य कार्यसम्पादन सूचकहरू तथा परिमाणात्मक लक्ष्यहरू देहायबमोजिम निर्धारण गरिएको छ ।

| क्र.सं. | सूचक | आधार बर्ष २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक वालविकास तथा शिक्षा** | | | | | | | |
| १.१ | बालविकासको कुल भर्ना दर | १०१.३ | १०१.३ | १०१.३ | १०१ | १०० | १०० |
| १.२ | बालविकासको खुद भर्ना दर | ५६.९ | ६५ | ७५ | ८५ | ९२ | ९६ |
| १.३ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ७४.९ | ८० | ८६ | ९० | ९४ | ९७ |
| **२. आधारभूत तह** | | | | | | | |
| २.१ | कक्षा १ को नयाँ भर्ना दर | १.३ | १.२ | १.१ | १. | १. | १. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ को कुल भर्ना दर (GIR) | १३०.३ | १२५ | ११५ | ११० | १०५ | १०० |
| २.३ | कक्षा १ को कक्षा दोहोऱ्याउने दर | ११.८ | ९ | ७ | ५ | ४ | ३ |
| २.४ | कक्षा १ को कक्षा छाड्ने दर | ९.० | ७ | ५ | ४ | ३ | २ |
| २.५ | कक्षा १ को खुद भर्ना दर (NIR) | ९३.८ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २.६ | कक्षा १–५ मा खुद भर्ना दर | ९२.९ | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| २.७ | कक्षा १–५ मा कुल भर्ना दर | १२२.१ | ११५ | ११० | १०५ | १०२ | १०० |
| २.८ | कक्षा १–५ को कक्षा दोहोऱ्याउने दर | १०.३ | ८ | ६ | ५ | ४ | ३ |
| २.९ | कक्षा १–५ को कक्षा छाड्ने दर | ११.६ | ९ | ७ | ५ | ४ | ३ |
| २.१ | कक्षा १–५ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९४ | ०.९६ | ०.९८ | ०.९९ | १. | १. |
| २.१२ | कक्षा ६–८ मा खुद भर्ना दर | ९४.९ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| २.१३ | कक्षा ६–८ मा कुल भर्ना दर | १०६.७ | १०५ | १०३ | १०२ | १०१ | १०० |
| २.१४ | कक्षा ६–८ को कक्षा दोहोऱ्याउने दर | ३.५ | ३ | २.५ | २ | १.५ | १ |
| २.१५ | कक्षा ६–८ को कक्षा छाड्ने दर | १३.५ | १० | ८ | ६ | ५ | ४ |
| २.१७ | कक्षा ६–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | १.०५ | १.०३ | १.०२ | १.०१ | १. | १. |
| २.१८ | कक्षा १–८ मा खुद भर्ना दर | ९३.४ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २.१९ | कक्षा १–८ मा कुल भर्ना दर | ११७.७ | ११६ | ११० | १०५ | १०३ | १०० |
| २.२ | कक्षा ८ सम्मको टिकाउ दर (Survival Rate) | ८७.४ | ९० | ९२ | ९४ | ९६ | ९७ |
| २.२२ | कक्षा १–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९७ | ०.९७ | ०.९८ | ०.९८ | ०.९९ | १. |
| २.२३ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत ( १–५) | २८.८३ | ३० | ३५ | ४० | ४५ | ४५ |
| **३. माध्यमिक तह** | | | | | | | |
| ३.१ | कक्षा ९–१० मा कुल भर्ना दर | ९०.० | ९२ | ९४ | ९६ | ९८ | १०० |
| ३.२ | कक्षा ९–१० मा खुद भर्ना दर | ८८.६ | ९० | ९२ | ९४ | ९६ | ९८ |
| ३.३ | कक्षा ९–१० को कक्षा छाड्ने दर | ५.५ | ४.५ | ३.५ | ३ | २.५ | २ |
| ३.४ | कक्षा ९–१० को कक्षा दोहोऱ्याउने दर | १.४ | १.२ | १. | ०.८ | ०.६ | ०.५ |
| ३.५ | कक्षा १० सम्मको टिकाउ दर (Survival Rate) | ६६.९ | ७२ | ७८ | ८४ | ९० | ९४ |
| ३.६ | कक्षा ९–१० मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९६ | ०.९८ | ०.९९ | १. | १. | १. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.७ | कक्षा ११–१२ मा कुल भर्ना दर | ५८.६ | ६५ | ७२ | ७८ | ८५ | ९० |
| ३.८ | कक्षा ११–१२ मा खुद भर्ना दर | २३.५ | ३० | ३८ | ४५ | ५२ | ६० |
| ३.१२ | कक्षा ११–१२ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९३ | ०.९६ | ०.९८ | ०.९९ | १. | १. |
| ३.१३ | कक्षा ९–१२ मा कुल भर्ना दर | ७६.२ | ८० | ८५ | ८० | ९५ | १०० |
| ३.१४ | कक्षा ९–१२ मा खुद भर्ना दर | ५९.९ | | | | | |
| ३.१७ | कक्षा ९–१० मा कार्यरत महिला शिक्षकको प्रतिशत | ०.० | ५ | ८ | १३ | २० | २५ |
| **४. प्राविधिक शिक्षा** | | | | | | | |
| ४.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | | | | | | |
| **५. अनुपात** | | | | | | | |
| ५.१ | कक्षा १–५ मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ५३.८४ | ५० | ४८ | ४५ | ४५ | ४० |
| ५.२ | कक्षा ६–८ मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ११७.२९ | ९० | ७० | ५० | ५० | ४० |
| ५.४ | कक्षा ९–१० मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ६९.२ | ६० | ५० | ५० | ४८ | ४० |
| ५.५ | कक्षा ९–१२ मा विद्यार्थी–शिक्षक अनुपात | १३०.८ | १०० | ८० | ६० | ४५ | ४० |
| **६. शिक्षामा लगानी** | | | | | | | |
| ६.१ | कुल बजेटमध्ये शिक्षाका लागि विनियोजित बजेटको प्रतिशत | २१.३ | २२ | २३ | २४ | २५ | २५+ |
| ६.२ | कूल शिक्षा बजेटमा संघीय तहबाट विनियोजित बजेट | ८९.३ | ८५ | ८० | ७५ | ७० | ६५ |
| ६.३ | प्रदेश तहबाट विनियोजित बजेट | | ५ | ८ | १० | १२ | १५ |
| ६.४ | स्थानीय तहबाट विनियोजित बजेट | ७.७ | १० | १२ | १५ | १८ | २० |

## परिच्छेद तीन : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले चार वर्ष उमेर पुगेका बालबालिकालाई आधारभूत शिक्षा र सर्वाङ्गीण विकास (शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक) मा सहयोग गर्दछ। नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार यस कार्यक्रम एक वर्षका लागि सञ्चालन गरिन्छ। पन्ध्रौं योजना र सबैला नगरपालिकाको दशबर्से शिक्षा योजनामा यसलाई उच्च प्राथमिकतामा समावेश गरिएको छ। कार्यक्रमको सफल कार्यान्वयनका लागि सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, विद्यालय, समुदाय र सरोकारवालाहरूको सहयोग आवश्यक छ।

#### ३.१.२ वर्तमान अवस्था

सबैला नगरपालिकाभित्र कुल ४२ वटा बालविकास सहजकर्ता छन्। उनीहरूले विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा रहेका ५७४ छात्रा र ५८३ छात्र गरी कुल ११५७ बालबालिकाको विकास र सिकाइमा सहयोग गरिराखेका छन्। चार वर्ष उमेर समूहका बालबालिकामध्ये ५६.९ प्रतिशत बालविकास केन्द्रमा भर्ना भएका छन् भने कक्षा १ मा बालविकास केन्द्रको अनुभवसहित भर्ना हुने प्रतिशत ७४.९ रहेको २०८२ सालको फ्ल्यास प्रतिवेदन अनुसार देखिएको छ।

#### ३.१.३ प्रमुख समस्याहरू

१. बालविकास केन्द्रमा वालबिकासको पाठ्यक्रमनुसार सिकाइ तथा व्यवस्थापन गर्नु।
२. सबै सिकाइ आवश्यकता भएका बालबालिकाहरूका लागि बालमैत्री र प्रविधिमैत्री सिकाइ वातावरणको कमी।
३. सिकाइ मापदण्डहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु।
४. समावेशी सिकाइ सामग्री अपर्याप्त।
५. बालविकास सहजकर्ताको पेसागत क्षमता विकासका अवसरहरूको कमी, र समावेशी शिक्षाको ज्ञानको कमी।
६. सरोकारवालाहरूको न्यून सहभागिता।
७. अभिभावकमा बालविकास र सिकाइप्रति सचेतनाको कमी।
८. वित्तीय स्रोतको अभाव।
९. स्वास्थ्य, पोषण र दिवा खाजाको उचित व्यवस्थापनमा कठिनाइ।

#### ३.१.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरू:**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु।
२. चार वर्ष उमेर पूरा भएका सबै बालबालिकाहरूको सर्वाङ्गीण पक्षको विकास गर्नु।
३. बालविकास केन्द्रमा सुरक्षित, अपाङ्गतामैत्री, बालमैत्री र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्नु।

**रणनीतिहरू तथा कार्यनीतिहरूः**

१. सबै बालबालिकाको, विशेष गरी अवसरबाट वञ्चित, अति सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाको पहिचान।
२. बालबालिकालाई भर्ना र निरन्तरता सुनिश्चित गर्न प्रोत्साहन।
३. अभिभावकलाई बालबालिकाको संरक्षण, स्याहार, पोषण र विकासमा सचेत र अभियानमा संलग्न बनाउने।
४. बालविकास केन्द्रका बालबालिकाहरूलाई खाजाको व्यवस्था गर्नका लागि हरेक विद्यालयहरूले अभिभावकसँग साझेदारी गरी व्यवस्थापनको ढाँचा अबलम्बन गरिने ।
५. बालविकास क्षेत्रमा क्रियाशील संघ/संस्थासँग सहकार्य र साझेदारी।
६. बालसिकाइ मापदण्डको निर्माण र कार्यान्वयन ।
७. सिकाइ सामग्रीको व्यवस्थित व्यवस्थापन।
८. हरेक बालविकास केन्द्रमा बालउद्यान निर्माण र व्यवस्थापन।
९. शिक्षकको निरन्तर पेसागत क्षमता विकास।
१०.प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ कार्यान्वयनलाई अनिवार्य गरिने।
११.सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सिकाइ र विकासको अभिन्न अङ्ग बनाउने।
१२.भौतिक पूर्वाधार विकास र व्यवस्थापनमा जोड।
१३. शिक्षक र कर्मचारीद्वारा समावेशी बालमैत्री व्यवहार सुनिश्चितता।
१४. विद्यालयबाहिर रहेका बालबालिकालाई भर्ना अभियानमार्फत ल्याउने।
१५. गरिब, अपाङ्गता भएका, दलित र अति सीमान्तकृत बालबालिकाको पोषण र खाजाको व्यवस्था।
१६. बालकक्षा व्यवस्थापन र सिकाइ सहजीकरणका लागि विभिन्न संस्थासँग लागत साझेदारी।
१७. न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्न सिकाइ मापदण्ड निर्माण र कार्यान्वयन।
१८. सिकाइ कुना र बालउद्यान निर्माणका लागि अनुदानको व्यवस्था।
१९. शिक्षक र कर्मचारीका लागि विभिन्न क्षमता विकास तालिम।
२०. संघ/संस्था, क्लब र निजी क्षेत्रसँग समन्वयमार्फत बालउद्यान, खेल सामग्री र सूचना प्रविधि व्यवस्थापन।
२१. भवन निर्माण र भौतिक पूर्वाधारको पहुँच परीक्षण।
२२.प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना।
२३.बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित कक्षा निर्माणका लागि स्रोत व्यवस्थापन।
२४.समतामूलक र समावेशी पद्धतिमा बालविकास केन्द्रहरूको सञ्चालन।

### ३.१.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्।
२. अपाङ्गता भएका, सीमान्तकृत, गरिब, विपन्न लगायत सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर पाएका हुनेछन्।

**नतिजाः**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्र प्रतिशत | ५०. | ६० | ७० | ८० | ९० | १०० |
| २. | बालविकासको खुद भर्ना दर | ५६.९ | ६५ | ७५ | ८५ | ९२ | ९६ |
| ३. | बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ७४.९ | ८० | ८६ | ९० | ९४ | ९७ |

## ३.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्ड निर्माण | पटक | १ | | | | | | १ |
| २ | प्रारम्भिक बालविकास न्यूनतम मापदण्ड प्रबोधीकरण | जना | २१ | २१ | | | | | ४२ |
| ३ | वडागत नमुना बालविकास केन्द्रको विकास | वडा संख्या | १ | ४ | ३ | २ | २ | १ | १३ |
| ४ | बालविकास केन्द्रका लागि अपाङ्गमैत्री कक्षा कोठा र शौचालय व्यवस्था | संख्या | ५ | ५ | १० | २ | २ | १ | २५ |
| ५ | सबै बालविकास केन्द्रमा बालमैत्री र सुविधा सम्पन्न सिकाइ कक्ष व्यवस्था | संख्या | ५ | १० | ५ | ५ | | | २५ |
| ६ | बालउद्यान निर्माण | संख्या | ५ | १२ | ३ | ३ | २ | | २५ |
| ७ | केन्द्रमा समावेशी खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | संख्या | ३ | ६ | १० | ४ | १ | १ | २५ |
| ८ | अभिभावक शिक्षा | निरन्तर | | | | | | | |
| ९ | सहजकर्ताका लागि मन्टेसरी तालिम | जना | | १५ | १५ | १२ | | | ४२ |
| १० | व्यवस्थापन समितिका पदाधिकारी अभिमुखीकरण | जना | | २५ | २५ | १० | १५ | | ७५ |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | केन्द्र | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १२ | अनुगमन, सुपरिवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | ५ | ५ | ४ | ४ | ४ | ३ | २५ |
| १३ | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ३० |
| १४ | क्लस्टर बैठक | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | २४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | हरेक बर्ष उत्कृष्ट बालविकास शिक्षक सम्मान कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० |

## ३.१.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्ड निर्माण | | २५ | | | | | २५ |
| २ | प्रारम्भिक बालविकास न्यूनतम मापदण्ड प्रबोधीकरण | २० | २० | | | | | ४० |
| ३ | वडागत नमुना बालविकास केन्द्रको विकास | ५० | १०० | १०० | १०० | १०० | ५० | ५०० |
| ४ | बालविकास केन्द्रका लागि अपाङ्गमैत्री कक्षा कोठा र शौचालय व्यवस्था | ५ | ५ | १० | २ | २ | १ | २५ |
| ५ | सबै बालविकास केन्द्रमा बालमैत्री र सुविधा सम्पन्न सिकाइ कक्ष व्यवस्था | ५ | १० | ५ | ५ | | | २५ |
| ६ | बालउद्यान निर्माण | ५ | १२ | ३ | ३ | २ | | २५ |
| ७ | केन्द्रमा समावेशी खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | ३ | ६ | १० | ४ | १ | १ | २५ |
| ८ | अभिभावक शिक्षा | | | | | | | |
| ९ | सहजकर्ताका लागि मन्टेसरी तालिम | | १५ | १५ | १२ | | | ४२ |
| १० | व्यवस्थापन समितिका पदाधिकारी अभिमुखीकरण | | १० | १० | ५ | १० | | ३५ |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १२ | अनुगमन, सुपरिवेक्षण सहयोग तथा सहजीकरण | २ | २ | २ | २ | २ | २ | १२ |
| १३ | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | ५ | ३० |
| १४ | क्लस्टर बैठक | ४ | ४ | ४ | ४ | ४ | ४ | २४ |
| १५ | हरेक बर्ष उत्कृष्ट बालविकास शिक्षक सम्मान कार्यक्रम | | २ | २ | २ | २ | २ | १० |
| **कुल जम्मा** | | **९९** | **२२१** | **१७१** | **१४९** | **१३३** | **७०** | **८४३** |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा (कक्षा १–८) बालबालिकाको सर्वाङ्गीण विकास, जीवनोपयोगी सिपको विकास तथा गुणस्तरीय सिकाइको आधार तयार गर्ने महत्त्वपूर्ण तह हो । नेपालको संविधान र शिक्षा ऐनले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क रूपमा सुनिश्चित गरेको छ। यस तहको शिक्षाले साक्षरता, संख्यात्मक सिप, सामाजिक–भावनात्मक विकास, नैतिक मूल्य, समावेशी सोच तथा नागरिक चेतनाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । स्थानीय तहमा आधारभूत शिक्षाको प्रभावकारी व्यवस्थापन, पहुँच विस्तार, समावेशीता, सिकाइ उपलब्धि सुधार तथा विद्यालयमा टिकाइ सुनिश्चित गर्नु प्रमुख दायित्व रहेको छ । विशेष गरी विद्यालयबाहिर रहेका बालबालिका, अपाङ्गता भएका बालबालिका, दलित, सीमान्तकृत तथा आर्थिक रूपमा विपन्न समुदायका बालबालिकालाई शिक्षामा मूलप्रवाहीकरण गर्नु पनि आधारभूत शिक्षाको महत्त्वपूर्ण पक्ष हो ।

### ३.२.२ वर्तमान अवस्था

सबैला नगरपालिकामा शैक्षिक सत्र २०८२ सम्म कक्षा १–८ सम्म सञ्चालन भएका जम्मा २५ वटा सामुदायिक र २१ वटा धार्मिक (मदरसा) विद्यालय रहेका छन् । तीमध्ये मदरसा १-५ कक्षासम्म मात्रै संचालित छन् । सामुदायिक विद्यालय कक्षा १-८ सञ्चालन भएका १४ वटा, कक्षा १–५ सञ्चालन भएका २५ वटा विद्यालय रहेका छन् । यसका अतिरिक्त कक्षा १–८ सञ्चालन हुने २७ वटा संस्थागत विद्यालय समेत गरी नगरपालिकामा जम्मा ७३ वटा आधारभूत विद्यालयहरू रहेका छन् ।

कक्षा १ देखि ८ सम्म सबै प्रकारका विद्यालयमा कुल १४२९२ जना विद्यार्थी अध्ययनरत छन् जसमध्ये ६८६९ बालिका, ७४२५ बालक, २४४१ दलित, ५८३ जनजाति र ५५ जना अपाङ्गता भएका विद्यार्थी छन् । सामुदायिक विद्यालयतर्फ कुल ८६०२ जना विद्यार्थी अध्ययनरत छन् । नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषण गर्दा आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर ९३.४ प्रतिशत र कुल भर्ना दर ११७.७ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत ७४.९ रहेको छ भने कक्षा ८ को टिकाउ दर ८७.४ प्रतिशत रहेको देखिन्छ ।

### ३.२.३ प्रमुख समस्याहरू

१. शिक्षक विद्यार्थी अनुपात र कक्षा ६-८ मा बिषयगत शिक्षक व्यवस्थापन गर्न नसक्नु ।
२. अपेक्षित शैक्षिक गुणस्तर र सिकाइ उपलब्धि सुधार गर्न नसक्नु ।
३. विद्यालयमा तहगत र विषयगत शिक्षक दरबन्दीको उच्च व्यवस्थापन गर्न नसक्नु ।
४. शिक्षकहरूको पेसागत क्षमताको विकासका अवसरहरूको कमी ।
५. विद्यालयमा शिक्षण–सिकाइ अनुकूल वातावरण तथा पूर्वाधार र प्रविधिको निर्माणमा कमी ।
६. शिक्षण प्रविधिमैत्री र सबै खालका विद्यार्थीहरूको सिकाइ आवश्यकता परिपूर्ति गर्न नसक्नु ।
७. शैक्षिक संस्थाको नक्साङ्कनका आधारमा विद्यालयहरूको समायोजन र पुनर्वितरण गर्न नसक्नु ।
८. विद्यार्थीहरूको सिकाइ सहजीकरणका लागि हरेक विद्यालयमा पर्याप्त सन्दर्भ/स्रोतसामग्री र पुस्तकालयको सञ्चालन तथा व्यवस्थापन गर्न नसक्नु ।
९. विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु र चाडपर्व, र मौसमी बसाइँसराइको समयमा विद्यार्थी विद्यालयमा उपस्थित नहुनु ।

१०.शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी ।
११.विद्यार्थीहरूलाई स्वास्थ्य, र पोषणको व्यवस्थापनमा कमी ।
१२.दुबै तह १-५ र ६-८ कक्षामा विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर कायमै रहनु ।
१३.विद्यालय व्यवस्थापन र सहयोगका लागि आवश्यक संरचनाहरू जस्तै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिको समयमा नै गठन तथा नियमन हुन नसक्नु ।
१४. प्रधानाध्यापक शैक्षिक नेतृत्वभन्दा बढी प्रशासनिक नेतृत्वमा नै व्यस्त हुनु ।

### ३.१.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरुः**

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने ।
४. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने ।
५. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने ।
६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।
७. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने ।
८. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने ।

**रणनीतिहरू तथा कार्यनीतिहरू**

१. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालयबाहिर बालबालिकाहरू नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
२. जोखिममा परेका, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरू तथा सीमान्तकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
३. अति विपन्न बालबालिकालाई अभिभावकत्व ग्रहण गराइने छ ।
४. विद्यार्थीलाई टिकाइ राख्न खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
५. छात्रवृत्ति कार्यक्रमलाई वर्षको १ पटक छात्रवृत्ति वितरण दिवसका रूपमा मनाउँदै थप प्रभावकारी बनाइने छ ।
६. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको सङ्ख्यालाई क्रमशः न्यूनीकरण गर्दै लगिनेछ ।
७. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।
८. प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनतम भौतिक व्यवस्था भवन, शौचालय, खानोपानीको व्यवस्थाका लागि अन्य सरकारहरूसँग पनि समन्वय गर्दै गरिनेछ ।
९. सामान्य मर्मत सम्भार गरी व्यवस्थापन गरिने भौतिक व्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गर्दै अगाडि बढाइनेछ ।

१०. भौतिक निर्माणको कार्यलाई आफ्नो विद्यालय आफैं बनाऔं भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने छ।

११. निर्माणात्मक मूल्याङ्कनको लागि मासिक टेस्ट लिंदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिनेछ।

१२. शिक्षक विद्यार्थीमार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिनेछ।

१३. शिक्षकलाई शिक्षण सुधार योजना पाठ नोट अनिवार्य गरिनेछ।

१४. विद्यार्थी केन्द्रित शिक्षण, समावेशी सिकाई तथा परियोजना कार्यलाई पहिलो सर्तका रूपमा स्वीकार्दै शिक्षण कार्य अगाडि बढाइने छ।

१५. लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधिमार्फत शिक्षण सिकाइलाई उच्च प्राथमिकता प्रदान गरिनेछ।

१६. शिक्षकले कक्षाकोठामा बिताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने छ।

१७. सिकाइका लागि मूल्याङ्कन प्रणालीको आधारमा आधारभूत तह कक्षा १–३ को मूल्याङ्कन प्रणाली सञ्चालन गरिनेछ।

१८. स्तरीकृत परीक्षा सञ्चालन गरिनेछ।

१९. परीक्षाबाट प्राप्त अङ्कलाई विद्यालयस्तर तथा पालिकास्तरमा विश्लेषण र समीक्षासहित सुधार योजना तयार गरी लागू गरिनेछ।

२०. अभिभावक सचेतना कार्यक्रम मार्फत अभिभावक परिचालन गरिनेछ।

२१. हरेक चौमासिकमा सिकाइ सञ्चारका लागि अभिभावक सम्मेलन गरिनेछ।

२२. विद्यालयमा अभिभावकहरूबाट दैनिक भम्रणको व्यवस्था मिलाइने छ।

२३. पालिकामा क्रमशः निश्चित मापदण्डको आधारमा हरेक वडामा एक नमुना आधारभूत विद्यालय स्थापना गरिनेछ।

२४. कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरूलाई निरन्तर गरिनेछ।

२५. कक्षा ४ र ५ सम्मका बालबालिकाहरूका लागि पठन सिपमा आधारित सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा व्यवस्थापन सुनिश्चित गर्दै समयानुकूल, जीवनोपयोगी, व्यावहारिक, गणितीय सिप सहितको अन्य विषयको शिक्षण सिकाइसिकाइमा केन्द्रित क्रियाकलापहरूलाई निरन्तरता दिइनेछ।

२६. कक्षा ६ देखि ८ सम्मका आधारभूत तह पूरा गर्ने प्रत्येक उमेर समूहका बालबालिकाहरूमा रहेको अन्तरनिहित प्रतिभा समेतको अवसरलाई सुनिश्चित गरिनेछ।

२७. भाषागत पठन सिपका आधारमा माध्यमिक शिक्षा प्रवेशको लागि गुणस्तरीय, व्यावहारिक तथा गणितीय सिप विकासको जीवन उपयोगी पक्षको सिकाइलाई सुनिश्चितता गरिनेछ।

२८. प्रविधिमैत्री क्रियाकलापहरूलाई निरन्तरता दिँदै अनिवार्य आधार शिक्षा प्रदान गरी माध्यमिक शिक्षामा प्रवेश गर्ने अवसर प्रदान गरिनेछ।

२९. छापामय कक्षा कोठा व्यवस्थापन नभएका कक्षा १ देखि ३ सम्मका बाँकी विद्यालयहरूलाई आगामी २ वर्षभित्र कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरी पूरा गरिनेछ।

३०.स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वयम् सिकाइ एवम् गणितीय सिप विकास गर्ने सामग्रीहरूलाई उचित व्यवस्थापन तथा प्रयोगमा अनिवार्यता गरी सो को अभिलेखीकरण गरिनेछ ।

३१.प्रविधिमैत्री कक्षा कोठा व्यवस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्युटर लगायतको सुविधा अभिवृद्धिका लागि बजेट व्यवस्थापन गरिनेछ।

३२.कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि आवश्यकताका आधारमा शैक्षिक सामग्री व्यवस्थापन शीर्षकमा अनुदानको व्यवस्था गरिनेछ।

३३.कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन सहित पठन सिपमा आधारित एवम् कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन गरिनेछ।

३४.कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि पठन सिप विकासका लागि पालिकास्तरीय पढाइमेला तथा प्रतियोगिता सञ्चालनमा आवश्यक बजेट समेतको व्यवस्थापन गरिनेछ।

३५.असल अभिभावक पहिचान गरी अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

३६.विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिकास्तरीयसिविएग्रा सञ्चालन र उत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम

३७.प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक क्षमता पहिचान गरी सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयनको व्यवस्था मिलाइने छ।

३८.कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरूबीच उमेर समूहका आधारमा लेखन सिप सम्बन्धी पालिकास्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ।

३९.कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरूमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम विज्ञान गणित तथा सामाजिक विषयवस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामग्री निर्माण सम्बन्धी पालिकास्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ।

४०.राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ को कार्यान्वयन गर्दै स्थानीय पाठ्यक्रममार्फत स्थानीय उत्पादन र स्वरोजगारीमा सिकारुलाई जोडिनेछ।

४१.आधारभूत तहको स्थानीय पाठयक्रमको निर्माण तथा परिमार्जन गरी कक्षा १–८ मा २०७९ शैक्षिक सत्रदेखि सबैला नगरपालिका भरि लागू गरिनेछ।

४२.संघीय मापदण्ड अनुसार यस नगरपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरूको पुनः वितरण तथा संयोजन गर्दै लाने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

४३.अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमा गरी स्रोत व्यवस्थापन मिलाइनेछ।

४४.सबैला नगरपालिका भित्रका आधारभूत तहमा उच्चतम् सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको थप सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई पालिकाप्रति जवाफदेही बनाइने छ।

४५.सबै आधारभूत विद्यालयमा शुद्ध खानेपानी, शौचालय, भौतिक सुविधा बालमैत्री समावेशी सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ।

४६. सबै आधारभूत तहमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउन आवश्यक लगानीको प्रबन्ध गरिनेछ ।
४७. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभभावक संघका पदाधिकारीहरूको क्षमता विकास एवम् अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
४८. बालिका, अपाङ्गता भएका, गरिब तथा विपन्न बालबालिकाहरूको सिकाइ अवस्था सुधार्न विशेष प्याकेज सञ्चालनमा ल्याइनेछ ।
४९. विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता स्थानीय स्वास्थ्य एकाइको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ ।
५०. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवाखाजाको व्यवस्थापनलाई थप व्यवस्थित गर्न विद्यालय, अभिभावक, स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवाखाजा कार्यक्रम थप व्यवस्थित बनाइनेछ ।
५१. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ स्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरी सुधारका क्षेत्रहरू पहिचान गरिनेछ ।
५२. आधारभूत तहमा शिक्षक तयारी विकास एवम् सहायतता प्रणालीको व्यवस्था गरिनेछ ।
५३. घरधुरी सर्वेक्षण गरी विद्यालय उमेरका बालबालिकाको सङ्ख्या यकिन गर्ने संयन्त्र तयार पारिनेछ ।
५४. कक्षा ३ सम्मको लागि आधा घण्टा, कक्षा ५ सम्म ४० मिनेट र माध्यमिक तहको विद्यालयसम्म पुग्न १ घण्टाभन्दा बढी समय लाग्ने अवस्था नहुने गरी सबैला क्षेत्रमा आवश्यक जम्मा विद्यालय सङ्ख्या निश्चित गर्ने कुराको सुनिश्चितता मिलाइनेछ ।
५५. सबैला नगरपालिका क्षेत्रका विद्यालय उमेरका कुनै पनि बालबालिका विद्यालयबाहिर नरहेको सुनिश्चत गर्ने कुरालाई अभियानको रूपमा नै कार्यक्रम तर्जुमा गरिनेछ ।
५६. भौगोलिक विकटता, जनसङ्ख्या र विद्यमान विद्यालयसम्म पुग्न लाग्ने समय समेतलाई विश्लेषण गरी वडा समितिको सिफारिस समेतका आधारमा आवश्यक विद्यालय स्थापना, तह थप, तह मिलान तथा गाभ्ने समेतका कार्य सम्पन्न गरिनेछ ।
५७. विद्यालय उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई वैकल्पिक शिक्षा तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गरी शैक्षिक अवसर उपलब्ध गराउइने छ यसका लागि सामुदायिक अध्ययन केन्द्रमार्फत कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
५८. सबै विद्यालयमा अभिभावक कोषको स्थापना गर्ने र अभिभावकहरूलाई विद्यालयका हरेक गतिविधिमा संलग्न गराउने परिपाटी बसाइनेछ ।
५९. बालबालिकाहरूलाई विद्यालयसम्म ल्याउन, विद्यालयमा टिकाइ राख्न, सिकाउन र बिकाउन अभिभावक शिक्षा कार्यक्रम तथा अन्य प्रोत्साहनका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
६०. अपाङ्गता भएका बालबालिकाहरूका लागि उनीहरूको अनुकूल शैक्षिक संस्थामार्फत सहज शैक्षिक वातावरण सिर्जना गर्ने वातावरण मिलाइने छ ।
६१. गरिब, अभिभावकविहीन, अनाथ बालबालिकाहरूको लागि आवासीय विद्यालयमार्फत शैक्षिक पहुँचको सुनिश्चितता गरिनेछ ।

### ३.२.५ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा अपाङ्गता भएका, सीमान्तकृत, गरिब, विपन्न लगायत सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर वृद्धि भएको हुनेछ ।
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाले आधारभूत तहको शिक्षा पूरा गरेका हुनेछन् ।
३. शैक्षिक सुशासन कायम भई समुदाय, विद्यालय र पालिकाबीच सुमधुर सम्बन्ध कायम भएको हुनेछ ।

**नतिजा**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | कक्षा १–५ मा खुद भर्ना दर | ९२.९ | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| २. | कक्षा १–५ को कक्षा छाड्ने दर | ११.६ | ९ | ७ | ५ | ४ | ३ |
| ३. | कक्षा १–५ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९४ | ०.९६ | ०.९८ | ०.९९ | १. | १. |
| ४. | कक्षा ६–८ मा खुद भर्ना दर | ९४.९ | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ५. | कक्षा १–८ मा खुद भर्ना दर | ९३.४ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| ६. | कक्षा ८ सम्मको टिकाउ दर | ८७.४ | ९० | ९२ | ९४ | ९६ | ९७ |

## ३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| **१** | विद्यालयबाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरूकको नक्साङ्कन | **पटक** | | १ | | | | | **१** |
| २ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउन सचेतनामूलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन | पटक | | २ | २ | २ | २ | २ | **१०** |
| **३** | विद्यालय नक्साङ्कन, पुनः वितरण तथा समायोजन | पटक | | १ | | | | १ | **२** |
| **४** | नगर अनुदान शिक्षकको व्यवस्था | निरन्तर | | ६ | ६ | ६ | ६ | ६ | **३०** |
| ५ | शिक्षक र स्वास्थ्य सेवा मार्फत अपाङ्गताको पहिचान | पटक | | २ | २ | २ | २ | २ | **१०** |
| **६** | पोषणयुक्त दिवाखाजा तथा स्वास्थ्य कार्यक्रम व्यवस्थापन | दिन | २०५ | ४१० | ४१० | ४१० | ४१० | ४१० | **२२५५** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम | ओटा | ३ | ९ | ९ | ९ | ९ | ९ | **४८** |
| ८ | शैक्षिक नेतृत्व विकास कार्यक्रम सञ्चालन | ओटा | | २ | २ | २ | २ | २ | **१०** |
| ९ | विद्यालय व्यवस्थापन र सुदृढीकरण कार्यक्रम | ओटा | | २ | २ | २ | २ | २ | **१०** |
| **१०** | शिक्षकहरूको समावेशी सिकाइ रणनीति र प्रविधि ज्ञान सिप विकास कार्यक्रम | शिक्षक | | २५ | २५ | २५ | २५ | २५ | **१२५** |
| **११** | विद्यालयलाई प्रविधि उपकरण सहयोग | विद्याल य | | २ | २ | २ | २ | २ | **१०** |
| **१२** | प्रकोप, सङ्कट तथा महामारीजस्ता परिस्थितिबाट बाँच्न सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | १ | २ | २ | २ | २ | २ | **११** |
| **१३** | टुहुरा बालबालिकाको लागि आवासीय विद्यालय सञ्चालन | विद्याल य | | १ | | | | | **१** |
| **१४** | डे बोर्डस सञ्चालन | विद्याल य | | २ | १ | १ | १ | १ | **६** |
| **१५** | सिकाइ क्षति परिपूरण कार्यक्रम | विद्याल य | २५ | २५ | २५ | २५ | २५ | २५ | **१५०** |
| **१६** | सामुदायिक सिकाइ केन्द्रको सक्रियतामा वैकल्पिक सिकाइ सहजीकरण कार्यक्रम | संख्या | १ | २ | २ | २ | २ | २ | **११** |
| **१७** | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | विद्याल य | २ | २ | २ | २ | २ | २ | **१२** |
| **१८** | प्रारम्भिक कक्षाहरूमा पढाइ–लेखाइ क्षमता विकास कार्यक्रम | विद्याल य | | २ | ४ | ५ | ७ | ७ | **२५** |
| **१९** | तहगत इन्चार्जहरूको क्लस्टर बैठक | संख्या | | ६ | ६ | ६ | ६ | ६ | **३०** |
| **२०** | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | **२४** |
| **२१** | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | संख्या | १ | २ | २ | २ | २ | २ | **११** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **२२** | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन | संख्या | १ | २ | २ | २ | २ | २ | **११** |
| **२३** | सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग र क्षमता विकास | विद्यालय | | ३ | ४ | ४ | ४ | ५ | **२०** |
| **२४** | शैक्षिक प्रदर्शनी सञ्चालन | विद्यालय | | २ | २ | २ | २ | २ | **१०** |
| **२५** | विभिन्न सङ्घ/संस्थाहरूसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन | विद्यालय | | २ | २ | २ | २ | २ | **१०** |

## ३.२.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **बजेट ने.रु. हजारमा** | | | | | | **कुल** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८२** | **२०८४** | **२०८६** | **२०८८** | **२०९०** | **२०९२** | |
| १ | विद्यालयबाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरूकको नक्साङ्कन | | ३०० | | | | | ३०० |
| २ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउन सचेतनामूलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन | | ३० | २५ | 25 | २५ | २० | १२५ |
| ३ | विद्यालय नक्साङ्कन, पुनः वितरण तथा समायोजन | | ५० | | | | ४० | ९० |
| ४ | नगर अनुदान शिक्षकको व्यवस्था | | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० |
| ५ | शिक्षा र स्वास्थ्य सेवामार्फत अपाङ्गताको पहिचान | | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ६ | पोषणयुक्त दिवाखाजा तथा स्वास्थ्य कार्यक्रम व्यवस्थापन | २५ | ५० | ५० | ५० | ५० | ५० | २७५ |
| ७ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम | ४५ | १३५ | १३५ | १३५ | १३५ | १३५ | ७२० |
| ८ | शैक्षिक नेतृत्व विकास कार्यक्रम सञ्चालन | | ३० | ३० | ३० | ३० | ३० | १५० |
| ९ | विद्यालय व्यवस्थापन र सुदृढीकरण कार्यक्रम | | ६० | ६० | ६० | ६० | ६० | ३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षकहरूको समावेशी सिकाइ रणनीति र प्रविधि ज्ञान सिप विकास कार्यक्रम | | २५० | २५० | २५० | २५० | २५० | १२५० |
| ११ | विद्यालयलाई प्रविधि उपकरण सहयोग | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| १२ | प्रकोप, सङ्कट तथा महामारीजस्ता परिस्थितिबाट बाँच्न सचेतनामूलक कार्यक्रम सञ्चालन | २५ | ५० | ५० | ५० | ५० | ५० | २७५ |
| १३ | टुहुरा बालबालिकाको लागि आवासीय विद्यालय सञ्चालन | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० |
| १४ | डे बोर्डस सञ्चालन | | ६०० | ३०० | ३०० | ३०० | ३०० | १८०० |
| १५ | सिकाइ क्षति परिपूरण कार्यक्रम | ४५० | ४५० | ४५० | ४५० | ४५० | ४५० | २७०० |
| १६ | सामुदायिक सिकाइ केन्द्रको सक्रियतामा वैकल्पिक सिकाइ सहजीकरण कार्यक्रम | ६०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६६०० |
| १७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | ५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | ३०००० |
| १८ | प्रारम्भिक कक्षाहरूमा पढाइ–लेखाइ क्षमता विकास कार्यक्रम | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| १९ | तहगत इन्चार्जहरूको क्लस्टर बैठक | | ६० | ६० | ६० | ६० | ६० | ३०० |
| २० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | ६० | ६० | ६० | ६० | ६० | ६० | ३६० |
| २१ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | २०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २२०० |
| २२ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन | २० | ४० | ४० | ४० | ४० | ४० | २२० |
| २३ | सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग र क्षमता विकास | | ६०० | ८०० | ८०० | ८०० | १००० | ४००० |
| २४ | शैक्षिक प्रदर्शनी सञ्चालन | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| २५ | विभिन्न सङ्घ/संस्थाहरूसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन | | ८००० | ८००० | ८००० | ८००० | ८००० | ४०००० |
| **कुल जम्मा** | | **६४२५** | **२१२१५** | **२०७६०** | **२०७६०** | **२०७६०** | **२०९९५** | **११०९१५** |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको विद्यालय शिक्षा संरचनाअनुसार कक्षा ९ देखि १२ सम्मको चारबर्से शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यस्तै, अनिवार्य

तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म शिक्षा उपलब्ध गराउने दायित्व राज्यको हुने व्यवस्था गरेको छ। माध्यमिक शिक्षामा साधारण, परम्परागत तथा प्राविधिक–व्यावसायिक धारहरू समावेश छन्। यस तहमा एकलपथीय पाठ्यक्रमको नीति अवलम्बन गरिएको छ। कक्षा ९ र १० मा वार्षिक ३२ पाठ्यघण्टा तथा कक्षा ११ र १२ मा वार्षिक कम्तीमा २७–३२ पाठ्यघण्टाको विषयवस्तु समेटिएको छ। यस तहको शिक्षाले विद्यार्थीहरूमा - मानवीय मूल्य, लोकतान्त्रिक संस्कार र राष्ट्रिय पहिचानप्रति सचेत नागरिक बन्ने, विविधता, सहअस्तित्व र सद्भाव आत्मसात गर्दै समतामूलक समाज निर्माणमा योगदान गर्ने, दैनिक जीवनमा भाषिक, सञ्चार तथा गणितीय सिपको प्रयोग गर्ने, श्रमप्रति सम्मान गर्दै रोजगार र उद्यमतर्फ अग्रसर हुने, प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण गरी सकारात्मक व्यवहार प्रदर्शन गर्ने क्षमताहरू विकास गर्ने लक्ष्य राखेको छ। विद्यार्थीहरूको मूल्याङ्कन तथा स्तर निर्धारणका लागि कक्षा १० को अन्तिम परीक्षा प्रदेशस्तरबाट र कक्षा १२ को परीक्षा संघीय स्तरबाट सञ्चालन हुने व्यवस्था रहेको छ, जुन राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत सञ्चालन हुन्छ।

### ३.३.२ वर्तमान अवस्था

नगरपालिकामा शैक्षिक सत्र २०८२ सम्म कक्षा १–१२ सञ्चालन भएका सामुदायिक विद्यालयहरूको संख्या ६ रहेको छ, जसमध्ये कक्षा १–१० सञ्चालन भएका २ (१ सामुदायिक र १ संस्थागत) वटा र कक्षा १–१२ सञ्चालन भएका ४ वटा विद्यालय रहेका छन्। शैक्षिक सत्र २०८२ मा कक्षा ९–१२ मा जम्मा १२७५ जना विद्यार्थी अध्ययनरत छन्, जस्मा १० संस्थागत विद्यालयमा १२३५ छात्रा, २८४ दलित, १०५ जनजाति र ३ जना अपाङ्गता भएका विद्यार्थीहरू अध्ययनरत छन्। एक प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालनमा रहेको छ, जसले प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धनमा योगदान पुर्‍याइरहेको छ।

### ३.३.३ प्रमुख समस्याहरू

१. बिषयगत शिक्षकको प्रर्याप्तता र विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून रहनु।
२. शिक्षण प्रक्रियालाई समावेशी र प्रविधिमैत्री बनाउन नसक्नु।
३. शिक्षक व्यवस्थापन प्रभावकारी रूपमा गर्न नसक्नु।
४. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु।
५. विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु।
६. विद्यालय स्वयम् विद्यार्थीको सिकाइप्रति पर्याप्त जिम्मेवार र उत्तरदायी नहुनु।
७. अपाङ्गता भएका, सीमान्तकृत, र गरिबीको रेखामुनि रहेका बालबालिकाको शिक्षामा पहुँच पुर्‍याउन नसक्नु।
८. शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको अभाव।
९. सिकाइअनुकूल वातावरण निर्माणमा कमी।
१०. विद्यार्थीको कक्षा दोहोर्‍याउने र कक्षा छाड्ने दर शून्यमा झार्न नसक्नु।
११. शिक्षकहरूलाई प्रविधिमैत्री र कक्षा शिक्षण सिकाइका लागि उत्प्रेरित गर्न नसक्नु।

### ३.३.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरुः**

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको समान, समावेशी तथा गुणस्तरीय पहुँच विस्तार गर्नु ।
२. माध्यमिक तह (कक्षा ९–१२) मा अध्ययनरत सबै विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तरमा दिगो सुधार गर्नु ।
३. माध्यमिक शिक्षामा कक्षोन्नति दर वृद्धि गरी कक्षा दोहोऱ्याउने तथा कक्षा छाड्ने दर न्यूनीकरण गर्दै टिकाउ दर बढाउनु ।
४. विद्यालय शिक्षाको शासकीय, प्रशासनिक तथा व्यवस्थापकीय प्रबन्धलाई सुदृढ, पारदर्शी र उत्तरदायी बनाउनु ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच, सहभागिता र अवसरलाई सहज, समावेशी तथा रोजगारमुखी बनाउनु ।

**रणनीतिहरू तथा कार्यनीतिहरू**

१. घरधुरी सर्वेक्षणमार्फत माध्यमिक शिक्षा उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूको पहिचान गर्ने ।
२. विद्यालयहरूलाई प्रकोप, संकट, महामारी तथा जलवायु परिवर्तनप्रति उत्थानशील बनाउने ।
३. संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा माध्यमिक शिक्षा निःशुल्क तथा दिगो स्रोत व्यवस्थापन गर्ने ।
४. माध्यमिक शिक्षालाई निःशुल्क बनाउन आवश्यक स्रोत आकलन तथा वैकल्पिक स्रोत परिचालन गरिने ।
५. अनौपचारिक तथा आजीवन सिकाइमार्फत शिक्षाबाट वञ्चित बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गरिने ।
६. तहगत र विषयगत आवश्यकताअनुसार शिक्षक व्यवस्थापन गर्ने ।
७. विद्यार्थी केन्द्रित, रचनात्मक तथा नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
८. इ–पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याब तथा सुरक्षित भवनको व्यवस्था गर्ने ।
९. मनोपरामर्श, योग, ध्यान जस्ता उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने ।
१०. अति सीमान्तकृत, विपन्न, छात्रा, अपाङ्गता भएका बालबालिकाको पहिचान गरी छात्रवृत्ति तथा आवासीय सुविधा प्रदान गर्ने ।
११. विद्यालयलाई विद्यालयमा उपलब्ध स्रोतको परिचालनमार्फत वित्त व्यवस्थापनका लागि सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने ।
१२. सिकाइ निरन्तरताका लागि सहायता कार्यक्रम सञ्चालन गर्ने ।
१३. सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने ।
१४. विद्यालय कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास गर्ने ।
१५. सूचकमा आधारित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
१६. संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
१७. "एक स्थानीय तह एक प्राविधिक विद्यालय" अवधारणाअनुसार कार्यक्रम व्यवस्थापन गर्ने ।
१८. प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति तथा आवासीय सुविधा प्रदान गर्ने ।

### ३.३.५ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. माध्यमिक शिक्षामा अपाङ्गता भएका बालबालिका लगायत सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**नतिजा:**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | कक्षा ९–१० मा खुद भर्ना दर | ८८.६ | ९० | ९२ | ९४ | ९६ | ९८ |
| २. | कक्षा १० सम्मको टिकाउ दर | ६६.९ | ७२ | ७८ | ८४ | ९० | ९४ |
| ३. | प्रबिधिमैत्री विद्यालयको संख्या | | ५ | १० | ५ | २ | ३ |
| ४. | कक्षा ९–१० मा कार्यरत महिला शिक्षकको प्रतिशत | ०.० | ५ | ८ | १३ | २० | २५ |

## ३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | अपाङ्गता भएका, बालबालिका र सीमान्तकृत समूहका विद्यार्थीका लागि भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | | २ | २ | २ | २ | २ | **१०** |
| २ | अपाङ्गता भएका, अतिसीमान्तकृत, सीमान्तकृत, दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्ति व्यवस्था | विद्यार्थी | ९० | १२० | १३० | १५० | १८० | १८० | **८५०** |
| ३ | प्राविधिक धारको विद्यालय स्थापना | संख्या | | १ | | | | | **१** |
| ४ | सिकाइ क्षति परिपूरणका लागि सिकाइ क्याम्प कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | विद्यालय | | ५ | ५ | ५ | ५ | ५ | **२५** |
| ५ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | १ | १ | १ | १ | १ | | **५** |
| ६ | योग, ध्यान र प्राणायामका लागि क्षमता विकास कार्यक्रम | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |
| ७ | बालक्लब, स्काउटको  गठन तथा सञ्चालन | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |
| ८ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | **१०** |
| ९ | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगत प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | | **५** |
| १० | बिषयगत शिक्षक व्यवस्थापन | संख्या | | ३ | ३ | ३ | ३ | ३ | **१५** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |
| १२ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | **५** |
| १३ | सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |
| १४ | विद्यालयलाई प्रबिधिमैत्री सामग्री सहयोग | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |
| १५ | शिक्षणमा STEAM को प्रयोग | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |
| १६ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास कार्यक्रम | विद्यालय | | १ | १ | १ | १ | १ | **५** |

### ३.३.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | अपाङ्गता भएका, बाललिका र सीमान्तकृत समूहका विद्यार्थीका लागि भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | ४० | ४० | ४० | ४० | ४० | २०० |
| २ | अतिसीमान्तकृत, सीमान्तकृत, दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्ति व्यवस्था | ७२ | ९६ | १०४ | १२० | १४४ | १४४ | ६८० |
| ३ | प्राविधिक धारको विद्यालय स्थापना | | | २०००० | | | | २०००० |
| ४ | सिकाइ क्षति परिपूरणका लागि सिकाइ क्याम्प कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | २० | २० | २० | २० | २० | १०० |
| ५ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | ३६० | ३६० | ३६० | ३६० | ३६० | ३६० | २१६० |
| ६ | योग, ध्यान र प्राणायामका लागि क्षमता विकास कार्यक्रम | | २० | २० | २० | २० | २० | १०० |
| ७ | बालक्लब, स्काउटको  गठन तथा सञ्चालन | | १० | १० | १० | १० | १० | ५० |
| ८ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | ३० | ३० | ३० | ३० | ३० | ३० | १८० |
| ९ | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगत प्रयोगशाला व्यवस्थापन | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४८०० |
| १० | बिषयगत शिक्षक व्यवस्थापन | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४८०० |
| ११ | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १२ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | | १० | १० | १० | १० | १० | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन | | २० | २० | २० | २० | २० | १०० |
| १४ | विद्यालयलाई प्रविधिमैत्री सामग्री सहयोग | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १५ | शिक्षणमा STEAM को प्रयोग | | ५० | ५० | ५० | ५० | ५० | २५० |
| १६ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास कार्यक्रम | | २० | २० | २० | २० | २० | १०० |
| **कुल जम्मा** | | **२०६२** | **२३८१** | **२२३८९** | **२४०५** | **२४२९** | **२४२९** | **३४०९५** |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

नगरपालिकाको सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई मध्यनजर गर्दै औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर जीवनोपयोगी ज्ञान, सिप तथा व्यावहारिक दक्षता अभिवृद्धि गर्ने माध्यमका रूपमा अनौपचारिक तथा आजीवन सिकाइको विशेष महत्त्व रहेको छ । औपचारिक संरचनाभन्दा बाहिर लचिलो, समावेशी र आवश्यकता-आधारित ढङ्गबाट प्रदान गरिने शिक्षा नै अनौपचारिक शिक्षा हो। निरक्षर नागरिकका लागि साक्षरता, साक्षर नागरिकका लागि साक्षरोत्तर कार्यक्रम, स्तरवृद्धि, सिपमूलक तालिम तथा आयआर्जनसँग जोडिएको शिक्षाको माध्यमबाट सक्षम र शिक्षित समाज निर्माण गर्न अनौपचारिक तथा आजीवन शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ। नगरपालिकाले राष्ट्रिय योग्यता प्रारूप, २०७७; सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८; परम्परागत शैक्षिक संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७९ लगायतका नीतिगत आधारहरूलाई अवलम्बन गर्दै अनौपचारिक तथा आजीवन शिक्षा व्यवस्थापन गर्दै आएको छ। नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्तहरू तथा दिगो विकास लक्ष्य ४ को कार्यान्वयनमा औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। वि.सं. २०८५ बैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्तिले सरकारी सेवा तथा सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकायमा नियुक्ति वा रोजगारी प्राप्त गर्न नसक्ने व्यवस्थासमेत लागू हुने सन्दर्भमा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको आवश्यकता अझ बढी सान्दर्भिक देखिन्छ।

### ३.४.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक तथा आजीवन सिकाइको व्यवस्थापन, संरचना निर्माण, लगानी र स्वामित्वको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । नगरपालिकाको सन्दर्भमा साक्षरता दर राष्ट्रिय औसतभन्दा कम रहेको तथ्यांकले देखाउँछ कि अनौपचारिक शिक्षा कार्यक्रमको सुदृढीकरण आवश्यक छ। विशेष गरी अतिसीमान्तकृत समुदाय, दलित, विपन्न वर्ग, मौसमी बसाइँसराइ गर्ने परिवार तथा शिक्षाबाट वञ्चित वयस्क नागरिकका कारण शतप्रतिशत साक्षरता हासिल गर्न चुनौती रहेको छ। नगरपालिकाका ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्। यी केन्द्रहरूबाट कम्प्युटर तालिम, सिलाइ–कटाइ तालिम, साक्षरता कार्यक्रम, साक्षरोत्तर कक्षा, विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम, स्यानीटरी प्याड निर्माण तालिम, पुस्तकालय व्यवस्थापन तथा विभिन्न सिपमूलक तालिमहरू सञ्चालन गर्न सकिने सम्भावना छ।यद्यपि, सिकाइ केन्द्रहरूको भौतिक पूर्वाधार, स्रोत–साधन, दक्ष जनशक्ति र नियमित अनुगमन

प्रणालीलाई अझ सुदृढ गर्न आवश्यक देखिन्छ। साथै, सिकाइ कार्यक्रमलाई स्थानीय श्रम बजार तथा आयआर्जनसँग जोड्दै प्रभावकारी बनाउनु आवश्यक छ।

### ३.४.३ प्रमुख समस्याहरू

१. साक्षरता सिपलाई दैनिक जीवन र व्यावहारिक अभ्याससँग प्रभावकारी रूपमा आबद्ध गर्न नसक्नु।
२. आधारभूत साक्षरता कक्षा पूरा गरेका नवसाक्षरहरूका लागि साक्षरोत्तर, निरन्तर शिक्षा तथा आयआर्जनसँग जोडिएका ठोस कार्यक्रमहरूको अभाव रहनु, जसले गर्दा साक्षरता सिपलाई जीवनोपयोगी बनाउन कठिनाइ हुनु।
३. साक्षरता, निरन्तर सिकाइ तथा आयमूलक कार्यक्रमहरूबीच प्रभावकारी तालमेल र एकीकरण हुन नसक्नु
४. अनौपचारिक शिक्षा प्रदायक संस्थाहरूको संस्थागत संरचना र व्यवस्थापन दिगो नहुनु।
५. अनौपचारिक शिक्षा सञ्चालन गर्ने विभिन्न संस्थाहरूबीच नीतिगत, संस्थागत तथा विधागत समन्वयको कमी हुनु।
६. सामुदायिक सिकाइ केन्द्रहरू स्थापना उद्देश्य र मर्मअनुसार प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु
७. अनौपचारिक शिक्षाका कक्षाहरू शिक्षण प्रविधि–मैत्री तथा सहभागीमूलक पद्धतिमा सञ्चालन हुन नसक्नु।
८. सामुदायिक सिकाइ केन्द्र सञ्चालनका लागि न्यूनतम बजेट तथा स्रोत–साधनको अभाव रहनु।
९. सामुदायिक सिकाइ केन्द्रका परिचालक/परिचालिका तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि अपर्याप्त हुनु।
१०. युवा तथा प्रौढ वर्गमा कार्यमूलक साक्षरता र पढ्ने बानीको कमी हुनु तथा अनौपचारिक, खुला र वैकल्पिक सिकाइ अवसरलाई एकीकृत प्रणालीका रूपमा संस्थागत विकास गर्न नसक्नु।
११. सामुदायिक सिकाइ केन्द्रको व्यवस्थित नियमन र अनुगमन हुन नसक्नु।

### ३.४.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरुः**

१. शिक्षाको अवसरबाट वञ्चित वर्ग तथा समुदायका नागरिकहरूलाई वैकल्पिक माध्यममार्फत निरन्तर तथा आजीवन शिक्षाको अवसर विस्तार गर्नु।
२. साक्षरता, निरन्तर तथा आजीवन शिक्षालाई दैनिक जीवनोपयोगी ज्ञान, सिप तथा आयआर्जनसँग आबद्ध गर्नु।
**३.** विभिन्न कारणले विद्यालयबाहिर रहेका तथा बीचमै विद्यालय छाडेका बालबालिकाहरूलाई औपचारिक शिक्षामा पुनः प्रवेशको अवसर सिर्जना गर्नु।

**रणनीतिहरू तथा कार्यनीतिहरुः**

१. साक्षरता सम्बन्धी तथ्याङ्कीय आधार (Database) अद्यावधिक गरी वास्तविक अवस्था पहिचान गर्ने।
२. साक्षरता तथा साक्षरोत्तर कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने।
३. सरोकारवालासँग समन्वय, सहकार्य तथा साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत शिक्षालयहरूको सुदृढीकरण गर्ने।
४. सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्र तथा आजीवन सिकाइको प्रमुख थलोका रूपमा विकास गर्ने।

५. सिकाइ आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युल तथा भाषिक विविधताअनुरूपका सामग्री विकास र प्रयोग गर्ने।
६. सामुदायिक सिकाइ केन्द्रमार्फत सिप विकास, आयआर्जन तथा जीविकोपार्जनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
७. सामुदायिक सिकाइ केन्द्रका सञ्चालक, व्यवस्थापन समिति तथा परिचालकहरूको निरन्तर क्षमता विकास गर्ने।
८. दैनिक जीवनसँग सम्बन्धित ज्ञान तथा सिपमा आधारित स्तरीकृत सिकाइ सामग्रीको विकास र प्रयोगमा जोड दिने।
९. अनौपचारिक माध्यमबाट आर्जित ज्ञान तथा सिपको परीक्षण, प्रमाणीकरण तथा राष्ट्रिय योग्यता प्रारूपअनुसार प्रमाणपत्रको व्यवस्था गर्ने।
१०. समुदायमा सिप विकास तथा आयमूलक कार्यक्रमलाई एकीकृत ढङ्गले सञ्चालन गर्ने।
११. विद्यालय उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूको पहिचान गर्ने।
१२. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई सिकाइ स्तरअनुसार समूहमा विभाजन गरी द्रुत सिकाइ कार्यक्रममार्फत तहगत पाठ्यक्रमअनुसार सिकाइ अवसर प्रदान गर्ने।
१३. निर्धारित अवधि पूरा गरेपछि औपचारिक शिक्षा प्रणालीअन्तर्गत उपयुक्त कक्षामा भर्नाको अवसर सुनिश्चित गर्ने।
१४. सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन, नक्साङ्कन र नियमनका कार्यक्रम सञ्चालन गर्ने।

### ३.४.५ उपलब्धि तथा नतिजा

**उपलब्धिहरुः**

**१.** नगरपालिकाका सबै नागरिकहरूका लागि साक्षरता,जीवन उपयोगी, निरन्तर शिक्षा तथा आजीवन सिकाइका अवसरमा पहुँच विस्तार भएको हुनेछ।

**नजिजाः**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको नक्साङ्कन | | १ | | | | |
| २ | साक्षरता तथा अनौपचारिक/आजीवन सिकाइ कार्यक्रम सञ्चालन सङ्ख्या | १ | ३ | ३ | ३ | ३ | ३ |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | | ३ | ३ | ३ | ३ | १ |
| ४ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | | १ | १ | १ | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रका आजीवन सदस्य सङ्ख्या | | ५०० | ६०० | ७०० | ८०० | ९०० |

### ३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | घरधुरी सर्वेक्षणमार्फत निरक्षरको तथ्याङ्क संकलन | पटक | १ | | | | | | १ |
| २ | सामुदायिक सिकाइ केन्द्रको नक्साङ्कन | पटक | | १ | | | | | १ |
| ३ | सामुदायिक सिकाइ केन्द्रको स्तरउन्नति तथा परिचालिकाको क्षमता अभिवृद्धि तालिम | संख्या | | १ | १ | १ | | | ३ |
| ४ | अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी लागत साझेदारी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ६ |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड निर्माण | पटक | | १ | | | | | १ |
| ६ | महिला तथा प्रौढका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | ६ |
| ७ | सामुदायिक सिकाइ केन्द्रको र सामुदायिक पुस्तकालय विस्तार | वडा | | ३ | ३ | ३ | १ | | १० |
| ८ | प्रौढहरूलाई सिप विकास तालिम तथा आयआर्जन कार्यक्रम प्रदान | संख्या | १ | १ | १ | १ | १ | १ | ६ |

### ३.४.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | घरधुरी सर्वेक्षणमार्फत निरक्षरको तथ्याङ्क सङ्कलन | ३०० | | | | | | ३०० |
| २ | सामुदायिक सिकाइ केन्द्रको नक्साङ्कन | | | ५० | | | | ५० |
| ३ | सामुदायिक सिकाइ केन्द्रको स्तरउन्नति तथा परिचालिकाको क्षमता अभिवृद्धि तालिम | ४० | ४० | ४० | १ | १ | | १२२ |
| ४ | अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी लागत साझेदारी कार्यक्रम सञ्चालन | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड निर्माण | | | ५० | | | | ५० |
| ६ | महिला तथा प्रौढका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ७ | सामुदायिक सिकाइ केन्द्रको र सामुदायिक पुस्तकालय विस्तार | | | ४०० | ४०० | ४०० | ४०० | १६०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रौढहरूलाई सिप विकास तालिम तथा आयआर्जन कार्यक्रम प्रदान | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| **कुल जम्मा** | | **३४०** | **४४०** | **९४०** | **८०१** | **८०१** | **८००** | **४१२२** |

## परिच्छेद चार: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

शिक्षा प्रणालीलाई दिशानिर्देश गर्ने प्रमुख आधार पाठ्यक्रम हो । पाठ्यक्रममार्फत प्राप्त ज्ञान, सिप तथा अभिवृत्तिले व्यक्तिलाई सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशसँग अनुकूलन हुन, रोजगारी प्राप्त गर्न, पेसा तथा व्यवसाय छनोट गर्न र स्थानीय आर्थिक गतिविधिमा संलग्न हुन सहयोग पुऱ्याउँछ । नगरपालिकाको सन्दर्भमा पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकाइ केन्द्रित तथा तथ्यपरक हुन आवश्यक छ । यसले स्थानीय आवश्यकता, बालबालिकाको रुचि, समुदायका मूल्य–मान्यता तथा राष्ट्रिय एवं विश्व परिवेशमा विकसित ज्ञान, सिप र प्रविधिलाई समेट्नुपर्छ । नगर क्षेत्रको विविध सामाजिक–सांस्कृतिक संरचना, शहरीकरण, प्रविधिको बढ्दो प्रयोग तथा बदलिँदो श्रम बजारलाई मध्यनजर गर्दै पाठ्यक्रमलाई गतिशील र लचिलो बनाउनु आवश्यक छ । परम्परागत विषयहरू जस्तै व्यावसायिक शिक्षा, स्वास्थ्य, शारीरिक तथा वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तिशील कला आदिलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता स्थानीय मौलिक विषयहरूलाई समेटी पाठ्यक्रमलाई अझ व्यावहारिक र जीवनोपयोगी बनाउनु उपयुक्त हुन्छ ।

#### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १–३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत रूपमा सञ्चालन गरिएको छ। विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रलाई दिइए पनि कक्षा १–३ सम्म ५ पाठ्यघण्टा (१६० कार्यघण्टा) तथा कक्षा ४–८ सम्म ४ पाठ्यघण्टा (१२८ कार्यघण्टा) मातृभाषा/स्थानीय पाठ्यक्रम स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरिएको छ । तर यस नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण नभएको अवस्था छ ।

मूल्याङ्कनसम्बन्धी व्यवस्थाअनुसार कक्षा १–३ सम्म निरन्तर मूल्याङ्कन प्रणालीका आधारमा कक्षोन्नति गर्ने प्रावधान रहेको छ । कक्षा ४–८ मा ५० प्रतिशत निरन्तर मूल्याङ्कन तथा ५० प्रतिशत आवधिक परीक्षाको आधारमा विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्ने व्यवस्था लागू गरिएको छ ।

#### ४.१.३ प्रमुख समस्याहरू

१. राष्ट्रिय र स्थानीय पाठ्यक्रमको मर्म अनुरूप शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गर्न कठिनाइ हुनु ।
२. समयमा नै पाठ्यपुस्तक विद्यार्थीको हातमा पुर्‍याउन नसक्नु ।
३. सिकाइ सामाग्रीको विकास तथा प्रयोगको अवस्था न्यून हुनु ।
४. शिक्षकहरूले लिएका पेसागत सिप विकास तालिमको प्रभाव कम हुनु ।
५. पाठ्यपुस्तकमा आधारित शिक्षण–सिकाइमा मात्र जोड दिइनु, व्यावहारिक र सृजनात्मक गतिविधिहरूमा ध्यान नदिनु ।
६. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा सरोकारवालाको प्राथमिकता न्यून हुनु ।
७. निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन नहुनु ।
८. पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत र साधनहरू अपर्याप्त हुनु ।

### ४.१.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरु:**

१. पाठ्यक्रमको उद्देश्यअनुसार विद्यार्थीमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
२. स्थानीय पाठ्यक्रम, सिकाइ सामग्रीको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु ।
३. आवधिक र निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु ।
४. सूचकमा आधारित सहभागीतामूलक तथा नतिजामूलक अनुगमन र मूल्याङ्कन गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरू:**

१. शिक्षकहरूलाई परिमार्जित पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गरिनेछ ।
२. शिक्षकको क्षमता विकासका लागि आवश्यकता र मागअनुसार तालिम सञ्चालन गरिनेछ ।
३. आवश्यकता पहिचान गरी विभिन्न संघ/संस्थासँग लागत साझेदारीमा विद्यार्थीको सिकाइ क्षति पूर्ति कार्यक्रम सञ्चालन गरिनेछ ।
४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोतसामग्री, र विद्यार्थीका लागि सिकाइसामग्री, स्व-अध्ययन र सन्दर्भ सामग्रीको विकास तथा निःशुल्क उपलब्ध गराइनेछ ।
५. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, र नेपाली भाषा प्रयोग गर्ने वातावरण सिर्जना गरिनेछ ।
६. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ, र पाठ्यसामग्री परिमार्जन गरी कार्यान्वयन गरिनेछ । साथै आवश्यकताअनुसार मातृभाषाको पाठ्यसामग्री विकास गरिनेछ ।
७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग जोडिनेछ ।
८. स्तरीकृत परीक्षा सञ्चालन तथा मूल्याङ्कनसँग सम्बन्धित कार्यशाला, गोष्ठी, सेमिनार र तालिमहरू सञ्चालन गरिनेछ ।
९. विद्यालय र शिक्षकको मूल्याङ्कनको लागि सूचक निर्माण गरिनेछ ।
१०. हरेक विद्यालयहरूलाई शैक्षिक सामग्री निर्माण तथा खरिदका लागि प्रोत्साहन र जोडकोष अनुदान उपलब्ध गराइनेछ ।
११. विशेष आवश्यकता भएका बालबालिकाका लागि अलग्गै तथा थप सामग्री, पाठ्यपुस्तक र सहयोग तथा प्रोत्साहन उपलब्ध गराइनेछ ।

### ४.१.५ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. पाठ्यक्रमको उद्देश्यअनुसार विद्यार्थीमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन आएको हुनेछ ।
२. स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्री निर्माण भई प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
३. आवधिक तथा निरन्तर मूल्याङ्कन प्रभावकारी रूपमा कार्यान्वयन भएको छ, साथै सूचकमा आधारित सहभागीतामूलक र नतिजामूलक अनुगमन एवं मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

**नतिजा:**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रमको निर्माण कक्षा | | २ | २ | २ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | एकीकृत पाठ्यक्रम लागू गरेका विद्यालय संख्या | | २५ | २५ | २५ | २५ | २५ |
| ३ | स्थानीय पाठ्यक्रमसँग सम्बन्धित पाठ्यसामग्रीको निर्माणको संख्या | | ५ | ५ | ५ | ५ | ५ |
| ४ | स्तरीकृत परीक्षणको प्रयोग गर्ने विद्यालय संख्या | | २५ | २५ | २५ | २५ | २५ |
| ५ | परिमार्जित स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | | २५ | २५ | २५ | २५ | २५ |
| ६ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | | २५ | २५ | २५ | २५ | २५ |
| ७ | सिकाइ क्षति परिपूर्ति कार्यक्रम सञ्चालन भएका विद्यालय संख्या | | २५ | २५ | २५ | २५ | २५ |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन | कक्षा | | २ | २ | २ | २ | | ८ |
| २ | पाठ्यक्रम तथा शैक्षणिक योजना सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ४ |
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी प्रबोधीकरण | पटक | | १ | १ | | १ | | ३ |
| ४ | शैक्षिक सामग्री निर्माण कार्यशाला | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ५ | स्थानीय पाठ्यक्रम सम्बन्धि स्रोतसामग्रीको निर्माण कार्यशाला | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ६ | स्तरीकृत परीक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ७ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सूचक निर्धारण कार्यक्रम | पटक | १ | | | | | | १ |

### ४.१.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन | | | २००० | २००० | २००० | २००० | ८००० |
| २ | पाठ्यक्रम तथा शैक्षणिक योजना सम्बन्धी क्षमता विकास कार्यक्रम | | | २०० | २०० | २०० | २०० | ८०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी प्रबोधीकरण | | | १०० | १०० | १०० | १०० | ४०० |
| ४ | शैक्षिक सामग्री निर्माण कार्यशाला | | | २०० | २०० | २०० | २०० | ८०० |
| ५ | स्थानीय पाठ्यक्रम सम्बन्धि स्रोतसामग्रीको निर्माण कार्यशाला | | | १०० | १०० | १०० | १०० | ४०० |
| ६ | स्तरीकृत परीक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | | | ५० | ५० | ५० | ५० | २०० |
| ७ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सूचक निर्धारण कार्यक्रम | | १५० | | | | | १५० |
| **कुल जम्मा** | | **०** | **१५०** | **२६५०** | **२६५०** | **२६५०** | **२६५०** | **१०७५०** |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय

शिक्षक व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना गर्ने, रिक्त पदको पहिचान गर्ने, पदपूर्ति प्रक्रिया सञ्चालन गर्ने, माग प्रतिशत निर्धारण गर्ने, दरखास्त आह्वान तथा संकलन गर्ने, छानबिन तथा स्वीकृति प्रक्रिया पूरा गर्ने, लिखित/मौखिक/प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने, उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट गर्ने, नतिजा प्रकाशन गर्ने, नियुक्तिका लागि सिफारिस तथा पदस्थापन गर्ने र कार्यविवरण तयार गर्ने जस्ता कार्यहरू समावेश हुन्छन् । यसका अतिरिक्त कार्यसम्पादन मूल्याङ्कन, जिम्मेवारी निर्धारण, सरुवा, बढुवा, तह वृद्धि, वृत्ति विकास, सेवा–सुविधा तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थापन पनि यसै अन्तर्गत पर्दछन् । शिक्षक तालिम, अवलोकन भ्रमण, अनुसन्धान तथा पेसागत क्षमता अभिवृद्धि कार्यक्रमहरू पनि शिक्षक विकासका महत्त्वपूर्ण पक्ष हुन् ।

### ४.२.२ वर्तमान अवस्था

सबैला नगरपालिकाभित्र दरबन्दीअनुसार आधारभूत तह (कक्षा १–५) मा शिक्षकको पदपूर्ति सामान्य देखिए तापनि विद्यार्थी-शिक्षकको अनुपातमा हेर्दा शिक्षकको अभाव देखिन्छ र बिषयगत विशेषगरी गणित र नेपाली विषय अध्यापनमा कठिनाइ देखिएको छ । आधारभूत तह (कक्षा ६–८) र माध्यमिक तह ९-१२ मा विषयगत दरबन्दी न्यून भएकाले नगरपालिकाले नगर अनुदान शिक्षकको व्यवस्था गरेको छ तर पनि बिषयगत र विद्यार्थी- शिक्षकको अनुपातमा शिक्षक अभावको समस्या कायमै रहेको छ । प्रदेश तथा संघीय सरकारद्वारा सञ्चालित तालिमहरूबाहेक नगरपालिकाले शिक्षक पेसागत विकास तथा प्रबिधि, ज्ञान र सिप कक्षाकोठामा पूर्ण रूपमा प्रयोग गराउने कार्यका लागि आफैं कुनै पनि तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गर्न सकेको छैन । आधारभूत तहमा २६ प्रतिशत जति महिला शिक्षक भए तापनि माध्यमिक तह महिला शिक्षक साथै अपाङ्गता भएका ब्यक्तिहरूको कुनै पनि तहमा प्रतिनिधित्व हुनसकेको छैन ।

### ४.२.३ प्रमुख समस्याहरू

१. विद्यार्थी अनुपात र आवश्यक कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको कमी ।
२. वस्तुनिष्ठ मापदण्डका आधारमा दरबन्दी मिलान गर्न कठिनाइ ।
३. आवश्यकतामा आधारित तालिमको अभाव ।
४. निरन्तर पेसागत सहयोग (कोचिङ, मेन्टोरिङ) व्यवस्था प्रभावकारी रूपमा उपलब्ध हुन नसक्नु ।

५. उत्तरदायित्व र जवाफदेहितामा कमी ।
६. समावेशीकरण र समताको सिद्धान्तअनुसार सबै समुहको शिक्षकमा प्रनिधिनित्व हुन नसक्नु ।

### ४.२.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरुः**

१. विद्यार्थी अनुपात, कक्षागत र विषयगत आधारमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम तथा क्षमता विकास प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. शिक्षकहरूको निरन्तर पेसागत विकास र विद्यालय शिक्षक तथा नेतृत्वमा सबै समूहको प्रतिनिधित्व सुनिश्चित गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरुः**

१. शिक्षक–विद्यार्थी अनुपातका आधारमा तहगत तथा विषयगत दरबन्दी मिलान र व्यवस्थापन गरिने ।
२. रिक्त दरबन्दीमा स्थानीय तहबाट अस्थायी/अनुदान शिक्षक व्यवस्था गरिने ।
३. संघ तथा प्रदेशसँग समन्वय गरी सेवाकालीन शिक्षण सिप विकास तालिम सञ्चालन गरिने ।
४. पेसागत सहयोग प्रणाली (कोचिङ, मेन्टोरिङ) विकास गरी कार्यान्वयन गरिने ।
५. शिक्षक उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने ।
६. शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादनलाई विद्यार्थी सिकाइ उपलब्धिसँग जोडेर नतिजामुखी जवाफदेही प्रणाली विकास गरी कार्यान्वयन गरिने ।
७. नगरपालिकाले आफ्नो स्रोतमा नियुक्ति गर्ने शिक्षकको छनौट प्रक्रिया विद्यमान शिक्षक सेवा आयोगको पाठ्यक्रमका साथै थप शिक्षण योजना, शैक्षिक सामग्री, सूचना प्रविधिको ज्ञान र कम्तीमा स्नातक तह उत्तीर्ण गरेका र सबै तहमा द्वितीय र सोभन्दा माथिल्लो श्रेणीमा उत्तीर्णहरूलाई मात्र नियुक्त गर्ने व्यवस्था मिलाइने ।
८. कक्षा शिक्षण गर्न कठिन हुने प्राथमिक तहका ५५ वर्ष उमेर पूरा गरेका इच्छुक शिक्षकहरूलाई नगरपालिकाका तर्फबाट प्रोत्साहनसमेत उपलब्ध गराई अवकाशका लागि अवसर दिइने ।
९. नगर शिक्षा समितिको नेतृत्वमा सरोकारवालाहरूको टोली गठन गरी अनुगमन र रिपोर्टको आधारमा तालिममा छनोट , पुरस्कार तथा दण्डको व्यवस्था मिलाइने ।
१०. महिला, सीमान्तकृत समूह र अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वको लागि प्रधानाध्यापक, तथा नगर शिक्षक छनौटलाई समावेशी बनाउँदै लगिने ।

### ४.२.५ उपलब्धि र नतिजा

**उपलब्धिहरुः**

१. विद्यालयहरूमा दरबन्दी मिलान प्रक्रिया सम्पन्न भई विद्यार्थी अनुपात, कक्षागत तथा विषयगत आधारमा आवश्यक शिक्षक व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू (तालिम, कोचिङ, मेन्टोरिङ तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रम) नियमित रूपमा उपलब्ध भएको हुनेछ ।
३. विद्यालय शिक्षक तथा शैक्षिक नेतृत्वहरूमा सबै लिङ्ग, भाषा, समुदाय, जातजाति र अपाङ्गता भएका व्यक्तिहरूको समान प्रतिनिधित्व भएको हुनेछ ।

**नतिजाः**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त सहजकर्ताको (प्रतिशत) | ९० | ९५ | ९७ | ९८ | ९९ | १०० |
| २ | सबै तहमा महिला प्रधानाध्यापक तथा शिक्षक (प्रतिशत) | | २५ | ३० | ३५ | ४० | ४५ |
| ३ | आधारभूत र माध्यमिक तह मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम क्षमता भएका शिक्षक (प्रतिशत) | ४० | ५० | ६० | ८० | ९० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागू भएका विद्यालय (प्रतिशत) | | २५ | ५० | ७५ | ९० | १०० |

### ४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| **१** | विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | **५** |
| २ | शिक्षक पेसागत सहयोगका लागि विज्ञहरूको छनौट | जना | | २५ | २५ | २५ | २५ | २५ | **१२५** |
| ३ | शिक्षकका लागि क्षमता विकास कार्यक्रम सञ्चालन | जना | | ५० | ५० | ५० | ५० | २१० | **४१०** |
| ४ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन भ्रमण | पटक | | २ | २ | २ | २ | २ | **१०** |
| ५ | उत्कृष्ट विषयगत शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम | शिक्षक | | २५ | २५ | २५ | २५ | २५ | **१२५** |
| ६ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण तथा अनुभव आदान–प्रदान | समूह | | १ | | | | | **१** |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको अभिलेखीकरण प्रणाली कार्यान्वयन | विद्यालय | | २५ | २५ | २५ | २५ | २५ | **१२५** |
| ८ | प्रधानाध्यापक र स्थानीय सरकारबीच कार्यसम्पादन करार | विद्यालय | | ५ | १० | १० | | | **२५** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षक लामो बिदामा बस्दा सिकाइ निरन्तरताका लागि वैकल्पिक व्यवस्था | निरन्तर | | २५ | २५ | २५ | २५ | २५ | **१२५** |

### ४.२.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **बजेट ने.रु. हजारमा** | | | | | | **कुल** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८२** | **२०८४** | **२०८६** | **२०८८** | **२०९०** | **२०९२** | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान तथा सीमान्तकृत शिक्षक विकास कार्यक्रम | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| २ | शिक्षक पेसागत सहयोगका लागि विज्ञहरूको छनौट | | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| ३ | शिक्षककहरूको क्षमता विकास कार्यक्रम | | ४०० | ४०० | ४०० | ४०० | १६०० | ३२०० |
| ४ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन भ्रमण | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ५ | उत्कृष्ट विषयगत शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ६ | शिक्षककहरूको सामाजिक सञ्जालमा समूह निर्माण तथा अनुभव आदान–प्रदान | | १० | | | | | १० |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको अभिलेखीकरण | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ८ | प्रधानाध्यापक र स्थानीय सरकारबीच कार्यसम्पादन करार | | ५० | १०० | १०० | | | २५० |
| ९ | शिक्षक लामो बिदामा बस्दा सिकाइ निरन्तरताका लागि वैकल्पिक व्यवस्था | | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **कुल जम्मा** | | ० | ११८५ | १२२५ | १२२५ | ११२५ | २३२५ | ७०८५ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

सिकाइ आवश्यकता, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका कारण कुनै पनि व्यक्ति शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले राज्यले विभिन्न संवैधानिक र कानुनी व्यवस्था गरेको छ । केही विद्यार्थीहरूले बीचमै पढाइ छोड्ने अवस्था समेत देखिएकाले सबैको शिक्षामा समान पहुँच सुनिश्चित गर्नु अत्यन्त आवश्यक छ । नेपालको संविधान,

शिक्षा ऐन तथा नियमावलीले समावेशी शिक्षालाई प्राथमिकता दिएका छन् । विगतमा सञ्चालन भएका सबैका लागि शिक्षा कार्यक्रम, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहस्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना *तथा* दिगो विकास लक्ष्य लगायतका नीति, योजना र कार्यक्रमहरूले पनि समावेशी शिक्षालाई विशेष महत्त्व दिएका छन् । विभिन्न समयमा भएका नीतिगत तथा संस्थागत प्रयासहरूका आधारमा यस नगरपालिकाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका वर्ग तथा समुदायको शिक्षामा पहुँच विस्तार गर्न नगर शिक्षा योजनामार्फत आवश्यक नीतिगत प्रावधानहरू समेटेको छ।

### ४.३.२ वर्तमान अवस्था

सबैला नगरपालिकामा प्रमुख रूपमा यादब जातिको बाहुल्य रहेको छ भने जनजाति, दलित, अति सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाहरूको बसोबास रहेको छ । आर्थिक रूपमा कमजोर, सामाजिक रूपमा पछाडि परेका/पारिएका समुदाय, महिलाहरू तथा फरक क्षमता भएका व्यक्तिहरूको मिश्रित उपस्थिति यहाँ पाइन्छ । समग्र जनसंख्यामा महिलाहरूको संख्या बढी रहेको देखिन्छ। बालबालिकाको फरक पृष्ठभूमि वा अवस्थाका कारण शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा कुनै भिन्नता नआउने वातावरण सिर्जना गर्नु समतामूलक शिक्षाको मूल आधार हो । ईमिस प्रतिवेदन २०८२ अनुसार बालविकास केन्द्र र विद्यालयहरूमा गरी ९७९५ बालिका, ३२४७ दलित समुदायका, ८२५ जनजाति समुदाय र ६१ अपाङ्गता भएका बालबालिकाहरू भर्ना भएका छन् ।

### ४.३.३ प्रमुख समस्याहरू

१. पहुँचयोग्य विद्यालय, कक्षाकोठा, र्याम्प, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री शौचालय लगायतका आवश्यक संरचनाहरूको कमी ।
२. अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाका लागि समावेशी र सहयोगी सिकाइ वातावरण तयार गर्न ज्ञान सिपको कमी ।
३. अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय भर्ना, नियमित उपस्थिति तथा सक्रिय सहभागितामा कमी ।
४. एउटै सिकाइ वातावरण र मूल्याङ्कन प्रक्रियाले सबै विद्यार्थीहरूमा समता कायम गर्न कठिनाइ उत्पन्न ।
५. समावेशी शिक्षा विधि तथा प्रविधिमा तालिम प्राप्त शिक्षकहरूको कमी ।
६. आवश्यक शिक्षण सामग्री, सहायक उपकरण तथा समावेशी शिक्षाका लागि आवश्यक सिकाइ सामग्रीहरूको अभाव ।
७. गरिब तथा विपन्न अभिभावकहरूको क्षमता अभिवृद्धि तथा आयआर्जन वृद्धि सम्बन्धी कार्यक्रमहरू पर्याप्त रूपमा सञ्चालन हुन नसकेको ।
८. आवश्यक सहयोग पाउनुपर्ने बालबालिकाहरू सबैले स्रोतकक्षा तथा विशेष सहयोग सेवाको पहुँच पाउन नसकेको ।

### ४.३.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरू**

१. लक्षित समूहका बालबालिका तथा व्यक्तिहरूको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि गर्दै सिकाइ उपलब्धि सुधार गर्नु ।
३. विद्यालयमा सबै प्रकारको विभेद, दुर्व्यवहार र बहिष्करण अन्त्य गरी नियमित उपस्थिति, सक्रिय सहभागिता र सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरू:**

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरी विद्यालयलाई अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा गरी अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गर्दै विशेष कार्यक्रममार्फत उपयुक्त समावेशी शिक्षाको व्यवस्था गर्ने तथा आवश्यकतानुसार स्रोत कक्षाको प्रबन्ध गर्ने।
३. छात्रवृत्ति वितरणमा विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका तथा अतिसीमान्तकृत बालबालिकालाई प्राथमिकता दिँदै सहभागिता सुनिश्चित गर्ने।
४. परिमार्जित पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास, नागरिक ज्ञान तथा सिपका साथै जीवन उपयोगी सिप, बृहत यौनिकता शिक्षा र प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने।
५. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषिक माध्यम प्रयोग गरी सिकाइ अवसर प्रदान गर्न प्राथमिकता दिने।
६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका विविध आवश्यकता सम्बोधन गर्ने, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण वा हेपाइ नहुने सुनिश्चित गर्दै बालमैत्री वातावरण सिर्जना गर्ने।

### ४.३.५ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई नियमित सहभागिता वृद्धि तथा सिकाइ उपलब्धिमा दिगो सुधार भएको हुनेछ।

**नतिजा:**

| क्र.सं. | सूचक | आधार बर्ष २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | कक्षा १–५ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९४ | ०.९६ | ०.९८ | ०.९९ | १. | १. |
| २. | कक्षा १–८ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९७ | ०.९७ | ०.९८ | ०.९८ | ०.९९ | १. |
| ३. | कक्षा ९–१० मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९६ | ०.९८ | ०.९९ | १. | १. | १. |
| ४. | कक्षा ११–१२ मा खुद भर्ना दरको लैङ्गिक समता सूचकाङ्क | ०.९३ | ०.९६ | ०.९८ | ०.९९ | १. | १. |
| ५. | अपाङ्गता भएका विद्यार्थीको विद्यालयमा भर्ना प्रतिशत | ०.४ | ०.९६ | १.५ | १.८ | १.९६ | २.०२ |

### ४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समूहका विद्यार्थीका लागि भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | निरन्तर | १ | २ | २ | २ | २ | २ | **११** |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारका वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा र कार्यान्वयन | निरन्तर | १ | २ | २ | २ | २ | २ | **११** |
| ३ | कक्षा ८ सम्मा दिवाखाजाको विस्तार | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | **२५** |
| ४ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण, अभिलेखीकरण तथा उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | २ | २ | २ | २ | २ | **११** |
| ५ | टुहुरा तथा माध्यमिक तहका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन | संख्या | | | | १ | | | **१** |
| ६ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | **२५** |
| ७ | लक्षित वर्गका लागि छात्रवृत्ति वितरण | संख्या | १०० | १५० | २५० | ३०० | ३५० | ४०० | **१५५०** |
| ८ | सबै प्रकारका विभेद अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | १ | २ | २ | २ | २ | २ | **११** |
| ९ | शिक्षामा समता तथा समावेशीकरण क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ/संस्थाबीच जवाफदेहितासहित कार्यगत समन्वय | निरन्तर | १ | २ | २ | २ | २ | २ | **११** |

### ४.३.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समूहका विद्यार्थीका लागि भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | २५ | ५० | ५० | ५० | ५० | ५० | **२७५** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारका वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा र कार्यान्वयन | ५० | १०० | १०० | १०० | १०० | १०० | **५५०** |
| ३ | कक्षा ८ सम्मा दिवाखाजाको विस्तार | ५०० | ५०० | ५०० | ५०० | ५०० | | **२५००** |
| ४ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण, अभिलेखीकरण तथा उपयुक्त शिक्षाको प्रबन्ध | २५ | ५० | ५० | ५० | ५० | ५० | **२७५** |
| ५ | टुहुरा तथा माध्यमिक तहका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन | | | | ८०० | | | **८००** |
| ६ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २५ | २५ | २५ | २५ | २५ | | **१२५** |
| ७ | लक्षित वर्गका लागि छात्रवृत्ति वितरण | ६० | ९० | १५० | १८० | २१० | २४० | **९३०** |
| ८ | सबै प्रकारका विभेद अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | ५ | १० | १० | १० | १० | १० | **५५** |
| ९ | शिक्षामा समता तथा समावेशीकरण क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ/संस्थाबीच जवाफदेहितासहित कार्यगत समन्वय | ० | ० | ० | ० | ० | ० | **०** |
| **कुल जम्मा** | | **६९०** | **८२५** | **८८५** | **१७१५** | **९४५** | **४५०** | ५५१० |

## ४.४ विद्यालय दिवाखाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको समग्र विकास र उमेरअनुसारको सिकाइ उपलब्धिसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । राम्रो स्वास्थ्य र पर्याप्त पोषणले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता जनाउन तथा उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । विद्यालयस्तरमै सरसफाइ, स्वच्छता अभ्यास, प्रारम्भिक स्वास्थ्य जाँच तथा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउँदा सेवा प्रवाह तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी हुन्छ । नेपालको संविधानले खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । साथै राष्ट्रिय स्वास्थ्य नीति, २०७६ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले बालबालिकाको स्वास्थ्य, पोषण र शिक्षासम्बन्धी अधिकार सुनिश्चित गरेका छन् । यी कानुनी आधारले विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई सुदृढ बनाउने आधार प्रदान गर्छन् ।

### ४.४.२ वर्तमान अवस्था

नेपालले सबैका लागि शिक्षा अभियानअन्तर्गत विश्वसामु विद्यालय स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रतिबध्दता गरे अनुसार विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तर्जुमा, सुरक्षित खानेपानी तथा सरसफाइसहित सुरक्षित विद्यालय वातावरण, सिपमा आधारित स्वास्थ्य शिक्षा र विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा जस्ता नीतिको तर्जुमा गरी विद्यालयमा जुकाको औषधि वितरण, किशोरीहरूलाई रक्तअल्पताबाट बचाउन आइरन चक्की वितरण, एच.पि.

भि. खोप र स्थानीय उपजमा आधारित दिवा खाजाको व्यवस्था गरेको छ, सोहीअनुसार यस पालिकामा पनि यी कार्यक्रमहरू सञ्चालित छन् ।

**४.४.३ प्रमुख समस्याहरू**

१. विद्यालय स्वास्थ्य कार्यक्रम सबै विद्यालयमा संचालित नहुनु र दिवा खाजाका लागि उपलब्ध हुने रकम अत्यन्त न्यून हुनु ।
२. स्थानीय स्तरमा उपलब्ध कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु ।
३. दिवा खाजा व्यवस्थापनमा स्थानीय अभिभावक तथा समुदायको सहभागिता र चासो कमी हुनु ।
४. हात धुने साबुन, पानी तथा सरसफाइ सम्बन्धी सामग्रीको पर्याप्त व्यवस्था नहुनु ।
५. नियमित स्वास्थ्य परीक्षण तथा पोषण/स्वास्थ्य शिक्षाको पर्याप्तता नहुनु ।

**४.४.४ उद्देश्य, रणनीति तथा कार्यनीति**

**उद्देश्यहरू:**

१. बालबालिकालाई स्वस्थ एवं पोषणयुक्त दिवाखाजा प्राप्तिको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण अवस्था, स्वास्थ्य स्थिति तथा सिकाइ उपलब्धिमा सुधार गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरू:**

१. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवाखाजाको व्यवस्थापनलाई थप व्यवस्थित गर्न विद्यालय, अभिभावक, स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवाखाजा कार्यक्रम थप व्यवस्थित बनाइने ।
२. विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता स्थानीय स्वास्थ्य एकाइको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने ।
३. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै कक्षा ८ सम्मका सम्पूर्ण बालबालिकालाई दिवा खाजा उपलब्ध गराउने ।
४. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न भौतिक तथा व्यवस्थापकीय सुविधाहरूको विस्तार गर्ने ।
५. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग–अलग शौचालय तथा युरिनलको व्यवस्था गर्ने । साथै किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्रीको सुरक्षित व्यवस्थापन, हात धुने स्थान, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइ र घेराबारको उचित व्यवस्था गर्ने ।
६. विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था गर्ने, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच सञ्चालन गर्ने, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्त्व (भिटामिन ए, आइरन–फोलिक एसिड आदि) वितरण गर्ने, र छात्राहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रसँगको सहकार्यमा नियमित तथा प्रभावकारी बनाउने ।

७. दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारसँग साझेदारी विकास गर्ने, निजी–सार्वजनिक साझेदारी प्रवर्द्धन गर्ने, अभिभावकहरूको सहभागिता सुनिश्चित गर्ने तथा विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहजीकरण र संयन्त्र विकास गर्ने ।
८. दिवा खाजालगायत स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका साधन, संयन्त्र र प्रक्रियाको पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइ उपलब्धिमा सुधार भई सुरक्षित र रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच र सक्रिय सहभागिता सुनिश्चित हुनेछ ।

**नतिजाः**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण सञ्चालन गर्ने विद्यालयको सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| २. | खानेपानी, शौचालय तथा प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयको सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ३. | विद्यालय नर्सिङ सेवा तथा सुविधा उपलब्ध भएका विद्यालयको सङ्ख्या | १ | ५ | ५ | ५ | ५ | ४ |

### ४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | स्थानीय उपजमा आधारित कक्षा ८ सम्म स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | २ | ५ | ५ | ५ | ५ | ३ | २५ |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण सञ्चालन गर्ने | विद्यालय | २ | ५ | ५ | ५ | ५ | ३ | २५ |
| ३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान गर्ने | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदान गर्ने | पटक | २ | ४ | ४ | ४ | ४ | ४ | २२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा ६–१२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड उपलब्ध गराउने | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | १५० |
| ६ | विद्यालयमा प्रर्याप्त पानी, साबुन र सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र/छात्राका लागि अलग–अलग शौचालय उपलब्ध गराउने | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ३० |
| ७ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालयको संख्या | सङ्ख्या | १ | २ | ६ | १० | ५ | १ | २५ |

### ४.४.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १ | स्थानीय उपजमा आधारित कक्षा ८ सम्म स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | २०० | ५०० | ५०० | ५०० | ५०० | ३०० | २५०० |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण सञ्चालन गर्ने | ५० | १५० | १५० | १५० | १५० | ५५ | ७०५ |
| ३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान गर्ने | ५० | १०० | १०० | १०० | १०० | १०० | ५५० |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदान गर्ने | ५ | १० | १० | १० | १० | १० | ५५ |
| ५ | कक्षा ६–१२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड उपलब्ध गराउने | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | १५००० |
| ६ | विद्यालयमा प्रर्याप्त पानी, साबुन र सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र/छात्राका लागि अलग–अलग शौचालय उपलब्ध गराउने | ५० | ५० | ५० | ५० | ५० | ५० | ३०० |
| ७ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालयको संख्या | | ६५० | २००० | ४०००० | २००० | ३२५ | ४४९७५ |
| **कुल जम्मा** | | **२८५५** | **३९६०** | **५३१०** | **४३३१०** | **५३१०** | **३३४०** | **६४०८५** |

## ४.५ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षामा के हुन्छ भन्ने कुरा कुनै बेला पूर्वानुमान गर्न सकिँदैन। विगतमा हाम्रो देशले विभिन्न समयमा विभिन्न आपत्कालीन समस्याहरू भोग्दै आएको छ। यहाँ कमला नदीको बाढी तथा डुबान र मौसमअनुसार जोखिमको अवस्था विद्यमान हुन्छ। उदाहरणका लागि, वर्षायाममा अत्यधिक वर्षा र बाढीका कारण बाटोहरू अवरुद्ध हुन्छन्, जसले गर्दा विद्यार्थीहरू विद्यालयमा सहज रूपमा आवतजावत गर्न सक्दैनन्। फलस्वरूप, विद्यार्थीहरूको नियमित उपस्थिति प्रभावित हुन्छ, र यसले प्रत्यक्ष रूपमा शिक्षाक्षेत्रमा असर पार्दछ। विविध आपत्कालीन अवस्थाहरूलाई मध्यनजर गर्दै, पालिकाले दश बर्से नगर शिक्षा योजनामा आपत्कालीन तथा सङ्कटकालीन अवस्थाबाट जोगिन र शिक्षाको निरन्तरता सुनिश्चित गर्न, वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी योजना तर्जुमा गरेकोछ।

### ४.५.२ वर्तमान अवस्था

२०७२ सालको महाभूकम्प र २०७६ सालको कोभिड–१९ ले शिक्षा क्षेत्रमा ठूलो असर पुऱ्याएको छ। भूकम्पपछि निर्माण भएका भवनहरू भूकम्प-उत्थानशील भएर निर्माण भए तापनि, पहिलाका केही भवनहरू अझै सुरक्षित र बालमैत्री नभएको देखिन्छ। पालिकाले सिकाइ क्षति परिपूरणका लागि विभिन्न सङ्घ/संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको छ। साथै, स्थानीय तहमा रहेको विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापनका समयमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य गरिरहेको छ।

### ४.५.३ प्रमुख समस्याहरू

१. कमजोर तथा विपद प्रतिरोधि भौतिक पूर्वाधार,र आवश्यक स्रोत र साधनको अभाव।
२. विपद् उत्थानशील पद्धति विकास गर्न र त्यसको अवलम्बन गर्न योग्य तथा दक्ष जनशक्ति अभाव।
३. आपत्कालीन अवस्थामा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षक दक्षताको कमी।
४. आपत्कालीन तथा सङ्कटकालीन अवस्थासम्बन्धी काम गर्ने संयन्त्रको अभाव।
५. अन्तर–निकाय आपसी समन्वय र सहकार्यका लागि बलियो संयन्त्रको कमी।
६. शैक्षिक संस्थाहरूमा विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारीको अभाव।

### ४.५.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरू:**

१. शिक्षा क्षेत्रको सम्भावित विपद् व्यवस्थापन तथा उत्थानशीलता प्रणालीको विकास गर्नु।
२. आपत्कालीन र सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी सिकाइ निरन्तरता सुनिश्चित गर्नु।

**रणनीतिहरू तथा कार्यनीतिहरू:**

१. विपद्का समयमा शिक्षा निरन्तरता सुनिश्चित गर्न पूर्व तयारी, व्यवस्थापन, प्रत्याभूति र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने।

२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको क्षमता विकास गराउने। शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान, त्यसको प्रभावको मूल्याङ्कन र विश्लेषणसहित विद्यालयस्तरीय विपद् व्यवस्थापन योजना तयार गरी लागू गर्ने।
३. आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षण–सिकाइ क्रियाकलाप निरन्तरता सुनिश्चित गर्न सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने।
४. सबै विद्यालयमा विपद् फोकल व्यक्तिको व्यवस्थापन र क्षमता विकास गर्दै लगिने।
५. सबै विद्यालयमा कृषिजन्य बोटविरुवा तथा वृक्षारोपणबाट हरित विद्यालय बनाउने।
६. सबै विद्यालय तथा भवनहरूलाई क्रमशः गर्मी र जाडोमैत्री बनाउँदै लगिने।

### ४.५.५ उपलब्धि र नतिजा

**उपलब्धिहरु:**

१. शिक्षा क्षेत्रमा सम्भावित विपद् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकास भएको हुनेछ।
२. आपत्कालीन र सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरूको प्रयोगबाट सिकाइ निरन्तरता सुनिश्चित हुनेछ।

**नतिजा:**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | शिक्षा क्षेत्रमा सम्भावित विपद् व्यवस्थापन र उत्थानशीलता प्रणाली विकास र कार्यान्वयन भएका विद्यालय संख्या | ५ | १० | ५ | २ | २ | १ |
| २. | आपत्कालीन तयारी, जोखिम न्यूनीकरण र प्रकोप प्रतिकार क्षमता विकास भएका विद्यालय संख्या | १ | ५ | ५ | ५ | ५ | ४ |
| ३. | आपत्कालीन र सङ्कटकालीन अवस्थामा शिक्षण–सिकाइ क्रियाकलाप निरन्तरता सुनिश्चित भएका विद्यालय संख्या | १ | ४ | ५ | ५ | ५ | ५ |
| ४. | विपद् फोकल व्यक्ति व्यवस्थापन र तिनको क्षमता विकास भएका विद्यालय संख्या | ५ | १० | ५ | ५ | | |
| ५. | हरित, कृषिजन्य बोटविरुवा वृक्षारोपण भएका विद्यालय संख्या | १ | ५ | ५ | ५ | ५ | ४ |

### ४.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्डको स्थानीयीकरण र स्थानीय प्रणाली विकास गर्ने । | पटक | | १ | | | | १ | २ |
| २. | आपत्कालीन पूर्व तयारी, जोखिम न्यूनीकरण र प्रकोप प्रतिकार क्षमता विकास कार्यक्रम | पटक | | १ | १ | १ | | १ | ४ |
| ३. | आपत्कालीन र सङ्कटकालीन अवस्थामा शिक्षण–सिकाइ क्रियाकलाप निरन्तरता कार्ययोजना निर्माण | पटक | | १ | | | १ | | २ |
| ४. | विपद् फोकल व्यक्ति व्यवस्थापन र क्षमता विकास कार्यक्रम | पटक | | २ | २ | २ | २ | २ | १० |
| ५. | कृषिजन्य बोटविरुवा वृक्षारोपण अभियान सञ्चालन | पटक | | २ | २ | २ | २ | २ | १० |
| ६. | जोखिम तथा सुरक्षित क्षेत्रहरूको पहिचान र प्रचार प्रसार | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ७. | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन | विद्यालय | | ५ | ५ | ५ | ५ | ५ | २५ |

### ४.५.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्डको स्थानीयकरण र स्थानीय प्रणाली सुधार कार्यक्रम | | | २०० | | | २०० | ४०० |
| २. | आपत्कालीन पूर्व तयारी, जोखिम न्यूनीकरण र प्रकोप प्रतिकार क्षमता विकास कार्यक्रम | | २०० | २०० | २०० | | २०० | ८०० |
| ३. | आपत्कालीन र सङ्कटकालीन अवस्थामा शिक्षण–सिकाइ क्रियाकलाप निरन्तरता कार्ययोजना निर्माण | | ५० | | | | ५० | १०० |
| ४. | विपद् फोकल व्यक्ति व्यवस्थापन र क्षमता विकास तालिम | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ५. | कृषिजन्य बोटविरुवा वृक्षारोपण अभियान सञ्चालन | | २० | २० | २० | २० | २० | १०० |
| ६. | जोखिम तथा सुरक्षित क्षेत्रहरूको पहिचान र प्रचार प्रसार | | १० | १० | १० | १० | १० | ५० |
| ७. | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन | | २५० | २५० | २५० | २५० | २५० | १२५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कुल जम्मा** | ० | ७३० | ८८० | ६८० | ४८० | ९३० | ३७०० |

## परिच्छेद पाँचःसुशासन तथा व्यवस्थापन

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ५.१.१ परिचयः

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय एकाइ रहेका छन् । त्यसैगरी प्रदेश अन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालय, प्रादेशिक शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय रहेका छन् । स्थानीय तहमा सामाजिक विकास समिति अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा छन् । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया तथा क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तरमा सुधार गर्न सकिन्छ । वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतनाको वृद्धि तथा स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्वलाई दृष्टिगत गर्दै संस्थागत संरचना सुदृढीकरण र क्षमता विकाससम्बन्धी क्रियाकलाप सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

#### ५.१.२ वर्तमान अवस्था

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षा सम्बन्धी २३ वटा अधिकार स्थानीय तहलाई दिएको छ । बाल विकास केन्द्र र विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ । हालसम्म संघीय शिक्षा ऐन जारी नभएको अवस्थाले स्थानीय तहमा कार्यान्वयन गर्दा केही द्विविधा उत्पन्न भएको छ । यस परिस्थितिमा स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य तथा समन्वय गर्दै शिक्षा क्षेत्रको संस्थागत संरचना सुदृढीकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरेमा यस योजना सफल कार्यान्वयनमा टेवा पुग्नेछ । पालिकामा १ जाना उप सचिव, १ जना अधिकृत  र १ जना प्राविधिक सहायक को दरबन्दी रहे तापनि १ जना शिक्षा अधिकृतले शाखाको नेतृत्व गरिराखेका छन् ।

#### ५.१.३ प्रमुख समस्याहरू

१. पालिकाको आवश्यकतानुसार विद्यालय र पालिका  जनशक्ति व्यवस्थापन गर्न कठिनाइ ।
२. शैक्षिक सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गर्न कठिनाइ ।
३. क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न कठिनाइ ।
४. वित्तीय व्यवस्थापन गर्न कठिनाइ ।

#### ५.१.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यहरूः**

१. पालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोत–साधनको व्यवस्थापन गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरूः**

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा पदाधिकारीहरूलाई थप जिम्मेवार बनाई उनीहरूको क्षमता विकास गर्ने ।
६. कार्यक्रमको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक स्रोत–साधनहरूको व्यवस्थापन गर्ने ।
७. सामुदायिक तथा नीजि विद्यालयहरूका राम्रा अभ्यासहरू आदान–प्रदान गरी सहकार्यको संस्कति विकास गर्ने ।
८. पालिकाका तर्फबाट प्रवाह गरिने सेवालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउनका लागि शिक्षा शाखामार्फत सहजीकरण गर्ने ।
९. विद्यालयहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन शिक्षा समिति, शिक्षा फोकल पर्सन, शिक्षाका कर्मचारीहरू परिचालन गर्ने ।।
१०. शैक्षिक तथ्याङ्क अद्यावधिक र विश्वसनीय बनाई हरेक वर्ष शिक्षा झलक र वार्षिक क्यालेन्डर प्रकाशित गर्ने ।

### ५.१.५ उपलब्धि र नतिजा

**उपलब्धिहरू:**

१. पालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
३. आवश्यक स्रोत–साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

**नतिजाहरु:**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | समावेशी सिद्धान्तनुसार प्रधानाध्यापकमा महिला, दलित, अपाङ्गता भएका ब्यक्तिहरू प्र अ भएका विद्यालय संख्या | १ | २ | ३ | ४ | ६ | १० |
| २. | विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिमप्राप्त प्रधानाध्यापक सङ्ख्या | ५ | १० | १५ | २० | २५ | २५ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ४. | विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय सङ्ख्या | १० | १५ | २० | २५ | २५ | २५ |
| ५. | प्रचलित कानूनबमोजिम प्रधानाध्यापक रहेका विद्यालय सङ्ख्या | २० | २५ | २५ | २५ | २५ | २५ |

### ५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | | १ | | | | १ | २ |
| २. | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ३. | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | | १ | १ | | १ | | ३ |
| ४. | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | | १० | १० | ५ | | | २५ |
| ५. | विद्यालय कार्यसम्पादन तथा स्व–मूल्याङ्कन गर्ने/गराउने | विद्यालय | | १० | १० | ५ | | | २५ |
| ६. | विव्यस, बालक्लब तथा GIEN गठन | विद्यालय | १० | ५ | ५ | २ | २ | १ | २५ |

### ५.१.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | | २०० | | | | २०० | ४०० |
| २. | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ३. | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | २०० | २०० | | २०० | | ६०० |
| ४. | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | १० | १० | ५ | | | २५ |
| ५. | विद्यालय कार्यसम्पादन तथा स्व–मूल्याङ्कन गर्ने/गराउने | | १० | १० | ५ | | | २५ |
| ६. | विव्यस, बालक्लब तथा GIEN संजाल गठन | १० | ५ | ५ | २ | २ | १ | २५ |
| **कुल जम्मा** | | **१०** | **७२५** | **५२५** | **३१२** | **५०२** | **५०१** | **२५७५** |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया, जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको शासन व्यवस्था क्रियाशील रहेको छ। कानुनी प्रबन्धसहित मुख्य संरचना, जनशक्ति तथा जिम्मेवारी निर्धारण गरीए पनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम र प्रभावकारी बनाउन सुदृढ कार्यान्वयन प्रबन्ध आवश्यक देखिन्छ। कार्ययान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा विशेष ध्यान दिनु आवश्यक हुन्छ।

### ५.२.२ वर्तमान अवस्था

सबैला नगरपालिकाले दश बर्से नगर शिक्षा योजना तयार गरेको छ । नगरपालिकाले शिक्षा ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको छ । योजना निर्माणसँगै निर्दिष्ट उद्देश्य हासिल गर्न नगरपालिकामा उपलब्ध जनशक्तिको प्रभावकारी परिचालन गरिनेछ । यद्यपि आवश्यक तथा पर्याप्त जनशक्ति व्यवस्थापनमा केही चुनौतीहरू विद्यमान छन् । विगतमा कार्यान्वयन गरिएका कार्यक्रमहरूबाट प्राप्त सफलताका आधारमा समन्वय र सहकार्यको दृष्टिकोण अपनाई योजना कार्यान्वयन गरिनेछ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्थाका कारण यस योजनाअन्तर्गत नगरपालिकाबाट विनियोजन हुने बजेटलाई प्राथमिकता दिई कार्यक्रम निर्धारण गरिएको छ । योजना कार्यान्वयनका क्रममा आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिनेछ । साथै, जनशक्तिको क्षमता विकासलाई प्राथमिकता दिई योजनाको प्रभावकारी प्रबोधीकरण तथा कार्यान्वयनलाई गति प्रदान गरिनेछ ।

### ५.२.३ प्रमुख समस्याहरू

१. योजनालाई आवधिक योजनासँग आबद्ध गर्न नसक्नु ।
२. दक्ष जनशक्तिको व्यवस्थापन गर्न नसक्नु ।
३. कार्यान्वयनमा आउने प्राविधिक जटिलता ।
४. वित्तीय व्यवस्थापनमा कठिनाइ ।

### ५.२.४ उद्देश्य, रणनीति र कार्यनीति

उद्देश्यः

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरूः**

१. बजेट तथा कार्यक्रम निर्धारण गर्दा दोहोरोपन नहुने सुनिश्चित गर्ने।
२. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक विधि तथा प्रक्रिया पूरा हुने वातावरण सिर्जना गर्ने ।
३. निर्धारित कार्यक्रमहरूको कार्यान्वयन अवस्था पहिचान गरी देखिएका समस्याहरू समयमा नै समाधान गर्ने ।
४. IEMIS तथ्याङ्कको प्रयोगलाई व्यवस्थित र प्रभावकारी बनाउने र बजेट अनुमानमा प्रयोग गरिने ।
५. विद्यालयका प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरूको उचित व्यवस्थापन गर्ने ।
६. उत्तरदायित्वका औजारहरू (जस्तै सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, कार्यसम्पादन सम्झौता आदि) प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
७. अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रमहरूलाई व्यवस्थित र सुदृढ बनाउने ।
८. सरकारकारी, गैर सरकारी तथा निजी क्षेत्रहरूसंग योजना कार्यान्वयनका लागि सहकार्य, समन्वय र सहजीकरण गरिने ।
९. विद्यालय सुधार योजनाहरू नगर शिक्षा योजनासंग पङ्तिबद्ध गरी कार्यान्वयनमा सहजीकरण गरिने ।
१०. अनौपचारिक तथा आजीवन सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रहरूलाई विशेषरूपमा उत्तरदायी तथा परिचालन गरिने ।
११.वडा तथा समुदायलाई योजना कार्यन्वयनका लागि बजेट व्यवस्थपन तथा श्रमदानका लागि अभिप्रेरित र अनुरोध गरिने ।
१२. निजी, धार्मिक संघ सस्था तथा समुदायलाई शिक्षामा योगदानका लागि अभिप्रेरित र अनुरोध गरिने ।

### ५.२.५ उपलब्धि र नतिजा

**उपलब्धिहरू:**

१. नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।
२. नगर शिक्षा योजनालाई सवैले अपनत्व लिएको हुनेछ।

**नतिजाहरू:**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय पालिकाले शिक्षाका लागि छुट्याएको बजेटको प्रतिशत | ७.७ | ८ | ९ | १० | ११ | १३ |
| २. | पालिकाको शिक्षा क्षेत्रमा कार्यरत विकासे संस्थाहरूको संख्या | २ | ३ | ३ | ४ | ४ | ४ |
| ३. | स्थानीय शिक्षासँग सम्बद्ध सबै नीति, निमयहरू तथा योजनाहरूको निर्माण र कार्यान्वयन प्रतिशत | २५ | ५० | ७५ | १०० | १०० | १०० |
| ४. | पालिका तथा विद्यालय तहका संरचनाको गठन तथा क्रियाशीलता प्रतिशत | ३५ | ५० | ७० | १०० | १०० | १०० |
| ५. | त्रैमासिक नतिजा विश्लेषण तथा समीक्षा गर्ने विद्यालय सङ्ख्या | | २५ | ५० | ७५ | १०० | १०० |

### ५.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | वार्षिक बजेट, कार्यक्रम र शैक्षिक क्यालेन्डर निर्माण तथा सहजीकरण | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| २. | शिक्षासंग नीति, योजना निर्माण एवं अद्यावधिक | पटक | १ | १ | | | | १ | ३ |
| ३. | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरणका लागि प्राविधिक सहयोग | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| ४. | लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्न समन्वय | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| ५. | त्रैमासिक नतिजा विश्लेषण तथा समीक्षा गर्न प्राविधिक सहायता प्रदान | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| ६. | स्थानीय शिक्षा सुधार तथा सहयोगका लागि विकास सझेदार, निजी क्षेत्र लगायत सरोकारवाला सवै संगको छलफल तथा समन्वयात्मक बैठक | पटक | २ | ४ | ४ | ४ | ४ | ४ | २२ |

### ५.२.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | वार्षिक बजेट, कार्यक्रम र शैक्षिक क्यालेन्डर निर्माण तथा सहजीकरण | १५० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १६५० |
| २. | शिक्षासंग नीति, योजना निर्माण एवं अद्यावधिक | २०० | २०० | | | | २०० | ६०० |
| ३. | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरणका लागि प्राविधिक सहयोग | १०० | २०० | २०० | २०० | २०० | २०० | ११०० |
| ४. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्न समन्वय | १० | २० | २० | २० | २० | २० | ११० |
| ५. | त्रैमासिक नतिजा विश्लेषण तथा समीक्षा गर्न प्राविधिक सहायता प्रदान | १० | २० | २० | २० | २० | २० | ११० |
| ६. | स्थानीय शिक्षा सुधार तथा सहयोगका लागि विकास सझेदार, निजी क्षेत्र लगायत सरोकारवाला सबैसँगको छलफल तथा समन्वयात्मक बैठक | १० | २० | २० | २० | २० | २० | ११० |
| **कुल जम्मा** | | **४८०** | **७६०** | **५६०** | **५६०** | **५६०** | **७६०** | **३६८०** |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत–साधनको विनियोजन र वितरण कस्तो भइरहेको छ, लगानीको प्रवाह समुचित छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, र शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफलतर्फ उन्मुख छन् वा छैनन् भनी सुनिश्चित गर्न व्यवस्थापनले कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुन:निरीक्षण, पर्यवेक्षण तथा जाँच–बुझ गराउने कार्य **अनुगमन** हो । अनुगमनले कार्यक्रमको प्रगति र वर्तमान अवस्थाबारे जानकारी प्रदान गर्दछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित र उद्देश्यपूर्ण ढंगले जाँच–बुझ तथा लेखाजोखा गर्ने कार्य **मूल्याङ्कन** हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपछि पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, प्रतिफलमुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग पुर्‍याउँछ ।

### ५.३.२ वर्तमान अवस्था

विद्यालयमा सञ्चालित योजना/कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि मात्र नभई विद्यार्थी सत्यापन, शिक्षणसिकाइ क्रियाकलापको अवलोकन, सामाजिक परीक्षण, लेखा परीक्षण, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन, IEMIS प्रविष्टि, कार्यक्रम सञ्चालन, क्षमता विकास कार्यक्रम आदिमा प्रशासनिक तथा

व्यवस्थापकीय प्राविधिक सहायता उपलब्ध गराउनसमेत अनुगमन तथा मूल्याङ्कन गरिन्छ, र पालिकाको स्रोत तथा क्षमता अनुसार अनुगमन तथा मूल्याङ्कन, प्राविधिक सहयोग गरिराखेको छ।

### ५.३.३ प्रमुख समस्याहरू

१. अनुगमन तथा मूल्याङ्कनमा प्राविधिक सहायता उपलब्ध गराउन कठिनाइ हुनु।
२. देखिएका समस्या समाधान गर्न वित्तीय व्यवस्थामा कमी हुनु।
३. अनुगमन/मूल्याङ्कन औपचारिकतामा मात्र सीमित हुनु।
४. समस्या समाधानभन्दा समस्या संकलनमा बढी केन्द्रित हुनु।
५. जिम्मेवारी र जवाफदेहितामा कमी हुनु।

### ५.३.४ उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्यहरू:**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रतिफलमा आधारित बनाउनु।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**रणनीतिहरू तथा कार्यनीतिहरू:**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
२. प्रतिफलमुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित बनाउने।
४. कक्षाकोठाको सिकाइ अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण र प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।
**५.** योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित, मध्यावधि र अन्तिम मूल्याङ्कन प्रणाली स्थापना गर्ने।
६. अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षणमा सबै क्षेत्र तथा सरोकारवालाहरूको सहभागिता सुनिश्चिता गरिंदै लगिने।

### ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरू:**

१. सबै वर्ग तथा क्षेत्रको सहभागिता सुनिश्चति हुने गरी अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ।
२. प्रतिफलमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन  हुनेछ।
३. योजना कार्यान्वयनका चरणमा देखापर्ने समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजाः**

| क्र.सं. | सूचक | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | समावेसी अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण संख्या | १ | १ | १ | १ | १ | १ |
| २. | सूचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गरेको विद्यालयको सङ्ख्या | २ | १० | १५ | २० | २५ | २५ |
| ३. | त्रैमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन तयार गर्ने विद्यालयको सङ्ख्या | २ | १२ | १५ | २० | २५ | २५ |
| ४. | कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गर्ने विद्यालयको सङ्ख्या | | १० | १५ | २० | २५ | २५ |
| ५. | लक्षित वर्ग तथा समुदायको सहभागिता प्रतिशत | ५ | १० | ३० | ४० | ५० | ५५ |

### ५.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | समावेशी अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| २. | प्रतिफलमा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार र अद्यावधिक गर्ने | पटक | १ | १ | | | | १ | ३ |
| ३. | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन | निरन्तर | | | | | | | |
| ४. | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन तयार गर्ने | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| ५. | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | २ | २ | २ | २ | २ | ११ |
| ६. | IEMIS अद्यावधिक गरी तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन | पटक | २ | ४ | ४ | ४ | ४ | ४ | २२ |
| ७. | लक्षित वर्ग तथा समुदायको सहभागिता सुनिश्चतता कार्यक्रम | पटक | १ | २ | २ | २ | २ | २ | ११ |

### ५.३.७ प्रस्तावित क्रियाकलापहरूका लागि अनुमानित बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | समाबेशी अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | १० | २० | २० | २० | २० | २० | ११० |
| २. | प्रतिफलमा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार र अद्यावधिक गर्ने | २० | २० | | | | २० | ६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन | | | | | | | ० |
| ४. | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन तयार गर्ने | १० | २० | २० | २० | २० | २० | ११० |
| ५. | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | ३० | ६० | ६० | ६० | ६० | ६० | ३३० |
| ६. | IEMIS अद्यावधिक गरी तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन | २० | ४० | ४० | ४० | ४० | ४० | २२० |
| ७. | लक्षित बर्ग तथा समुदायको सहभागिता सुनिश्चतता कार्यक्रम | ५० | १०० | १०० | १०० | १०० | १०० | ५५० |
| **कुल जम्मा** | | **१४०** | **२६०** | **२४०** | **२४०** | **२४०** | **२६०** | **१३८०** |

### ५.४ समन्वय र सहजीकरण

योजना निर्माणपछि कार्यान्वयन चरणमा प्रवेश गर्छ । योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बद्ध सबै सरोकारवालाहरूबीच उच्च स्तरको समन्वय, सहयोग र सहकार्य आवश्यक पर्छ । कार्यान्वयनका क्रममा केही कार्यक्रमहरू सहज रूपमा सञ्चालन गर्न सकिन्छ भने केही कार्यक्रमहरूमा चुनौतीहरू सामना गर्नु पर्ने अवस्था आउँछ । योजनाको कार्यान्वयन गर्दा देखा पर्ने समस्या, चुनौती र अवसरहरूको प्रभावकारी समाधान निकाल्न आवश्यकतानुसार सम्बन्धित सरोकारवालाहरू र विशेषज्ञ पक्षहरूसँग समन्वय र सहजीकरण गर्नु आवश्यक हुन्छ । हाल, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत र माध्यमिक तहको शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरेको छ । यसअन्तर्गत औपचारिक र आजीवन शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका सबै शैक्षिक अधिकार समावेश छन् । यी सबै अधिकारको पूर्ण कार्यान्वयन पालिकाले आत्मनिर्भर भइसकेको अवस्था नभएसम्म, यस्तो महत्त्वपूर्ण नगर शिक्षा योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुन्छ । यस योजनाको कार्यान्वयनमा निम्न तह र निकायहरूसँग समन्वय र सहजीकरण गरिनेछ:

१. संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यसको अन्तर्गतका निकायहरू
२. प्रदेश शिक्षा तथा संस्कृति , सामाजिक विकास मन्त्रालय र यसको अन्तर्गतका निकायहरू
३. शिक्षा विकास तथा समन्वय इकाई
४. शिक्षा सम्बद्ध विभिन्न सरकारी तथा गैर-सरकारी संघ/संस्थाहरू
५. अन्य सरोकारवालाहरू तथा सम्बन्धित तहहरू
६. निजी क्षेत्रहरू
७. पेसागत संघ, संगठनहरू
८. स्थानीय समुदायहरू

# परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

कुनै पनि योजना सफल रूपमा कार्यान्वयन गर्न आर्थिक स्रोतको सही पहिचान, संकलन र प्रभावकारी परिचालन अत्यावश्यक हुन्छ । आर्थिक तथा सामाजिक विकासलाई गति दिन, बढ्दो जनआकांक्षा र आवश्यकताहरू सम्बोधन गर्न, विगतका उपलब्धि र अनुभवलाई निरन्तरता दिँदै नयाँ कार्यक्रमहरू समावेश गर्नुपर्ने हुन्छ । यस योजनामा निरन्तरता दिनुपर्ने कार्यक्रम र नयाँ प्राथमिकताका कार्यक्रमलाई समेट्दै वित्तीय योजना तयार गरिएको छ । विशेषगरी आधारभूत तथा माध्यमिक शिक्षामा पालिकाले प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ । शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन हितसँग सम्बन्धित हुन्छ । नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। यस संवैधानिक प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न योजनाबद्ध वित्तीय व्यवस्थापन आवश्यक देखिन्छ । पर्याप्त लगानीमार्फत बालबालिकाको शिक्षामा सहज पहुँच स्थापना भई समतामूलक तथा न्यायमूलक समाज निर्माणमा योगदान पुग्ने अपेक्षा गरिएको छ । आन्तरिक आम्दानी सीमित भएको अवस्थामा संघ, प्रदेश स्थानीय समुदाय र निजी क्षेत्रसँग समेत समन्वय गरी आवश्यक स्रोत व्यवस्थापन गर्नु अपरिहार्य हुन्छ । यस योजनामा आवश्यक आर्थिक स्रोतको पहिचान र संकलन, प्राथमिकताका क्षेत्र निर्धारण र विनियोजन, खर्च व्यवस्थापन तथा पारदर्शिता, र लगानीको प्रतिफल तथा उपलब्धि मूल्याङ्कन बिषयको विश्लेषण गरी यथार्थपरक ढङ्गबाट योजना गर्न खोजिएको छ ।

## ६.२ वर्तमान अवस्था

पालिकाले शिक्षामा लगानी बढाउने नीति लिएको छ । पालिकाले नेपाल सरकारले संघीय तहबाट कुल बजेट र आन्तरिक गरी करिब २१ प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गरेको अवस्था छ । पालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिँदै आ.व. २०८२/०८३ मा  आन्तरिक बजेटको ७.७ प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि बिनियोजित गरेको छ, यसले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रूपमा स्वीकार गरेको स्पष्ट संकेत गर्दछ । तर आवश्यक जनशक्ति तथा संरचनाको कमीले गर्दा विनियोजित सम्पूर्ण बजेट खर्च हुन नसकेको यथार्थ छ ।

## ६.३ प्रमुख समस्याहरू

१. शिक्षाका प्राथमिकता क्षेत्रहरूमा दिगो स्रोत व्यवस्थापन गर्न नसक्नु ।
२. शिक्षा क्षेत्रमा लगानीको ठूलो हिस्सा तलब तथा भत्तामा खर्च हुनु ।
३. शिक्षामा लगानीप्रति सकारात्मक धारणा विकासमा कठिनाइ ।
४. विनियोजनको कुशलता तथा कार्यान्वयन दक्षताको अभाव ।
५. लगानीको लागत–लाभ विश्लेषण हुन नसक्नु ।
६. कार्यक्रमको निरन्तरता र दिगोपन सुनिश्चित गर्न नसक्नु ।

## ६.४ उद्देश्य, रणनीति तथा कार्यनीति

**उद्देश्यहरूः**

१. शिक्षा क्षेत्रमा आवश्यक बजेटको यथार्थपरक प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान र सुनिश्चितता गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरूः**

१. संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय स्रोतबाट शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने ।
२. आन्तरिक राजस्व, सेवा शुल्क तथा अन्य स्रोत परिचालन गरी शिक्षा बजेटको हिस्सा विस्तार गर्ने ।
३. मध्यमकालीन खर्च ढाँचा अनुसार यथार्थपरक बजेट प्रक्षेपण गर्ने ।
४. सशर्त, समपूरक तथा विशेष अनुदान अधिकतम उपयोग गर्ने ।
५. विद्यालय शिक्षामा पहुँच, सहभागिता तथा गुणस्तर सुनिश्चित गर्न लगानीको प्रभावकारिता बढाउने ।
६. समावेशी शिक्षा, छात्रवृत्ति, दिवा खाजा, शिक्षक तालिम र सिकाइ लक्षित लगानी गर्ने ।
७. सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गरी परिणाममुखी लगानी गर्ने ।
८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ गर्ने ।
९. सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने ।
१०. आन्तरिक तथा बाह्य लेखा परीक्षण प्रणाली सुदृढ गर्ने ।
११. सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ नियमित गर्ने ।
१२. डिजिटल वित्तीय प्रतिवेदन तथा अनुगमन प्रणाली विकास गर्ने ।
१३. परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने ।
१४. अभिभावक, विद्यालय व्यवस्थापन समिति र समुदायसँग सहलगानी कार्यक्रम सञ्चालन गर्ने ।
१५. गैरसरकारी संस्था, निजी क्षेत्र तथा विकास साझेदारसँग साझेदारी गर्ने ।
१६. पूर्वाधार विकासमा स्थानीय स्रोत, श्रमदान र सामग्रीको उपयोग गर्ने ।
१७. सार्वजनिक–निजी साझेदारी अवधारणा अवलम्बन गर्ने ।

## ६.५ प्रमुख उपलब्धिहरू तथा नतिजा

१. शैक्षिक पहुँच, समावेशिता, समता, गुणस्तर तथा क्षमता विकासका लागि आवश्यक वित्तीय स्रोतको प्रभावकारी व्यवस्थापन भएको हुनेछ ।
२. विद्यालय शिक्षामा समावेशी र परिणाममुखी लगानी सुनिश्चित भई शिक्षाको समग्र गुणस्तरमा सुधार भएको हुनेछ ।
३. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भई सुशासन अभिवृद्धि भएको हुनेछ ।
४. स्रोत परिचालन र विनियोजन प्रक्रिया तथ्याङ्कमा आधारित तथा प्राथमिकतामुखी बनेको हुनेछ ।
५. लागत–लाभ विश्लेषण तथा अनुगमन प्रणालीमार्फत लगानीको प्रतिफल मापनयोग्य र प्रभावकारी भएको हुनेछ ।
६. कुल आन्तरिक बजेटको १३ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको हुनेछ ।

## ६.६ योजना कार्यान्वयनका लागि लागत तथा स्रोत अनुमान र स्रोत अन्तरको बिश्लेषण

स्थानीय आवश्यकता, स्थानीय तहको वित्तीय सामर्थ्य, नागरिकका अपेक्षा तथा प्रचलित नीति–कार्यक्रमहरूको आधारमा स्रोतको यथार्थपरक अनुमान तथा विश्लेषण गरिएको छ । बजेट तथा कार्यक्रम तयारी गर्दा संवैधानिक, कानुनी र नीतिगत प्रावधानलाई मार्गदर्शक आधारका रूपमा लिइएको छ । यो १० बर्से नगर शिक्षा योजना कार्यान्वयनका लागि संघीय तलव भत्ता अनुदान तथा अन्य ससर्त अनुदानबाहेक देहाय बमोजिमको शीर्षकमा देहाय बमोजिमको स्रोतको अनुमान गरिएको छ ।

| क्र.सं. | क्षेत्रहरू | बजेट ने.रु. हजारमा | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८४ | २०८६ | २०८८ | २०९० | २०९२ | |
| १. | प्रारम्भिक बालविकास र शिक्षा | ९९ | २२१ | १७१ | १४९ | १३३ | ७० | ८४३ |
| २. | आधारभूत शिक्षा | ६४२५ | २१२१५ | २०७६० | २०७६० | २०७६० | २०९९५ | ११०९१५ |
| ३. | माध्यमिक शिक्षा | २०६२ | २३८१ | २२३८९ | २४०५ | २४२९ | २४२९ | ३४०९५ |
| ४. | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ३४० | ४४० | ९४० | ८०१ | ८०१ | ८०० | ४१२२ |
| ५. | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | १५० | २६५० | २६५० | २६५० | २६५० | १०७५० |
| ६. | शिक्षक व्यवस्थापन तथा विकास | ० | ११८५ | १२२५ | १२२५ | ११२५ | २३२५ | ७०८५ |
| ७. | शैक्षिक समता र समावेशीकरण | ६९० | ८२५ | ८८५ | १७१५ | ९४५ | ४५० | ५५१० |
| ८. | विद्यालय दिवाखाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम | २८५५ | ३९६० | ५३१० | ४३३१० | ५३१० | ३३४० | ६४०८५ |
| ९. | आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा | ० | ७३० | ८८० | ६८० | ४८० | ९३० | ३७०० |
| १०. | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १० | ७२५ | ५२५ | ३१२ | ५०२ | ५०१ | २५७५ |
| ११. | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ४८० | ७६० | ५६० | ५६० | ५६० | ७६० | ३६८० |
| १२. | अनुगमन तथा मूल्याङ्कन | १४० | २६० | २४० | २४० | २४० | २६० | १३८० |
| कुल जम्मा | | १३१०१ | ३२८५२ | ५६५३५ | ७४८०७ | ३५९३५ | ३५५१० | २४८७४० |

यसरी यो योजना कार्यान्वयनका लागि नगरपालिकाले बार्षिक २ करोड ४८ लाख ७४ हजार जति रकम व्यवस्थापन गर्नुपर्ने हुन्छ र अहिले नगरपालिकाले आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रमा १ करोड ४९ लाख १५ हजार रकम व्यवस्थापन तथा बिनियोजित गरिराखेको छ । अब नगरपालिकाले अहिले बिनियोजित रकममा प्रतिबर्ष थप ९९ लाख ५९ हजार रकम व्यवस्थापन गर्नुपर्ने हुन्छ जुन नगरपालिकाले सबै क्षेत्र तथा निकायहरूसँग समन्वय तथा सहकार्य गरी व्यवस्थापन गर्नेछ ।

# सन्दर्भ सूची


नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय. *राष्ट्रिय जनगणना २०७८ अनलाइन पोर्टल* .https://censusnepal.cbs.gov.np/results/np

नेपाल सरकार, नेपाल कानुन आयोग. (२०५९). *शिक्षा नियमावली,* २०५९. https://lawcommission.gov.np

नेपाल सरकार, नेपाल कानुन आयोग. (२०८१). *नेपालको संविधान,* २०७२. https://lawcommission.gov.np

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र. (२०७६). *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप* २०७६. https://moecdc.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र. (२०७९). *पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका, २०७९.* https://moecdc.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र. (२०७६). *सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६.* https://doe.gov.np/artile

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, *शिक्षा तथा मानवस्रोत विकास केन्द्र*. (२०७३). *सेनिटरी प्याड (वितरण व्यवस्थापन) कार्यविधि, २०७३.* https://old.cehrd.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, *शिक्षा तथा मानवस्रोत विकास केन्द्र*. (२०८०). *विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०.* https://old.cehrd.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, *शिक्षा तथा मानवस्रोत विकास केन्द्र*.(२०८२). *फ्ल्यास रिपोट परिशिष्टहरू, (२०८२).* https://cehrd.gov.np/content/14541/flash-i-2081-/?utm

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८०). *अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५* र २०७७ . https://moest.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८०). *राष्ट्रिय शिक्षा नीति, २०७६.* https://moest.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८०). *शिक्षा ऐन,* २०२८. https://moest.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८१). *विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८).* https://moest.gov.np

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८१). *स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन* २०७९ *(परिमार्जित संस्करण* २०८१*).* https://old.cehrd.gov.np

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय. (२०७६). *स्थानीय सरकार सञ्चालन ऐन,* २०७४. https://mofaga.gov.np

राष्ट्रिय योजना आयोग. (२०७५). *दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र:*२०१६-२०३०. https://npc.gov.np

राष्ट्रिय योजना आयोग. (२०८२). *सोह्रौँ योजना* https://npc.gov.np

शिक्षा तथा मानवस्रोत विकास केन्द्र. (२०८२). *कार्यक्रम कार्यान्वयन कार्यविधि* २०८२/०८३

सबैला नगरपालिका. (२०८२). *ईमिस २०८२*

सबैला नगरपालिका. (२०८२). *नीत तथा कार्यक्रम २०८२/०८३*

## अनुसूची -१ दश बर्से नगर शिक्षा योजना निर्माण समिति र उप समितिहरू

| | | |
|---|---|---|
| ५. | १० वर्षे स्थानीय शिक्षा योजना निर्माण सम्बन्धमा। | यस सबैला नगरपालिकाको शिक्षालाई व्यवस्थित र योजनाबद्ध रूपमा बिकास गर्न १० |

CamSc

मिति २०८२ पौष २९ गते मंगलबारको दिन भएको नगर शिक्षा समितिको बैठकका निर्णयहरु:

| | | |
|---|---|---|
| | | बर्षे स्थानीय शिक्षा योजना (२०८२- २०९२) निर्माण गर्ने निर्णय गरियो ।र सोका लागि मूल योजना निर्माण समिति र सोको अधीनमा तपसिलका सुझाव संकलन सुझाव संकलन र मस्यौदा लेखन उपसमिति गठन गर्ने निर्णय गरियो<br>तपसिल<br>**योजना निर्माण मूल समिति**<br>१. श्री कारीराम यादव - नगर प्रमुख संयोजक<br>२.श्री रहिमा खातुन -नगर उपप्रमुख सदस्य<br>३. श्री गंगाराम यादव -वडा अध्यक्ष सदस्य<br>४. श्री शेराजुल राईन -वडा अध्यक्ष सदस्य<br>५. श्री रामदेव यादव -अध्यक्ष उद्योग वाणिज्य संघ, सबैला सदस्य<br>६. श्री राज कुमार यादव -प्रतिनिधि आसमान नेपाल सबैला सदस्य<br>७. श्री प्रदीप यादव - अध्यक्ष PABSON सबैला सदस्य<br>८. श्री दिनेश कुमार राय-प्र अ.जनता आ बि सदस्य<br>९. श्री युवराज काफ्ले -अधिकृत सातौं (शिक्षा) सदस्य सचिव<br>सुझाव संकलन उपसमिति<br>१. श्री लखिचन्द्र दास संयोजक<br>२. श्री बिरेन्द्र लाल कर्ण सदस्य<br>३. श्री नथुनी साह सदस्य<br>लेखन उपसमिति<br>१. श्री युवराज काफ्ले संयोजक<br>२. श्री मनोज कुमार यादव सदस्य<br>३. श्री भोज सिंह खड्का सदस्य |
| ६. | कामकाजमा खटाउने सम्बन्धमा। | श्री रामप्रसाद मा वि सबैला २ धनुषामा कार्यरत प्राथमिक तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री सरोज कुमार साहलाई श्री ज्ञानज्योति रा प्रा वि मिसरपट्टि सबैला १० धनुषामा कामकाजमा खटाउने निर्णय पारित गरियो। |

## अनुसूची -२ दश बर्से नगर शिक्षा योजना मस्यौदा लेखन उप समितिका निर्णयहरू

**पहिलो बैठक**

**मिति २०८२ माघ ६ गते मंगलबार दश बर्षे नगर शिक्षा मस्यौदा लेखन उप-समितिको बैठकका निर्णयहरुः**

मिति २०८२ साल पौष २९ गते मंगलबार का दिन नगर शिक्षा समितको बैठकवाट "दश बर्षे नगर स्थानीय शिक्षा योजना" निर्माण का लागि गाठित मस्यौदा लेखन उप-समितिको बैठक आज मिति २०८२ साल माघ ६ गते मंगलबार का दिन बिहान ८:०० बजे उप-समितिका संयोजक श्री युवराज काफ्लेज्यूको अध्यक्षतामा बसेको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो।

उपस्थितिः

१. श्री युवराज काफ्ले
२. श्री मनोज कुमार यादव
३. श्री भोजसिंह खड्का

| निर्णय नं. | प्रस्ताबहरु | निर्णयहरु |
|---|---|---|
| १ | स्थानीय शिक्षा योजना निर्माणका लागि सुझाब र तथ्याङ्क संकलन सम्बन्धमा | दश बर्षे स्थानीय शिक्षा योजना निर्माणका लागि आवश्यक सुझाव, र तथ्याङ्क संकलन तथा विश्लेषणका लागि समितिका सदस्यहरुको तपसिलको जिम्मेवारी बाँडफाट गरि कार्य अगाडि बढाउने निर्णय गरियो।<br>१. नगरपालिकाको शैक्षिक अवस्था, शैक्षिक मुद्दा, समस्या, चुनौती र अवसरहरु संग संम्बन्धित तथ्याङ्क तथा सुझाब संकलन तथा बिश्लेषण - श्री युवराज काफ्ले<br>२. नगरपालिकाको सामाजिक, साँस्कृतिक, आर्थिक र जनसाङ्खिक अवस्था, स्थानीय सरोकारवालाहरुको सुझाब तथा संग संम्बन्धित तथ्याङ्क संकलन तथा बिश्लेषण – श्री मनोज कुमार यादव<br>३. विद्यालय शिक्षाका सूचकसंग संम्बन्धित तथ्याङ्क संकलन तथा बिश्लेषण - श्री भोजसिंह खड्का |

## दोस्रो बैठक

**मिति २०८२ माघ ११ गते आइतबार दश बर्षे नगर शिक्षा मस्यौदा लेखन उप-समितिको बैठकका निर्णयहरुः**

आज मिति २०८२ साल माघ ११ गते आइतबार का दिन बिहान ८:००बजे उप-समितिका संयोजक श्री युवराज काफ्लेज्यूको अध्यक्षतामा बसेको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो।

उपस्थितिः

१. श्री युवराज काफ्ले
२. श्री मनोज कुमार यादव
३. श्री भोजसिंह खड्का

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | संकलित सुझाब र तथ्याङ्क माथि छलफल। | दश बर्षे स्थानीय शिक्षा योजना निर्माणका लागि संकलित सुझाव, तथ्याङ्क तथा विश्लेति तथ्याङ्क माथि छलफल गरियो। |
| २ | दश बर्षे स्थानीय शिक्षा योजना मस्यौदा तयारका लागि कार्य बिभाजन संम्बन्धमा | मिति २०८२ माघ ६- १० गते सम्म संकलित तथ्याङ्क तथा सुझावहरुलाई आधार बनाउदै स्थानीय शिक्षा योजना निर्माण निर्देशिकालाई आधार बनाउदै मस्यौदा लेखनका लागि उप समितिका सदस्यहरुको जिम्मेवारी तपशिल बमोजिम बिभाजन गरि आ-आफ्नो जिम्मेवारीको मस्यौदाको ड्राफ्ट निर्माण गरि आउदो उप-समितिको बैठकमा पेसगर्ने निर्णय गरियो।<br>तपशिलः<br>१. बिषय प्रबेश, परिच्छेद एकः परिचय, परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, र परिच्छेद तीनः विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु बियवस्तुको ड्राफ्ट निर्माण - श्री भोजसिंह खड्का<br>२. परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्र र परिच्छेद पाँच सुशासन र व्यवस्थापन बियवस्तुको ड्राफ्ट निर्माण - श्री युवराज काफ्ले<br>३. परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन बियवस्तुको ड्राफ्ट र स्थानीय सरोकारवालाहरुसंग छलफल तथा योजनाका सबै बियवस्तुमा सुझाव संकलन- श्री मनोज कुमार यादव |

## तेस्रो बैठक

<u>मिति २०८२ साल फागुन २६ गते मंगलबार दश बर्षे नगर शिक्षा मस्यौदा लेखन उप-समितिको बैठकका निर्णयहरुः</u>

आज मिति २०८२ साल फागुन २६ गते मंगलबार का दिन बिहान ८:००बजे उप-समितिका संयोजक श्री युवराज काफ्ले ज्यूको अध्यक्षतामा बसेको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थितिः

१. श्री युवराज काफ्ले
२. श्री मनोज कुमार यादव
३. श्री भोजसिंह खड्का

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | नगर शिक्षा योजना निर्माणका लागि तयार पारिएको ड्राफ्टमा छलफल तथा मस्यौसा तयार गर्ने संम्बन्धमा । | दश बर्षे नगर शिक्षा योजना मस्यौदा उप समितिका सदस्यहरुको मिति २०८२ साल माघ ११ गते आइतबार को बैठकले प्रदान गरेको जिम्मेवारी नुसार तयार पारिएका ड्राफ्टमाथी छलफल गरियो र ति ड्राफ्ट को एकिकरण सदस्य श्री भोज सिंह खड्काले गरि संयोजक ज्यू समक्ष पेसगर्ने र सो ड्राफ्ट संयोजकज्यूले आवश्यक सुझाव संकलनका लागि सुझाब संकलन उप समितिमा पेस गर्ने निर्णय गरियो । |

## अनुसूची-३ दश बर्से नगर शिक्षा योजना क्रममा सुझाव संकलन कार्यशालाका सहभागीहरू

आज मिति २०८२ साल चैत्र १० गते मंगलवार तदानुसार २५ मार्च २०२६ बिहान ११:०० बजे यस नगरपालिकाको सरस्वती मा बि ठिल्लाको सभा हलमा नगर प्रमुख तथा नगर शिक्षा समिति का अध्यक्ष श्री कारीराम यादवज्यूको अध्यक्षतामा दश बर्षे नगर शिक्षा योजना २०८२-२०९२ र विद्यालय बाहिर रहेका बालबालिका शिक्षामा मूलप्रवाहिकरण तथा सिकाइ व्यवस्थापन निर्देशिका २०८२ माथिको छलफल तथा सुझाव संकलन कार्यशाल तपसिलको उस्थितिमा सु-सम्पन्न भयो।

तपसिल

| क्र स | नाम थर | पद | संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री कारीराम यादव | नगर प्रमुख | सबैला न पा | (हस्ताक्षर) |
| २ | श्री रहिमा खातुन | नगर उपप्रमुख | सबैला न पा | (हस्ताक्षर) |
| ३ | श्री रामदेव यादव | प्रमुख प्रशासकीय अधिकृत | सबैला न पा | (हस्ताक्षर) |
| ४ | श्री मिथिला साह | वडा अध्यक्ष | सबैलावडा नं -१ | |
| ५ | श्री मुकेश कुमार पुर्वे सुडी | वडा अध्यक्ष | सबैलावडा नं.-२ | (हस्ताक्षर) |
| ६ | श्री ताहिर मिया | वडा अध्यक्ष | सबैलावडा नं.-३ | (हस्ताक्षर) |
| ७ | श्री सत्य नारायण यादव | वडा अध्यक्ष | सबैलावडा नं.-४ | (हस्ताक्षर) |
| ८ | श्री गंगाराम यादव | वडा अध्यक्ष | सबैलावडा नं.-५ | (हस्ताक्षर) |
| ९ | श्री श्रीपुजन यादव | वडा अध्यक्ष | सबैलावडा नं.-६ | |
| १० | श्री रामदेव सहनी मलाह | वडा अध्यक्ष | सबैलावडा नं.-७ | |
| ११ | श्री सेराजुल राईन | वडा अध्यक्ष | सबैलावडा नं.-८ | (हस्ताक्षर) |
| १२ | श्री मनिस कुमार राय | वडा अध्यक्ष | सबैलावडा नं.-९ | (हस्ताक्षर) |
| १३ | श्री राज कुमार साह | वडा अध्यक्ष | सबैलावडा नं.-१० | (हस्ताक्षर) |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री सरोज कुमार यादव | वडा अध्यक्ष | सबैला वडा नं.-११ | |
| १५ | श्री राम नारायण अधिकारी | वडा अध्यक्ष | सबैला वडा नं.-१२ | |
| १५ | श्री देव नारायण महतो | वडा अध्यक्ष | सबैला वडा नं.-१३ | |
| १७ | श्री अनिता देवी यादव | कार्सयपालिका सदस्य | सबैला वडा नं-४ | अनिता |
| १८ | श्री ललिता देवी कापर | कार्सयपालिका सदस्य | सबैला वडा नं-५ | |
| १९ | श्री सकिला खातुन | कार्यपालिका सदस्य | सबैला वडा नं-८ | |
| २० | श्री सिता देवी यादव | कार्यपालिका सदस्य | सबैला वडा नं-९ | सिता |
| २१ | श्री राम देव यादव | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | |
| २२ | श्री लखिचन्द दास | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | |
| २३ | श्री निर्मला परियार | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | |
| २४ | श्री रिन्की कुमारी महरा | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | Rinki |
| २५ | श्री अनिता देवी यादव | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | अनिता |
| २६ | श्री मनोज कुमार यादव | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | |
| २७ | श्री जीत नारायण साह | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | |
| २८ | श्री राम एकवाल नायक | नगर शिक्षा समिति सदस्य | सबैला वडा नं- | |
| २९ | श्री राज कुमार यादव | शिक्षा योजना निर्माण सदस्य | सबैला वडा नं- | |
| ३० | श्री प्रदीप यादव | शिक्षा योजना निर्माण सदस्य | सबैला वडा नं- | |
| ३१ | श्री दिनेश कुमार राय | शिक्षा योजना निर्माण सदस्य | सबैला वडा नं- ८ | |
| ३२ | श्री युवराज काफ्ले | शिक्षा अधिकृत सातौं | सबैला न पा | |
| ३३ | श्री भगवान बाबु यादव | प्रधानाध्यापक | श्री बालकृष्ण | |

| | | | | |
|---|---|---|---|---|
| | | | आधारभूत विद्यालय | |
| ३४ | श्री फेकन साह | प्रधानाध्यापक | श्री आधारभूत विद्यालय | |
| ३५ | श्री ज्ञानुलाल यादव | प्रधानाध्यापक | श्री आधारभूत विद्यालय | |
| ३६ | श्री अजय कुमार यादव | प्रधानाध्यापक | श्री दलित आधारभूत विद्यालय | |
| ३७ | श्री शम्भु कुमार यादव | प्रधानाध्यापक | श्री द्वारिका आधारभूत विद्यालय | |
| ३८ | श्री बैजू कुमार साह | प्रधानाध्यापक | श्री फकीर चन्द गामी माध्यमिक विद्यालय | |
| ३९ | श्री राज कुमार पण्डित | प्रधानाध्यापक | श्री ज्ञान ज्योति आधारभूत विद्यालय | |
| ४० | श्री सत्यनारायण यादव | प्रधानाध्यापक | श्री हनुमान राष्ट्रिय आधारभूत विद्यालय | |
| ४१ | श्री श्यामसुन्द्र यादव | प्रधानाध्यापक | श्री जनता राष्ट्रिय आधारभूत विद्यालय | |
| ४२ | श्री उतिमलाल यादव | प्रधानाध्यापक | श्री जनता राष्ट्रिय आधारभूत विद्यालय | |
| ४३ | श्री महेश्वर प्रसाद यादव | प्रधानाध्यापक | श्री जनता माध्यमिक विद्यालय | |
| ४४ | श्री दिनेश कुमार राय | प्रधानाध्यापक | श्री जनता आधारभूत विद्यालय | |
| ४५ | श्री महेश कुमार महतो | प्रधानाध्यापक | श्री कमलामाई आधारभूत विद्यालय | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | श्री विजय कुमार जयसवाल | प्रधानाध्यापक | श्री मदन आश्रित आधारभूत विद्यालय | |
| ४७ | श्री प्रदीप कुमार यादव | प्रधानाध्यापक | श्री राम जानकी नमुना माध्यमिक विद्यालय | [signature] |
| ४८ | श्री सुरेन्द्र यादव | प्रधानाध्यापक | श्री राम प्रसाद माध्यमिक विद्यालय | [signature] |
| ४९ | श्री नारायण साह | प्रधानाध्यापक | श्री राष्ट्रिय आधारभूत विद्यालय | [signature] |
| ५० | श्री शत्रुधन यादव | प्रधानाध्यापक | श्री राष्ट्रिय आधारभूत विद्यालय | [signature] |
| ५१ | श्री कृष्ण चन्द्र राय | प्रधानाध्यापक | श्री राष्ट्रिय आधारभूत विद्यालय | [signature] |
| ५२ | श्री नन्द किशोर महतो | प्रधानाध्यापक | श्री शहीद शम्भु आधारभूत विद्यालय | [signature] |
| ५३ | श्री धनेश्वर राय | प्रधानाध्यापक | श्री सन्त कबीर राष्ट्रिय आधारभूत विद्यालय | [signature] |
| ५४ | श्री संजिप यादव | प्रधानाध्यापक | श्री सरस्वती राष्ट्रिय आधारभूत विद्यालय | |
| ५५ | श्री रमेश सार्की | प्रधानाध्यापक | श्री सरस्वती माध्यमिक विद्यालय | [signature] |
| ५६ | श्री राम शंकर यादव | प्रधानाध्यापक | श्री माध्यमिक विद्यालय | [signature] |
| ५७ | श्री भोजसिंह खड्का | वरिष्ट प्राविधिक अधिकृय | समर्थ परियोजना | [signature] |
| ५८ | सरोज कुमार यादव | शिक्षक | ज्ञान ज्योति मा. प्र. वि. सिसरपट्टी | [signature] |

| | | | | |
|---|---|---|---|---|
| ५९ | रामसुन्दर यादव | प्रधानाध्यापक | श्री हनुमान मा० वि० नरटोली-६ | [signature] |
| ६० | अताबुल्लाहुसैन | प्र. अ. | अल मदरसा स्तुल इस्लामिया, जरहिया | [signature] |
| ६१ | श्रीप्रसाद यादव | शिक्षक ~~स्रोतव्यक्ति~~ ~~नवरा प्री-नि~~ | नवरा • प्रा • वि • रामरहा | [signature] |
| ६२ | वीरेन्द्र लाल कर्ण | प्रशासन अधिकृत | सबैला नपा | [signature] |
| ६३ | कविता कुमारी | प्र. अ | मदरसा मोहम्मदिया | [signature] |
| ६४ | शोभा सिंह | प्र. अ | मदरसा गुलाते न मदिना | [signature] |
| ६५ | | | | |

निर्णय नं. १- यस कार्याशालामा छलफल गरिएनुसार र प्राप्त सुझावहरुनुसार दुबै दश बर्षे नगर शिक्षा योजना २०८२-२०९२ र विद्यालय बाहिर रहेका बालबालिका शिक्षामा मूलप्रवाहिकरण तथा सिकाइ व्यवस्थापन निर्देशिका २०८२ लाई मस्यौदा लेखन समितिका संयोजक श्री युवराज काफ्लेज्यूले परिमार्जन गरि प्रमाणीकरणका लागि आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

## अनुसूची -४ दश बर्से नगर शिक्षा योजना स्वीकृति सम्बन्धमा भएको कार्यपालिका वैठक निर्णय

आज मिति २०८३।०३।०४ गते बिहीबारका दिन यस नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कारीराम यादव | | |
| २ | नगर उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश कुमार पुर्वे सुडी | | |
| ५ | सदस्य | श्री ताहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिष कुमार राय | | |
| १२ | सदस्य | श्री राज कुमार साह | | |
| १३ | सदस्य | श्री सरोज कुमार यादव | | |
| १४ | सदस्य | श्री राम नारायण अधिकारी | | |
| १५ | सदस्य | श्री देवनारायण महतो | | |
| १६ | सदस्य | श्री बैद्यनाथ महतो सुडी | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनिता देवी यादव | अनिता | |
| १९ | सदस्य | श्री निर्मला परियार | | |
| २० | सदस्य | श्री सिता देवी यादव | सिता | |
| २१ | सदस्य | श्री रिकी कुमारी महरा | | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | | |
| २३ | सदस्य | श्री सकिला खातुन | | |
| २४ | सदस्य सचिव | श्री खिम बहादुर भुजेल | | |

आमन्त्रित

CS Scanned with CamScanner

निर्णयहरू

१. १५ औ अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

आ.व. २०८३।०८४ का लागि सबैला नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुतिका लागि यस नगरपालिकाको नगरसभाको १५ औ अधिवेशन २०८३।०३।१० गते श्री सरस्वती माविको सभाहलमा विहान ११:३० मा खुला सत्र गर्ने निर्णय गरियो ।

२. नगर शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा।

सबैला नगरपालिकाको दस वर्षे नगर शिक्षा योजना (२०८२-२०९२) स्वीकृत गर्ने निर्णय गरियो ।

३. नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान निकासा सम्बन्धमा।

चालु आ.व २०८२।०८३ मा सङ्घीय सशर्त अनुदान अन्तर्गत प्राप्त नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्य सम्पादनमा आधारित अनुदान रकम रु. २० लाख मध्येबाट श्री राम जानकी मा वि कुशमाहा सतोषरमा निजी स्रोतबाट तलब भत्ता व्यवस्थापन गर्ने गरी नियुक्त भएका शिक्षक कर्मचारीको चालु आ.व को तलबभत्ता तथा कक्षाकोठा फर्निचर व्यवस्थापनका लागि विद्यालयबाट खर्च लेखाङ्कन गर्न उक्त विद्यालयलाई कार्य सम्पादनका आधारमा अधिकतम रकम रु. २० लाख अनुदान उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. अवलोकन भ्रमण स्वीकृति सम्बन्धमा।

यस नगरपालिकाको चालु आ.व २०८२/०८३ मा शिक्षातर्फ विनियोजित कार्यक्रम नमूना सामुदायिक **विद्यालयहरुको अध्ययन अवलोकन भ्रमण** शीर्षकमा विनियोजित रकमबाट यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको (पाँच) दिनको अवलोकन भ्रमणका लागि स्वीकृति दिने निर्णय गरियो।

५. राजस्व परामर्श समितिको मिति २०८३/२/१२ गतेको निर्णय नं. १ बाट सिफारिस भै आएको निर्णय अनुसार जिर्ण अवस्थामा रहेको पोखरीहरुलाई मौजुदा स्थितिमै ठेक्का लगाई निज ठेकेदारहरुबाटै पोखरी सरसफाई तथा पोखरी खनी डिल मर्मत गरे बापत थप एक वर्ष निशुल्क म्याद थप गरिदिने निर्णयलाई यस बैठकबाट अनुमोदन गरी ठेक्का प्रकृया अगाडि बढाउन निर्देश सहितको निर्णय गरियो ।

६. आ .व.२०८३/०८४ का लागी ११ नं. वडा कार्यालय सबैला न पा बाट संघिय शहरी विकास तथा भवन निर्माण र भौतिक पुर्वाधार मन्त्रालय संग मिति २०८२।१२।२४ मा दर्ता गरिएको योजना माग सूचिमा योजना प्रविस्ट गरिएका र थप तपसिलका योजनाहरु अगामी आ .व. मा कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner